नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार काठमण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः२०७५/७६

चलानी नं. : ९६४

मिति : २०७५।०७।१५

श्री महानगरपालिका, सबै ।

श्री उप-महानगरपालिका, सबै ।

श्री नगरपालिका, सबै ।

श्री गाउँपालिका, सबै ।

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ९, मिति २०७५/०७/१२ गतेको पत्रबाट स्थानीय तहमा सञ्चालित प्रारम्भिक बालविकासका कार्यक्रमलाई निरन्तरता दिन, गुणस्तरीयता अभिबृद्धि गर्न एवं प्रभावकारिता सुनिश्चित गर्न सहयोग पुऱ्याउने अभिप्रायले प्रारम्भिक बालविकास समाज नेपालको अग्रसरतामा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र युनिसेफ नेपालको प्राविधिक सहकार्यमा स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि स्रोत पुस्तिका तयार भएकोमा उक्त पुस्तिकालाई ७५३ वटै तहहरुमा पुऱ्याउन यस मन्त्रालयमा अनुरोध भई आएकोले प्राप्त पुस्तिका यसै साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

...........

केशवराज पाधे

शाखा अधिकृत

**बोधार्थः**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः softcopy website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि

## स्रोत पुस्तिका



**सर्वाधिकार ©**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**सल्लाहकार समिति :**
श्री दिपक शर्मा, सहसचिव, शिक्षा तथा मानव स्रोत विकास केन्द्र
श्री केशव दाहाल, सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
श्री डिलाराम पन्थी, उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
श्री महेश पाण्डे, उपसचिव, स्वास्थ्य मन्त्रालय
श्री हरिप्रसाद खनाल, उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
श्री उत्तर पराजुली, प्रमुख, प्रारम्भिक बालविकास शाखा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र
डा. दिपु शाक्य, प्रारम्भिक बालविकास विशेषज्ञ, युनिसेफ, नेपाल

**प्रकाशक तथा प्राविधिक सहयोग :**
संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ, नेपाल)
प्रारम्भिक बालविकास समाज नेपाल

**लेखकहरु :**
प्रा. डा. किशोर श्रेष्ठ
डा. मीनाक्षी दाहाल

**भाषा सम्पादन :**
प्रा. सोमनाथ घिमिरे
श्री रुद्र भट्टराई

**चित्राङ्कन तथा लेआउट डिजाइन :**
श्री राजु शाक्य (शारब)

**प्रशासकिय सहयोग :**
श्री उपेन्द्र प्रधान
श्री रितु बैदार श्रेष्ठ

**प्रकाशन :**
पहिलो संस्करण : वि.स. २०७५ असोज (September, 2018)

**मुद्रण प्रति** : ३००० प्रति

**चित्र तथा तस्विर :**
यस पुस्तिकामा राखिएको स्रोत तथा तस्विरहरु विभिन्न सरोकार निकायहरु तथा वेभसाइटको सहयोगबाट प्राप्त गरिएको छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति : २०७५/०५/०८



## मन्तव्य

प्रारम्भिक बालविकास सेवाले बालबालिकाको बाँच्न पाउने, सुरक्षित हुन पाउने, विकास गर्न पाउने र सहभागिताको अधिकार सुनिश्चित गर्नुका साथै बालबालिकाको सिकाइ, स्वास्थ्य र जीवनमा सकारात्मक प्रभाव पार्ने कुरा कतिपय अध्ययन अनुसन्धानहरूले देखाएका छन्। गुणस्तरीय प्रारम्भिक बालविकासले बालबालिकाका साथै परिवार, समुदाय र राष्ट्रकै विकासमा सकारात्मक प्रभाव पार्ने कुरा पनि निर्विवाद छ।

प्रारम्भिक बालविकासको उमेरमा बालबालिकाहरूको शारीरिक एवम् मानसिक विकास तीव्र गतिमा हुने र यस अवस्थामा बालबालिकाले आवश्यक शिक्षा, स्वास्थ्य, पोषण एवम् सुरक्षाको अवसर पाएको खण्डमा उनीहरूको भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि हुन्छ। प्रारम्भिक अवस्थाका बालबालिकाको सर्वाङ्गीण विकासले राष्ट्रका लागि आवश्यक अनुशासित, कर्तव्यनिष्ठ र दक्ष नागरिक निमार्णमा महत्त्वपूर्ण योगदान हुने कुरा निश्चित छ। तर यस विपरीत प्रारम्भिक बाल्यावस्थामा बालबालिकाले आवश्यक स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षाको सेवा नपाएको खण्डमा उनीहरूको स्वास्थ्य, सिकाइ र व्यवहारमा नकारात्मक प्रभाव पार्न सक्दछ। त्यसैले नेपालको संविधानको धारा ३९ मा नेपालका प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा सहभागिताको हकको व्यवस्था गरेको छ। अत: नेपालका सम्पूर्ण बालबालिकाहरूको प्रारम्भिक बालविकास एवम् सहभागिताको हक सुनिश्चित गर्न स्थानीय तह लगायत सरकारका सबै तहहरूले प्रारम्भिक बालविकासका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गर्नु अनिवार्य भएको छ।

यसै परिप्रेक्ष्यमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तत्कालीन शिक्षा विभाग हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले युनिसेफ नेपाल र प्रारम्भिक बालविकास समाज नेपालको सहयोगमा प्रारम्भिक बालविकास स्रोत पुस्तिका तयार गरिएको छ। यस पुस्तिकाले स्थानीय तहका पदाधिकारीहरू एवम् अन्य सरोकारवालाहरूलाई प्रारम्भिक बालविकाससम्बन्धी अवधारणा स्पष्ट पार्नुका साथै स्थानीय तहमा बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन, सञ्चालन, अनुगमन र मूल्याङ्कन गर्न मद्दत पुग्ने आशा गरिएको छ।

२०७५/०५/०८

(खगराज बराल)
सचिव (शिक्षा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौं ।
फोन नं: ०१-४२००५११

प सं:
च नं:



## मन्तव्य

व्यक्तिको व्यक्तित्व निर्माणमा प्रारम्भिक बाल विकासको महत्वपूर्ण भूमिका हुने गर्दछ । विकासका अन्य क्षेत्रमा गरेको लगानीको तुलनामा बालबालिकाको क्षेत्रमा गरेको लगानीको प्रतिफल उच्च हुने गरेको विभिन्न अध्ययनहरुले पुष्टी गरिसकेका छन् । यसै विषयलाई आत्मसात गरी नेपालले प्रारम्भिक बाल विकासलाई नेपालको संविधानको मौलिक हकमा नै स्थापित गरेको छ भने नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रारम्भिक बाल विकासलाई स्थानीय सरकारको कार्य जिम्मेवारी भित्र राखेको छ । स्थानीय तहको वार्षिक, आवधिक तथा रणनैतिक योजनामा प्रारम्भिक बाल विकासलाई समायोजन गर्न यस सम्बन्धी आधारभूत जानकारी स्थानीय तहमा हुनु आवश्यक रहेकोछ ।

स्थानीय तहका पदाधिकारी, कर्मचारी तथा सम्बन्धित सरोकारवालाहरुलाई प्रारम्भिक बाल विकासको विषयमा स्पष्टता ल्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहकार्यमा ***स्थानीय तहमा प्रारम्भिक बालविकासका लागि स्रोत पुस्तिका*** तयार गरी प्रकाशनमा ल्याइएको छ । प्रस्तुत पुस्तिकाले यस विषयका सरोकारवालाहरुलाई प्रारम्भिक बालविकासको बारेमा सैद्धान्तिक जानकारी उपलब्ध गराई समान धारणाको विकास गर्न र स्थानीय तहका योजनामा प्राथमिकतासाथ समावेश गर्न सहयोग पुग्ने देखिन्छ । साथै, नेपाल सरकारको बालमैत्री स्थानीय तह घोषणा गर्ने रणनीति कार्यान्वयनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु ।

सामाजिक, साँस्कृतिक तथा पूर्वाधार विकासका हरेक क्षेत्रमा प्रारम्भिक बाल विकासको अवधारणालाई आत्मसात गर्न सकेमा मात्र सक्षम, प्रतिस्पर्धी र गुणस्तरीय जनशक्ति विकास गर्ने नेपाल सरकारको लक्ष पूरा गर्न सकिन्छ । त्यसैले यस पुस्तिकाको उपयोग गरी प्रारम्भिक बाल विकासमा लगानी सुनिश्चित गर्न र बालमैत्री राष्ट्र निर्माणको महान अभियानमा सक्रियतापूर्वक सहभागी हुन सबै स्थानीय तहलाई अनुरोध गर्दछु । अन्तमा, यो स्रोत सामग्रीको तयारीमा महत्वपूर्ण सहयोग गर्नु हुने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, युनिसेफ नेपाल र प्रारम्भिक बाल विकास समाज नेपालका प्रतिनिधि सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**मिति :२०७५।०६।१५**

............................
दिनेश कुमार थपलिया
सचिव

# पृष्ठभूमि

प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्त्वपूर्ण प्रभाव पार्दछ। शिशुलाई गर्भावस्थादेखि नै आवश्यक सेवाहरू उपलब्ध गराउन सकेमा बालबालिकाको बाँच्न पाउने, विकास हुन पाउने, सुरक्षित हुन पाउने र सहभागी हुनपाउने अधिकारको सुनिश्चित गर्न सकिन्छ। त्यसैले बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई नेपालले सन् १९९० मा नै अनुमोदन गरिसकेको हो ।

नेपालमा बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरूको शारीरिक, सामाजिक, भाषिक, संवेगात्मक र बौद्धिक विकासका लागि समयानाकूल कानुनी व्यवस्था पनि गरिँदै आएको छ। नेपालको संविधान, २०७२ ले नेपालका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक प्रदान गरेको छ।

संविधानले प्रदान गरेको बालबालिकाहरूको अधिकारलाई सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नयाँ सिराबाट गर्भावस्थादेखि ५ वर्ष उमेर समूहका सबै बालबालिकाहरूको शारीरिक, सामाजिक, भाषिक, संवेगात्मक र बौद्धिक विकास गर्न आवश्यक नीति, योजना र कार्यक्रमहरू निर्माण एवम् कार्यान्वयन गर्नु आजको प्रमुख दायित्व हो।

परिवर्तित वर्तमान सन्दर्भमा प्रदेश एवम् स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी स्थानीय आवश्यकतालाई ध्यान दिई नीतिहरू निर्माण गरी स्थानीय तहमै सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गरी सोको व्यवस्थापन, अनुगमन र मूल्याङ्कन स्थानीय तहमै गर्न पाउने परिस्थितिको सिर्जना निश्चय नै एउटा ठूलो अवसर हो। यो अवसरलाई व्यवहारमा लागु गर्ने कार्यमा केही चुनौतीहरू पनि रहेका छन्।

यस स्रोत पुस्तिकाले प्रारम्भिक बालविकाससम्बन्धी अवधारणामा स्पष्टता ल्याई संभावित चुनौतीहरूलाई अवसरका रूपमा परिणत गर्न मदत पुऱ्याउने आशा लिइएको छ ।

# विषय सूची

**परिच्छेद १ः परिचय** ७

१.१ प्रारम्भिक बालविकासको परिभाषा ७

१.२ प्रारम्भिक बालविकासको महत्त्व ७

१.३ स्रोत पुस्तिकाको लक्ष्य/आवश्यकता १०

१.४ स्रोत पुस्तिकाको सङ्गठन र प्रयोग ११

**परिच्छेद २ः प्रारम्भिक बालविकासको सैद्धान्तिक आधारहरू** १२

२.१ जीवनको पहिलो ८ वर्ष महत्त्वपूर्ण हुन्छ र यो जीवनपर्यन्त रहन्छ १२

२.२ बालविकास बहुआयामिक हुन्छ १३

२.३ बालबालिकाको विकास तथा सिकाइ उनीहरूको आफ्नै गतिमा हुन्छ १४

२.४ मातृभाषाको माध्यमबाट सिकाइ सबभन्दा उत्तम हो १५

२.५ सिकाइ एवम् विकासका लागि खेल सबभन्दा उत्तम विधि हो १७

२.६ बालबालिकाले आफ्नो नजिकको वातावरणसँगको अन्तरक्रिया र अन्य व्यक्तिको अनुकरण गर्दै सिक्दछन् १८

२.७ बालबालिकालाई सहजरूपमा विद्यालयमा समायोजनहुन पूर्वतयारी गराउनु पर्दछ १९

२.८ बालबालिकाहरूको विकास र सिकाइमा सहयोग पुऱ्याउन वयस्क (अभिभावक, शिक्षक तथा सहजकर्ता) को महत्त्वपूर्ण भूमिका हुन्छ २१

**परिच्छेद ३ः नेपालमा हाल उपलब्ध प्रारम्भिक बालविकाससम्बन्धी नीति तथा योजनाहरू** २४

३.१ नेपालको संविधान २४

३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ २५

३.३ शिक्षा ऐन आठौं संशोधन २७

३.४ अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ २७

३.५ चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) २८

३.६ विद्यालय क्षेत्र विकास योजना (२०१६–२०२३) २९

३.७ बहुक्षेत्रीय पोषण योजना ३०

३.८ नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी रणनीति पत्र, २०६१ ३२

३.९ बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०७४ ३३

**परिच्छेद ४ : प्रारम्भिक बालविकास कार्यक्रमको सञ्चालनमा स्थानीय तहको भूमिका ३४**

४.१ नीति निर्माण ३४

४.२ योजना तर्जुमा ३४

४.३ योजना अनुरुपको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन प्रकिया ३८

४.४ अनुगमन ४०

४.५ मूल्याङ्कन ४१

**परिच्छेद ५ : स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयन ४३**

५.१ उमेर अनुरुपका प्रारम्भिक बालविकासका कार्यक्रमहरू ४३

५.२ घरमा आधारित कार्यक्रमहरू ४६

५.३ केन्द्रमा आधारित कार्यक्रमहरू ४८

५.४ अभिभावक शिक्षा (सबै उमेर समूहका बालबालिकाको लागि) ५३

५.५ प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने विषयहरू ५५

**परिच्छेद ६ : अनुसूची ६०**

अनुसूची १ : प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको न्यूनतम मापदण्ड ६०

अनुसूची २ : प्रारम्भिक बाल उमेर समूहमा दिइनुपर्ने खोपहरू ७१

**परिच्छेद ७ : सन्दर्भ सामग्रीहरूको सूची ७२**

परिच्छेद
१

# परिचय

## १.१ प्रारम्भिक बालविकासको परिभाषा

प्रारम्भिक बालविकास भन्नाले गर्भावस्थादेखि ८ वर्ष उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण (शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक) विकास प्रक्रियालाई बुझाउँदछ। नेपालमा हाल गर्भावस्थादेखि ५ वर्षसम्मको उमेर समूहलाई प्रारम्भिक बालविकासको उमेर मानिने गरिएकोछ। प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले बालबालिकाको सर्वाङ्गीण विकासका लागि तर्जुमा गरिएको बालबालिका, अभिभावक तथा बालबालिकासँग प्रत्यक्ष काम गर्ने (हेरालु, सहयोगी तथा शिक्षक) सहयोगी कार्यकर्ताहरूका लागि निर्माण गरिएका नीति एवम् सबै किसिमका कार्यक्रमहरूलाई जनाउँदछ। यसको लक्ष्य बालबालिकाको अधिकारलाई सुनिश्चित गरी उनीहरूको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक क्षमताहरूको पूर्ण विकास गर्नु हो।

**नेपालमा प्रारम्भिक बालविकास भन्नाले गर्भावस्थादेखि ५ वर्षसम्मका बालबालिकाको लागि दिइने स्वास्थ्य, पोषण, सुरक्षा र सिकाइसम्बन्धी प्रदान गरिने सबै सेवाहरू पर्दछन्।**

## १.२ प्रारम्भिक बालविकासको महत्त्व

प्रारम्भिक बाल्यावस्था बालबालिकाको वृद्धि र विकासका लागि अति नै महत्त्वपूर्ण समय हो। यो उमेर गर्भावस्थादेखि ५ वर्षसम्मको उमेर हो। गर्भावस्थामा हुँदा शिशु पूर्णतः आमाको हरेक क्रियाकलापसँग सम्बन्धित हुन्छ र आमाको खानपिन, स्वास्थ्य, पोषण र मनोभावनाले शिशुको वृद्धि र विकासमा असर पुऱ्याएको हुन्छ। यसको प्रभाव जन्मपछि पनि कायम रहन्छ। यस समयमा बालबालिकाको मस्तिष्क अति नै तीव्ररूपमा निर्माण हुने भएकाले मस्तिष्क विकास र स्नायु विज्ञानका तथ्यहरूबाट पनि प्रारम्भिक बालविकासको महत्त्वलाई पुष्टि गर्दछ।

**प्रारम्भिक बालविकास सेवा सबै बालबालिकाहरूलाई पुऱ्याउनु आवश्यक छ किनकि :**


- **तीन वर्षको उमेरसम्ममा बालबालिकाको दिमाग वयस्कको भन्दा दुई गुणाबढी क्रियाशील हुन्छ र यस उमेरसम्ममा मस्तिष्कको तौल ८७ प्रतिशत भैसकेको हुन्छ।**
- **यस उमेरमा बालबालिकाको मस्तिष्क तीव्र गतिमा निर्माण भैरहेको हुन्छ।**
- **प्रारम्भिक उमेरमा बालबालिकाले पाउने पोषण, स्वास्थ्य, सुरक्षा र उत्प्रेरणामूलक वातावरण र सिकाइका अवसरहरूले बालबालिकाको मस्तिष्क विकासमा सकारात्मक प्रभाव पार्दछ।**

### १.२.१ मस्तिष्क विकास र स्नायु विज्ञानका तथ्यहरू


स्नायु विज्ञानमा भएका विभिन्न अध्ययन तथा अनुसन्धानहरूले जीवनको सुरुवाती वर्षमा (५ वर्षसम्म) मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा भएको हुन्छ भन्ने कुरा प्रष्ट्याएको पाइन्छ। यस समयमा कलिला मानव मस्तिष्कको कोषिका (न्यूरोन) हरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ

## मनोसामाजिक स्याहार तथा प्रारम्भिक उत्प्रेरणाले मस्तिष्क विकासमा गहिरो प्रभाव

**साधारण स्वस्थ, हेरचाह पाएका बालबालिकाको मस्तिष्क विकास**




**मनोसामाजिक हेरचाह भएका अनाथालयमा हुर्केका बालबालिकाको मस्तिष्कको विकास**




सम्पर्क स्थापित गरिरहेका हुन्छन्। यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्दछ। यी वैज्ञानिक तथ्यले सबै कलिला बालबालिका विशेष गरी विषम परिस्थितिमा रहेका तथा कठिनाइ सामना गरिरहेका बालबालिकाका लागि रेखदेख, राम्रो स्वास्थ्य, पोषण र प्रोत्साहनको महत्त्वलाई उजागर गर्दछ।

जीवनको प्रारम्भिक समयमा बालबालिकाको मस्तिष्कले आवश्यक पोषण, उत्प्रेरणा र सकारात्मक सहयोग नपाएको अवस्थामा आउने परिणामलाई जीवनका पछिल्ला चरणमा सही र उपयुक्त प्रावधानको व्यवस्था गर्नुपर्ने प्रयत्नको मात्रा अत्यन्त ठूलो हुनजान्छ। यसले गर्दा पछि गएर बालबालिकाको मष्तिस्क निर्माण र सोबाट अधिकतम नतिजा हासिल गर्न प्रायः असम्भव नै देखिन्छ। प्रारम्भिक बालविकासका अनुभवहरूको गुणस्तरले बाल्यकाल र किशोर अवस्थाभरि मस्तिष्क विकासको जग बनाउँछ।

जीवनका प्रारम्भिक वर्षहरूको पालन पोषण र हेरचाहले बालबालिकाको जीवनभरि मस्तिष्कका क्रियाकलापहरूलाई प्रभाव पार्दछ। साथै यसले भावी पुस्ताहरूलाई समेत असर गर्न सक्दछ। प्रारम्भिक बाल्यकालको सिकाइ जीवनभर रहन्छ। यो अवस्थाको सिकाइ असाध्यै फलदायी हुन्छ। त्यसैले ६ वर्षको उमेरसम्ममा बालबालिकाको मस्तिष्क सञ्जाल र मार्गको आधार स्थापित भइसक्छ।[१]

प्रारम्भिक बाल्यावस्थामा हुने कुनै पनि प्रकारका तनाव एवम् हिंसा, शोषण र हेलाले जीवनभरि प्रभाव पर्दछ। एउटा शिशु वा कलिलो बालक/बालिकाले गहिरो, पुरानो र प्रायः धेरै कठिनाइपूर्ण हिंसा, शोषण, हेला वा लामो भोक अनुभव गर्छ/गर्छिन् भने, त्यतिबेला मस्तिष्कमा हानिकारक रसायन उत्पादन हुन्छ जसले तनाव महशुस गराउँदछ। यसले मस्तिष्कका कोषहरूको विस्तारलाई सीमित गर्दै स्वास्थ्य, सिकाइ र व्यवहारमा नकारात्मक प्रभाव पार्दछ र बालबालिकाको मस्तिष्क विकासका प्रक्रियामा समेत बाधा उत्पन्न हुन्छ। तीन वर्षको उमेरमा एउटा बच्चाको दिमाग

१ युनिसेफ, २०१६

वयस्कको दिमागभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ[२] भने मस्तिष्कको ८७ प्रतिशत तौल (११०० ग्राम) तीन वर्षको उमेरसम्ममा हासिल भएको हुन्छ।[३]

बालबालिकाको पहिलो पाँच वर्षको उमेर सबैभन्दा महत्त्वपूर्ण हुन्छ। यस अवस्थामा हुने विकासले बालबालिकाको जीवनभरि प्रभाव पार्न सक्दछ। पोषिलो खाना, स्वस्थ्य शरीर, उत्प्रेरणामूलक वातावरण र शारीरिक व्यायाम मस्तिष्क विकासका लागि अति आवश्यक हुन्छ। मस्तिष्क विकासका लागि मस्तिष्क नै धेरै सञ्चालन र प्रयोग हुन जरुरी छ। बालबालिकाहरू मस्तिष्क विकास र सिकाइका दृष्टिकोणबाट संवेदनशील हुन्छन्।

स्नायु विज्ञानका अनुसार बालविकासका लागि बालबालिकाको पहिलो पाँच वर्षको उमेर सबैभन्दा संवेदनशील र जीवनभरिका लागि महत्त्वपूर्ण हुन्छ। बालबालिकाले खाने पोषिलो खाना, उनीहरूको शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक हुन्छ । यस उमेरमा पाउने सकारात्मक वातावरणले बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसरहरू प्राप्त भैरहेको हुन्छ। बालबालिकाले पाउने यस्ता उत्प्रेरणामूलक वातावरणले उनीहरूको सुस्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि हुन्छ। प्रारम्भिक उमेरमा बालबालिकाको समग्र विकासका लागि लगानी गरिएमा त्यसको प्रतिफल धेरै गुणा बढी आउने कुरा विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भैसकेको छ। यसर्थ प्रारम्भिक बालविकासको उमेर अत्यन्तै संवेदनशील र महत्त्वपूर्ण छ।

### १.२.२ सामाजिक न्यायको दृष्टिकोण

सामाजिक असमता जीवनको सुरुवाती दिनहरूबाट नै सुरु हुन्छ। प्रारम्भिक बालविकासका कार्यक्रमले समाजमा रहेका विभेद (लैङ्गिक, सामाजिक, आर्थिक) हरूमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ। यस्ता कार्यक्रमले समुदायका सदस्यहरूलाई एउटै समूहमा आबद्ध गरी बालबालिकाको लागि कार्य गर्न प्रोत्साहित गर्दछ। प्रारम्भिक बालविकासको आवश्यकता र उपयोग जोखिममा रहेका र पछाडि परेका बालबालिकाका लागि यस्तो कार्यक्रम सबैभन्दा बढी प्रभावकारी हुन्छ। त्यसैले सबैभन्दा पछाडि परेका र जोखिममा रहेका बालबालिकाको जीवनमा परिवर्तन ल्याउन उनीहरूलाई जीवनको सुरुवातदेखि नै गुणस्तरीय प्रारम्भिक बालविकासका सेवाहरू उपलब्ध गराउनु पर्दछ।

आधारभूत सेवाबाट लाभान्वित र वञ्चित परिवारका बालबालिकाहरूका बीचमा जीवनको सुरुवातदेखि नै विभेद सुरु हुन्छ। निरक्षर अभिभावकहरूका बालबालिकाहरूको तुलनामा माध्यमिक शिक्षा उत्तीर्ण गरेका अभिभावकहरूका बालबालिकाहरूको शब्द भण्डार दुईदेखि तीन गुणासम्म बढी भएको पाइन्छ। त्यसैले कम आयस्रोत तथा शैक्षिक पृष्ठभूमि न्यून रहेका परिवारका बालबालिकाहरूलाई अन्य बालबालिका सरह सिकाइ र विकास गर्ने अवसर प्रदान गर्न प्रारम्भिक बालविकास कार्यक्रमको आवश्यकता पर्दछ। यो नै यस्तो सामाजिक विभेद हटाउने एउटा प्रभावकारी माध्यम हो।[४]

२ Brotherson, S. (2009).

३ Dekaban, A., S. (1978).

४ Center on the Developing Child, Harvard University. (ND).

### १.२.३ बालअधिकारको सुनिश्चितता

सबै बालबालिकाहरूको बाँच्न पाउने र पूर्ण क्षमताको विकास गर्न पाउने अधिकार हुन्छ। प्रारम्भिक बालविकास कार्यक्रम बालअधिकार सुनिश्चित गर्ने एउटा महत्त्वपूर्ण पक्ष हो। प्रारम्भिक बालविकासका कार्यक्रमले बालबालिकामा कुनै पनि भेदभाव नगरी उनीहरूको बाँच्न पाउने, विकास गर्न पाउने, सुरक्षित हुन पाउने र सहभागी हुन पाउने अधिकारलाई[५] सुनिश्चित गर्दछ।

### १.२.४ आर्थिक दृष्टिकोण

आर्थिक दृष्टिकोणबाट प्रारम्भिक बालविकासमा गरिएको लगानीको प्रतिफल उच्च भएको पाइएको छ। ठूला बालबालिकाको शिक्षा र तालिममा गरिने लगानीको भन्दा धेरै प्रतिफल पूर्वबाल्यावस्थामा लगानी गर्दा प्राप्त हुने अध्ययनहरूबाट प्रमाणित भएको छ।[६] कतिपय राष्ट्रहरूले त प्रारम्भिक बालविकासका लागि गरिएको लगानीको सातदेखि नौ गुणासम्म प्रतिफल प्राप्त गरेको बताएका छन्। प्रारम्भिक बालविकास कार्यक्रममा १ डलर खर्च गरेमा १६ डलर बराबरको प्रतिफल आउँछ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको छ। यसमा पनि प्रारम्भिक बालविकासको प्रतिफल कम आयस्रोत भएका सीमान्तकृत आधारभूत सेवाबाट वञ्चित भएका बालबालिकाहरूमा बढी भएको पाइएको छ। दीर्घकालीन विकास हासिल गर्न प्रारम्भिक बालविकास लक्षित सवालहरूमा लगानी गर्नु सबैभन्दा फाइदाजनक छ भन्ने पुष्टि भैसकेको छ।

प्रारम्भिक अवस्थामा भएको बालबालिकाहरूको सिकाइ, स्वास्थ्य र व्यवहारले भावी जीवनमा पनि सकारात्मक प्रभाव पार्दछ। प्रारम्भिक बालविकासले बालबालिकाहरूका साथै परिवार, समुदाय र राष्ट्रकै विकासमा सकारात्मक प्रभाव पार्न सक्दछ।

उपरोक्त बुदाँहरूबाट पनि यो स्पष्ट हुन्छ कि प्रारम्भिक बालविकास कार्यक्रम समग्र राष्ट्र विकासका लागि एउटा महत्त्वपूर्ण आवश्यकता हो।

## १.३ स्रोत पुस्तिकाको लक्ष्य/आवश्यकता

नेपालको वर्तमान अवस्थामा भएको राजनीतिक एवम् प्रशासनिक रूपान्तरणले प्रारम्भिक बालविकासको नीति निर्माण, व्यवस्थापन, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार एवम् जिम्मेवारी स्थानीय तहहरूमा प्रत्यायोजन गरेको छ। यस अवस्थामा स्थानीय तहका सबै पदाधिकारीहरूले प्रारम्भिक बालविकास भनेको के हो ? यसको के महत्त्व छ ? यसमा किन लगानी गर्नुपर्दछ ? योसँग सम्बन्धित नीति, नियम, योजना र कार्यक्रमहरू किन र कसरी निर्माण गर्नुपर्दछ ? र कार्यक्रमहरू स्थानीय तहमा बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि किन र कसरी एकीकृत रूपमा सञ्चालन गर्नुपर्दछ भन्ने सम्बन्धमा यो पुस्तिकामा उल्लेख गरिएको छ।

यस स्रोत पुस्तिकाले प्रारम्भिक बालविकाससम्बन्धी अवधारणा स्पष्ट पार्नुका साथै स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी नीति निर्माण, कार्यक्रमको व्यवस्थापन एवम् सञ्चालनमा सहयोग पुग्ने लक्ष्य लिएको छ।

---

५ United Nations, 1989

६ Heckman, 2000

यो स्रोत पुस्तिका प्रकाशनको प्रमुख उद्देश्य नेपालको सङ्घीय व्यवस्थामा स्थानीय तहहरूलाई संविधान अनुसार प्रदान गरिएको प्रारम्भिक बालविकाससम्बन्धी हक, अधिकार र जिम्मेवारीहरू बहन गर्न सहज बनाउनु हो।

यस स्रोत पुस्तिकाबाट प्रारम्भिक बालविकाससँग सम्बन्धित स्थानीय तह (गाउँपालिका, नगरपालिका, वडा एवम् सम्बन्धित सरोकारवालाहरू) लाई प्रारम्भिक बालविकाससम्बन्धी नीति एवम् योजना निर्माण र कार्यक्रम सञ्चालन गर्नमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.४ स्रोत पुस्तिकाको सङ्गठन र प्रयोग

यो पुस्तिकालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### १.४.१ यो स्रोत पुस्तिका कसरी सङगठित/व्यवस्थित गरिएको छ ?

यो स्रोत पुस्तिका प्रारम्भिक बालविकाससम्बन्धी अवधारणा, सिद्धान्तहरू र प्रारम्भिक बालविकासका विधिहरूको विश्लेषण गरी तयार गरिएको छ। स्थानीय तहका पदाधिकारीहरूले प्रारम्भिक बालविकासको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सहयोगी स्रोत सामग्रीका रूपमा प्रयोग गर्नका लागि ध्यान दिनुपर्ने कुराहरू यसमा समावेश गरिएका छन्। यस्तैगरी, हाल नेपालमा लागु भएको प्रारम्भिक बालविकाससम्बन्धी नीति, योजना एवम् कार्यक्रमहरूको पनि यसमा चर्चा गरिएको छ।

यसमा नेपालको प्रारम्भिक बालविकासको वर्तमान स्थितिलाई पनि उल्लेख गरिएको छ। यसैगरी स्थानीय तहहरूलाई नेपालको संविधानले तय गरेका नीति एवम् योजनाहरूद्वारा निर्दिष्ट अधिकार एवम् जिम्मेवारीहरू पनि यस पुस्तिकामा उल्लेख गरिएका छन्।

### १.४.२ यो स्रोत पुस्तिका कसका लागि हो ?

यो स्रोत पुस्तिका प्रारम्भिक बालविकाससँग सम्बन्धित सबै सरोकारवाला निकाय एवम् व्यक्तिहरूलाई सहयोगी हुने अपेक्षा गरिन्छ। विशेषतः यस पुस्तिकाबाट स्थानीय तहका पदाधिकारीहरू (जस्तै : गाउँपालिका, नगरपालिका र वडाका पदाधिकारीहरू र ती तहमा प्रारम्भिक बालविकासका क्षेत्रमा कामगर्ने पदाधिकारीहरू समेत) लाई प्रत्यक्ष सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### १.४.३ यो स्रोत पुस्तिका कुन कुन समयमा प्रयोग गर्नुपर्दछ ?

यो स्रोत पुस्तिका प्रारम्भिक बालविकाससम्बन्धी जानकारी र वर्तमान स्थितिको विश्लेषण एवम् भावी कार्यनीतिहरूको सम्बन्धमा चासो राख्ने जो कोहीलाई उपयुक्त हुनेछ। विशेषगरी यो पुस्तिका निम्न अवस्थाहरूमा प्रयोग गर्नु उपयुक्त हुन्छ :

- स्थानीय तहमा प्रारम्भिक बालविकाससँगसम्बन्धी नीतिहरू निर्माण गर्दा,
- स्थानीय तह (नगरपालिका, गाउँपालिका) को वार्षिक कार्यक्रम एवम् बजेट निर्माण गर्दा,
- स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी योजना तर्जुमा गर्दा,
- स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गर्दा,
- स्थानीय तहमा कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन गर्दा।

# परिच्छेद २ प्रारम्भिक बालविकासको सैद्धान्तिक आधारहरू

अनुसन्धानहरूबाट यो प्रमाणित भैसकेको छ कि जीवनको पहिलो ८ वर्ष बालबालिकाको सर्वाङ्गीण विकासका लागि अति नै महत्वपूर्ण र संवेदनशील हुन्छ।[७] तसर्थ बालबालिकालाई उनीहरूको विकासका लागि उपयुक्त वातावरण प्रदान गर्न अथक प्रयास र प्रतिबद्धताको आवश्यकता पर्दछ। प्रारम्भिक बालविकास कार्यक्रम यसका लागि सबैभन्दा उपयुक्त माध्यम हो। प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको प्रारम्भिक शिक्षा र उत्प्रेरणा मात्र नभएर स्वास्थ्य, पोषण, सरसफाइ जस्ता समग्र कार्यक्रमलाई समेट्दछ।[८]

प्रारम्भिक बालविकाससम्बन्धी प्रमुख सिद्धान्तहरू निम्नानुसार छन् :

## २.१ जीवनको पहिलो ५ वर्ष महत्वपूर्ण हुन्छ र यो जीवनपर्यन्त रहन्छ

प्रारम्भिक बाल्यावस्थाको उमेर बालबालिकाको वृद्धि र विकासका लागि अति नै महत्वपूर्ण समय हो। यो उमेर भनेको गर्भावस्थादेखि ५ वर्षसम्मको उमेर हो। गर्भावस्थामा हुँदा शिशु पूर्णतः आमाको हरेक क्रियाकलापसँग सम्बन्धित भएको हुन्छ र आमाको खानपिन, स्वास्थ्य र पोषणले असर गरेका हुन्छन्। यो प्रभाव जन्मपछि पनि निरन्तर कायम रहन्छ। बालबालिकाको मृत्युदर र अपाङ्गता कम गर्नका लागि खोप, एकीकृत बालरोग व्यवस्थापन तथा पोषणलाई विशेष ध्यान दिनु जरुरी छ।


बालबालिकाले पाएको अनुभव, स्याहार तथा उत्प्रेरणाले उनीहरूको जीवनको जग बसाउन तथा स्वास्थ्य, पोषण, वृद्धि, सिकाइ, सोच, कारण देखाउने क्षमता तथा उनीहरूको अरू बालबालिका र वयस्कसँगको सम्बन्ध जस्ता जग/आधार तय गर्दछ। बालविकास बालबालिकाको नैसर्गिक अधिकार हो। तसर्थ यस अधिकारको सुनिश्चितता गर्नु भनेको आर्थिक तथा सामाजिक न्याय, समानता तथा समावेशिताका पक्षलाई पक्षपोषण गर्नु हो। त्यसैले प्रारम्भिक बाल्यावस्थाको उमेर भनेको अवसरहरूको ढोका हो र बालबालिकालाई यस उमेरमा विकास मैत्री वातावरण तथा सहयोग सही समयमा गर्नुपर्दछ।[९]

**प्रारम्भिक बाल्यावस्थामा बालबालिकाले पाएको अनुभव स्याहार तथा उत्प्रेरणाले उनीहरूको भावी जीवनको जग निर्माण हुने भएकाले सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास सेवा उपलब्ध गराउनु पर्दछ।**

---

७ Taguma, Litjens & Makowiecki, 2012
८ Young, 2002; Barnett & Nores, 2012
९ Papalia, Olds & Feldman, 2006

## २.२ बालविकास बहुआयामिक हुन्छ



बालबालिकाको सर्वाङ्गीण विकास भन्नाले उनीहरूको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक विकासलाई जनाउँदछ। बालबालिकाको यी कुनै एक पक्षको विकास वा अवरोधले अन्य पक्षको विकासमा असर पुऱ्याउने हुन्छ।[१०] जस्तै : कुनै बालबालिकाको शारीरिक विकास राम्रो भएको खण्डमा उसको सामाजिक एवम् संवेगात्मक विकासमा पनि सहयोग पुग्दछ। त्यस्तै गरी यदि शारीरिक विकास राम्रोसँग नभएमा उसको भाषिक, सामाजिक एवम् संवेगात्मक विकासमा पनि अवरोध पुग्न सक्दछ। त्यस्तै जुन बालबालिकाको बौद्धिक विकास राम्रोसँग भएको हुन्छ। उनीहरूको सामाजिक एवम् संवेगात्मक विकास पनि राम्ररी हुन सहयोग पुग्दछ। त्यसैले प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक र बौद्धिक विकासलाई समेटेर सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिनुपर्दछ।[११]

**प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइका साथै बालबालिकाहरूलाई स्वास्थ्य, पोषण र सुरक्षासँग सम्बन्धित सेवाहरू एकीकृत रुपमा सञ्चालन गर्नुपर्दछ।**

सर्वाङ्गीण विकास भन्नाले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक एवम् बौद्धिक पक्षको समुचित विकासलाई जनाउँदछ। कुनै पनि प्रारम्भिक बालविकास कार्यक्रमको लक्ष्य बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्ने हुनुपर्दछ। बालविकासका विविध पक्षहरू (जस्तै शारीरिक, सामाजिक, संवेगात्मक एवम् बौद्धिक विकास) एक अर्कासँग सम्बन्धित हुन्छन्। त्यसैले प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक सिकाइका साथै बालबालिकाहरूलाई स्वास्थ्य, पोषण र सुरक्षासँग सम्बन्धित सेवाहरू एकीकृत रुपमा सञ्चालन गर्नुपर्दछ।

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि मायालु वातावरणमा तनावबाट मुक्त भई सिकाइ र विकासका क्रियाकलापहरूमा संलग्न हुन पाउने व्यवस्था गर्नुपर्दछ। स्वास्थ्य, पोषण, सुरक्षा र शिक्षासम्बन्धी कार्यक्रमहरू अलग अलग रुपमा सञ्चालन गर्नुभन्दा एकीकृत रूपमा सञ्चालनगर्दा यसबाट धेरै फाइदा पुग्छ।[१२] एकीकृत कार्यक्रम सञ्चालन गर्नाले बालबालिकाहरूको बाँच्न पाउने र समुचित रूपमा सिक्न र विकास गर्न पाउने अधिकार सुनिश्चित गर्न मदत पुग्दछ।

---

१० Evan, Myers & Ilfeld, 2000

११ Myers, 1992

१२ Myers, 1990

**प्रारम्भिक बालविकास कार्यक्रमको लक्ष्य बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्नु हो । बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षासम्बन्धी कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्नुपर्दछ ।**

**एकीकृत रूपमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमहरूमा हुने दोहोरो खर्चहरूमा कटौती ल्याई कार्यक्रमहरूको लागतमा पनि कमी ल्याउन सक्दछ ।**

## २.३ बालबालिकाको विकास तथा सिकाइ उनीहरूको आफ्नै गतिमा हुन्छ

कुनै पनि बालबालिकाको विकास एउटा क्रमिक ढाँचामा हुन्छ। तर सबै बालबालिकाहरूले एउटै समयमा एउटै किसिमको सिकाइ गर्छन् भन्ने छैन । बालबालिकाको सिकाइ क्षमता भिन्न भिन्न हुन सक्छ। जस्तै : कुनै पनि बालबालिकाले बामे सर्नु अगाडि हात गोडा नै नचलाइकन बामेसर्न सक्दैन। त्यस्तै, बामे सर्न नजानीकन ऊ हिँड्न पनि सक्दैन। तर सबै शिशुहरूले एउटै दिन वा महिनामा ती क्षमता/सीपहरू सिक्न सक्छन् भन्ने छैन। त्यसैगरी, बालबालिकाले बा..बा....दा.....दा.....जस्ता शब्द उच्चारण नगरी बोल्न सिक्दैनन्। शब्द उच्चारण नगरी उनीहरूले वाक्य भन्न पनि सक्दैनन्। यो सबै बालबालिकाहरूमा लागु हुन्छ। तर सबै बालबालिकाहरूले एउटै समय, दिन वा महिनामा ती कुराहरू सिक्न सक्दछन् भन्ने छैन । बालबालिकाको वंशानुगत पृष्ठभूमि र भिन्नता, उनीहरूको शारीरिक स्वास्थ्य, पोषण एवम् मानसिक स्थिति र उनीहरूले पाउने वातावरणले ती कुराहरूमा असर पारिरहेको हुन्छ। ५ वर्षभन्दा मुनिका बालबालिकाहरूको सिकाइ एवम् विकासका विविध पक्षहरूमा केही भिन्नता भएपनि बालबालिकाहरूको विकास तथा सिकाइ आफ्नै गतिमा भैरहेको हुन्छ। यो बालबालिकाको वंशानुगत गुण र वातावरणमा निर्भर रहने गर्दछ।[१३]

**कुनै पनि बालबालिकाको विकास एउटा क्रमिक ढाँचामा हुन्छ । तर सबै बालबालिकाहरूले एउटै समयमा एकै किसिमको कुरा सिक्न वा क्षमता हासिल गर्न सक्छ भन्ने हुँदैन ।**

**बालबालिकाहरूको विकास तथा सिकाइ उनीहरूको वंशानुगत गुण र वातावरणमा निर्भर रहेको हुन्छ ।**

बालविकास र सिकाइका लागि उत्प्रेरणा महत्त्वपूर्ण हुन्छ। बालविकासका लागि चाहिने उत्प्रेरणा/सहयोग निश्चित समयमा हुनुपर्दछ। बालबालिकाको एक निश्चित क्रमअनुसार सिकाइ र विकास हुने हुनाले निश्चित समय र उमेरमा बालबालिकाहरूको समुचित विकासका लागि उपयुक्त अभ्यासहरू गराउनु पर्दछ। बालबालिकालाई बढीभन्दा बढी फरक क्रियाकलापहरूमा संलग्न गराई विभिन्न किसिमका अनुभव गर्न दिएमा सिक्ने र विकास गर्ने अवसरहरू प्राप्त गर्न सक्छन्। जस्तैः बालबालिकाहरूको भाषिक विकासका लागि अन्तरक्रियाहरू गर्ने, शारीरिक विकासका लागि खेल्न, उफ्रन दिने, पोषिलो खाना र उत्प्रेरणा प्रदान गर्ने गर्नुपर्दछ। यदि यस समयमा बालबालिकाले आवश्यक विकास तथा सिकाइका अवसरहरू नपाएको खण्डमा उनीहरूको समग्र विकासमा अवरोध हुन सक्दछ वा जुन तहमा विकास हुनुपर्ने हो सो नहुने सम्भावना बढी हुन्छ।

१३ Hurlock, 1978

## २.४ मातृभाषाको माध्यमबाट सिकाइ सबभन्दा उत्तम हो

शिशुले आफ्नो आमा बुबा र परिवारसँगको अन्तरक्रियाबाट नै सबभन्दा पहिले कुरा गर्न/बोल्न सिकेका हुन्छन्। यसले गर्दा जुनसुकै समुदायको बालबालिकाले पनि सबभन्दा पहिले सिक्ने एवम् अन्तरक्रिया गर्ने माध्यम मातृभाषा नै हो। त्यसैले बालबालिकालाई मातृभाषामा सिक्न र बुझ्न सहज हुन्छ। त्यसै गरी, मातृभाषाबाट नै आफ्नो धारणा र विचार प्रकट गर्न सजिलो हुन्छ। कुनै पनि कुराको अर्थपूर्ण सिकाइ गर्नका लागि अन्य भाषाभन्दा मातृभाषा नै बढी सहज हुन्छ। त्यसैले प्रारम्भिक बालविकास अवस्थाका बालबालिकाहरूलाई मातृभाषा नै प्रयोग गर्न प्रोत्साहन गर्नुपर्दछ। मातृभाषामा बालबालिका पोख्त भएपछि उनीहरूलाई अन्य दोस्रो वा तेस्रो भाषा सिक्न पनि सहज हुन्छ।




अनुसन्धानबाट यो पनि प्रमाणित भैसकेको छ कि बालबालिकाको आफ्नो मातृभाषा नै प्राथमिक कक्षासम्मको अध्ययनका लागि सबैभन्दा उपयुक्त र प्रभावकारी माध्यम हो।[१४] बालबालिकाले आफ्नो भाषामा दक्षता प्राप्त गरिसकेपछि मात्र अन्य भाषाहरू सिक्न सक्दछन्। भाषिक विकासले बालबालिकाहरूको भाषाका साथसाथै शारीरिक, सामाजिक, संवेगात्मक तथा बौद्धिक विकासमा ठूलो असर पुऱ्याएको हुन्छ। अतः बालबालिकाहरूको जीवनको सुरुवातदेखि नै भाषिक विकासमा आवश्यक जोड दिनुपर्दछ। बालबालिकाहरू सबभन्दा पहिले घर परिवारमा बोलिने भाषामा नै अभ्यस्त भएका हुन्छन्। उनीहरूले सर्वप्रथम मातृभाषा नै सिकेका हुन्छन्। यसले गर्दा घर परिवारभन्दा बाहिर जो बालबालिका प्रारम्भिक बालविकास कार्यक्रम/केन्द्रमा आउँछन् त्यहाँ पनि मातृभाषामा नै शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुनु जरुरी हुन्छ। यसरी मातृभाषामा नै बालबालिकाहरूले अन्तरक्रिया गर्दा उनीहरूलाई केन्द्र तथा कार्यक्रममा घुलमिल हुन सहज हुन्छ। यस्तो वातावरणमा बालबालिकाहरूको सिकाइ पनि प्रभावकारी र अर्थपूर्ण हुन्छ। अध्ययन अनुसन्धानहरूले देखाएका छन् कि साना बालबालिकाहरूले सानै उमेरमा एकभन्दा बढी भाषाहरू सिक्ने क्षमता राख्दछन्। उनीहरूलाई मातृभाषाको माध्यमबाट अन्य भाषाहरू पनि क्रमशः सिकाउन सकिन्छ। त्यसैले प्रारम्भिक बाल्यावस्थाका बालबालिकाहरूसँग घरमा तथा बालविकास कार्यक्रम/केन्द्रमा आफ्नो मातृभाषामा बढीभन्दा बढी कुराकानी गर्ने गर्नुपर्दछ। आफ्नो भाषामा सिकाइ गरेर केही समयपछि अन्य भाषाहरू पनि सिकाउन सकिन्छ।

बाल अधिकार महासन्धि १९८९ (धारा ३०) र नेपालको संविधान (धारा ३१) ले प्रत्येक बालबालिकालाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार दिएको छ।

प्रारम्भिक बालविकासमा भाषिक विकास यस कारण पनि महत्त्व छ कि बालबालिकाहरूको तीन वर्षको उमेरसम्ममा उसको भाषिक विकासका लागि आवश्यक सबै स्नायुहरूको पूर्ण विकास भइसकेको हुन्छ। हाल अभिभावक र स्थानीय समुदायले आफ्नो घर तथा बालविकास केन्द्रमा

१४ Pandey, 2012




मातृभाषा तथा राष्ट्रिय भाषा नेपालीलाई भन्दा अङ्ग्रेजी भाषाको प्रयोगमा जोड दिएको पाइन्छ। यस अवस्थामा बालबालिकाको भाषिक सीपको पूर्ण विकास हुन नसक्नुका साथै उनीहरूको पढाइ लेखाइ जस्ता औपचारिक शिक्षाका लागि आवश्यक सिकाइको जग कमजोर हुन जाने तथ्य पुष्टि भएको छ। तसर्थ प्रारम्भिक बालविकास केन्द्रमा उल्लिखित विषयहरू (जस्तैः तीन वर्षको उमेरमा भाषासम्बन्धी सबै स्नायु विकास भइसक्ने, मातृभाषाको प्रयोगले घर र केन्द्रका बीचको दुरी कम गर्न अथवा बालबालिका घरबाट केन्द्रमा आउन सहज हुने, मातृभाषाको प्रयोगबाट उनीहरूको सिकाइ अर्थपूर्ण हुने र साना बालबालिकाले एकभन्दा बढी भाषा सिक्न सक्ने) कुराहरू अभिभावक तथा स्थानीय समुदायलाई अवगत गराउनु पर्दछ। यसका लागि कार्यक्रम/केन्द्रमा बालबालिकालाई भाषिक शिक्षासम्बन्धी योजना बनाउनु पर्दछ। त्यसपछि योजनाअनुसार कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्नुपर्दछ। केन्द्रले त्रैमासिक रूपमा बालबालिकाहरूको सुनाइ, बोलाइ, पढाइ र लेखाइको स्थिति के छ, उनीहरूमा शब्दको ज्ञान के कति छ भनी बालबालिकाहरूको वैयक्तिक फाराम भर्न लगाउने र सोही अनुसार मूल्याङ्कन गर्नुपर्दछ।

**मातृभाषामा दखल भएपछि बालबालिकाहरूलाई नेपाली र अङ्ग्रेजी भाषा पनि सिकाउन सकिन्छ ।**

**मातृभाषाको प्रयोगले बालबालिकाहरूलाई कुनै पनि कुरा सिक्न तथा एक आपसमा अन्तरक्रिया गर्न सहज हुन्छ ।**

**नेपालको संविधान २०७२ (धारा ३१) ले प्रत्येक बालबालिकालाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार दिएको छ ।**

**बालअधिकार महासन्धि १९८९ (धारा ३०) ले पनि प्रत्येक बालबालिकालाई मातृभाषामा शिक्षा पाउने अधिकार दिएको छ ।**

**बाल मनोवैज्ञानिकहरूले प्रारम्भिक शिक्षा बालबालिकाको आफ्नो पहिलो भाषामा हुँदा बालबालिकाहरूको सिकाइ एवम् विकास बढी प्रभावकारी हुने उल्लेख गरेका छन् ।**

**मातृभाषाको प्रयोगले बालबालिकाहरूको भाषिक विकासका साथसाथै शारीरिक, सामाजिक, संवेगात्मक तथा बौद्धिक विकासमा मदत पुग्दछ ।**

**प्रारम्भिक बालविकास केन्द्रमा मातृभाषाको प्रयोगले बालबालिकाहरूलाई केन्द्रमा आउन प्रोत्साहित गर्नुका साथै साथी तथा शिक्षकसँग घुलमिल हुन मदत पुग्दछ ।**

**तीन वर्ष उमेरसम्ममा बालबालिकाहरूको भाषिक विकाससँग सम्बन्धित सबै स्नायुहरूको पूर्ण विकास भइसकेको हुन्छ ।**

## २.५ सिकाइ एवम् विकासका लागि खेल सबभन्दा उत्तम विधि हो

शिशुको मष्तिष्क गर्भावस्थामा हुँदादेखि नै विकास हुन्छ। विकास संयोजित, निरन्तर र अति नै तीव्र गतिमा भैरहन्छ। मस्तिष्क निर्माणका लागि प्रारम्भिक उमेरमा पाउने अनुभवहरू असाध्यै महत्त्वपूर्ण हुन्छन्। तसर्थ उनीहरूलाई बढीभन्दा बढी प्रत्यक्ष अनुभवहरू दिनु पर्दछ। यसका लागि खेल एउटा सशक्त माध्यम हो।



बालबालिकाहरू स्वभावैले दौडिने, उफ्रने, चलमल गर्ने हुन्छन्। त्यसैले साना उमेरका बालबालिकालाई एकै ठाउँमा नचलिकन बसेर पढ्ने वा सुन्ने क्रियाकलापमा मात्रै समावेश गरिएमा उनीहरूले फरक फरक अनुभवहरू पाउन सक्दैनन्। त्यसैले उनीहरूको सिकाइ तथा विकासका क्रियाकलापहरूमा अभिरुचि हुँदैन। भएमा पनि कम मात्रै अभिरुचि हुन्छ। त्यसैले साना बालबालिकाहरूलाई सिकाउँदा वा अन्य विकासात्मक क्रियाकलापमा समावेश गर्दा क्रियाकलाप वा खेल विधिबाट सिकाउनु उपयुक्त हुन्छ। ५ वर्षभन्दा मुनिका साना बालबालिकाहरू कुनै एक क्रियाकलापमा मात्र धेरै बेर संलग्न हुन रुचि राख्दैनन्। एउटै क्रियाकलापमा मात्र संलग्न गराई राख्नु पनि उपयुक्त हुँदैन। फरक क्रियाकलापहरूमा संलग्न हुँदा बालबालिकाको मस्तिष्कले पनि फरक फरक अनुभूतिहरू लिइरहेको हुन्छ। यसबाट बालबालिकाले विभिन्न सीपहरू सिकी रहेका हुन्छन्। जस्तो संवेगको नियन्त्रण, उचित समयमा उचित प्रतिक्रिया दिन, भाषा, संकेतहरू बुझेर सो अनुरुप गर्न, सामाजिक सीप तथा साक्षरताका सीपहरू बालबालिकाले खेलबाट नै सिक्दछन्। त्यसैले उनीहरूलाई संलग्न गराइने क्रियाकलापहरू फरक फरक तर छोटो अवधिको हुनुपर्दछ। कुनै पनि खेल वा क्रियाकलाप (कथा, गीत, कविता) आदि पनि लामो समयको नभई छोटो अवधिको बढीमा १५ मिनेटको मात्र हुनुपर्दछ। यो कुरा पनि जान्न आवश्यक छ कि साना बालबालिकाहरू एउटै खेल, कथा वा गीत धेरै पटक दोहोर्‍याएर गर्न मन पराउँदछन्।

## २.६ बालबालिकाले आफ्नो नजिकको वातावरणसँगको अन्तरक्रिया र अन्य व्यक्तिको अनुकरण गर्दै सिक्दछन्







साना बालबालिकाहरूले आफ्नो वरिपरिको वातावरण एवम् आफु नजिकका व्यक्तिहरूसँगको अन्तरक्रियाबाट र अन्य व्यक्तिहरूको क्रियाकलापको अवलोकन गरेर सिक्दछन्। बालबालिकाहरूको सिकाइ उनीहरूको इन्द्रियहरूसँग सम्बन्धित हुन्छन्। त्यसैले उनीहरूले इन्द्रियहरूको प्रयोगबाट नै सिक्ने गर्दछन्। जस्तैः हेर्ने, सुन्ने, छुने, स्वाद लिने र सुघ्ने क्रियाकलापबाट उनीहरूले नयाँ कुरा सिक्दछन्। त्यसैले साना बालबालिकाहरूको सिकाइ एवम् विकासका लागि उनीहरूको पाँचओटै इन्द्रियहरूलाई सक्रिय बनाउने क्रियाकलापहरू गराउनु पर्दछ।[१५]

त्यसैगरी बालबालिकाले अवलोकन र अनुकरणबाट सिक्ने हुनाले बालबालिकाको हेरचाह, रेखदेख गर्ने व्यक्ति, परिवारका सदस्य, समुदायका व्यक्तिहरू र बालविकास केन्द्रका सहयोगी कार्यकर्ता एवम् शिक्षकहरूले आफुलाई राम्रो आचरण एवम् व्यवहार भएको व्यक्ति (role model) कारूपमा प्रस्तुत गर्नुपर्दछ।[१६] बालबालिकाहरूलाई कुनै पनि कुरा सिकाउँदा उनीहरूले देखेको वा थाहा भएको कुराबाट सुरु गर्नुपर्छ। यसले गर्दा बालबालिकाहरूमा सिकाइप्रति अभिरुचि बढ्नुका साथै सिकेका कुरा उनीहरू प्रयोगमा ल्याउन सक्षम हुन्छन्।[१७] साथै उनीहरूको सिकाइ अर्थपूर्ण पनि बन्दछ। कुनै पनि सिकाइ अर्थपूर्ण भएमा मात्र दिगो हुनुका साथै सो सिकाइबाट अन्य नयाँ कुराहरू सिक्न सहज हुन्छ।

स-साना बालबालिकाहरूलाई सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बालविकास केन्द्र एवम् घर परिवारमा घोकन्ते ज्ञान हासिल गर्ने नभई उनीहरूले सिक्ने प्रत्येक विषयवस्तुहरू बुझ्ने र अर्थपूर्ण किसिमका हुनुपर्दछ।[१८]

सानो उमेरमा सिकेका र भोगेका कुराहरू पछिसम्म रहिरहने हुनाले यो उमेरमा सिकेका कुराहरू बालबालिकाको भविष्यका लागि जगका रूपमा रहेको हुन्छ। सानै उमेरमा बालबालिकाहरूको सिर्जनात्मक सीपहरूको विकास गर्नाले

१५ Barnelt & Nores, 2012
१६ Samaras, 2002
१७ Taguma, Litjens & Makowiecki, 2012
१८ The Consultative Group, 2013

उनीहरूलाई भावी जीवनमा पनि सिर्जनशील हुन मदत गर्दछ। बालबालिकाहरूलाई सिर्जनशील बनाउन उनीहरूलाई आफैँ गर्न दिने र नयाँ नयाँ कुरा खोज गर्न दिनुपर्दछ। बालबालिकालाई मौखिक रूपमा सिकाउनु भन्दा कुनै बस्तु नै देखाएर त्यसको पहिचान दिलाउँदा बढी प्रभावकारी हुन्छ र उसको मानसपटलमा पछिसम्म त्यसको चित्र रहने हुन्छ। यसबाट बालबालिकाको औपचारिक शिक्षामा जानु अगाडिको तयारी आधार निर्माण हुन्छ। यही समयमा बालबालिकाहरूको मौखिक एवम् लिखित भाषा र गणितीय सिकाइहरूको पूर्वतयारी गर्नाले बालबालिकाहरूलाई औपचारिक शिक्षा हासिल गर्न मदत गर्दछ।[१९]

बालबालिकाले आफ्नो वरिपरिको वातावरण एवम् आफु नजिकका व्यक्तिहरूसँगको अन्तरक्रियाबाट सिक्दछन्। त्यसैले उनीहरूलाई बढीभन्दा बढी अन्तरक्रिया गर्ने अवसर दिनुपर्दछ।

बालबालिकाले अवलोकन र अनुकरणबाट सिक्ने हुनाले बालबालिकासँग संलग्न हुने व्यक्तिले राम्रो आचरण एवम् व्यवहार (role model) प्रस्तुत गर्नुपर्दछ।

## २.७. बालबालिकालाई सहजरूपमा विद्यालयमा समायोजनहुन पूर्वतयारी गराउनु पर्दछ

बालविकास केन्द्रमा एक वा दुई वर्ष नियमित सहभागी भएपछि बालबालिकाहरूलाई स्वभाविक रूपमा कक्षा एकमा भर्ना गर्नुपर्दछ। कक्षा एकको अध्ययन बालबालिकाका लागि सिकाइ तथा विकासको अवसरको निरन्तरता हो। मष्तिस्क विज्ञानकाअनुसार बालबालिकाको विकास र सिकाइ ८ वर्षसम्म द्रुतगतिमा भइरहेको हुन्छ। तसर्थ कक्षा एकलाई औपचारिक शिक्षाको थालनीको रूपमा लिइए तापनि बालबालिकासँग गरिने क्रियाकलापहरू तथा दिइने वातावरणहरू पूर्ण रूपमा बालमैत्री हुनुपर्दछ।



बालविकास केन्द्रको वातावरण र कक्षा एकको वातावरणमा धेरै फरक भएमा बालबालिकालाई कक्षामा समायोजन हुन अप्ठ्यारो हुनेहुन्छ। यद्यपि बालविकास केन्द्रका शिक्षक/सहयोगी कार्यकर्ताले कक्षा एकमा भर्ना हुनुअघि बालबालिकाको तयारीमा विशेष सहयोग गर्नुपर्दछ।

बालविकास केन्द्रमा बालबालिकाहरूलाई शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक तथा बौद्धिक विकास गराउनका लागि क्रियाकलापहरू तयार गरिएका हुन्छन्। उनीहरूलाई सिकाइका लागि तयारी नगरी सिधै अक्षर पढाउने, घोकाउने, चिनाउने, अक्षर लेखाउने, सार्ने, अङ्क पढाउने, लेखाउने जस्ता कार्य गर्नुहुँदैन। यसबाट साना बालबालिकाहरूमा भविष्यको सिकाइमा नकारात्मक असर पर्दछ। सानै उमेरमा पढाइ लेखाइसम्बन्धी तनावले बालबालिकाको मष्तिस्कमा नकारात्मक असर पर्छ र भविष्यमा पढाइमा रूचि नराख्ने, विद्यालय जान मन नपराउने हुन्छन्। पढाइमा रूचि कम हुने हुँदा बालबालिकाको बुझाइमा पनि कमी हुने जस्ता लक्षणहरू देखिन्छन्। तसर्थ कक्षा एकमा प्रवेश गर्नु अगाडि बालबालिकामा पढाइको बोझ तथा प्रवेश परीक्षाको अनावश्यक तनाव

१९ Department of Education and Skills, 2011;Green, 2014



**विकास र सिकाइका लागि बालबालिकाहरू नै सक्रिय सहभागी हुनु पर्दछ ।**

**हरेक बालबालिका विशेष हुन्छ, उसलाई बुझौं, अरुसँग तुलना नगरौं ।**

**बालबालिकाहरू डर, भयको वातावरणमा सिक्न सक्दैनन्, शिक्षक र विद्यार्थी बीच हुने घनिष्ट सम्बन्धमा सिकाइ प्रभावकारी हुन्छ ।**

**बौद्धिक विकास वातावरणबाट निकै प्रभावित हुन्छ ।**

दिनुहुँदैन। कतिपय विद्यालयहरूमा लिइने प्रवेश परीक्षामा देखिने प्रतिस्पर्धाको होडलाई बन्द गरी बालबालिकाहरूलाई स्वतः कक्षा एकमा भर्ना हुने वातावरण तयार गर्नुपर्दछ।

बालबालिकाहरू विभिन्न (फरक फरक) क्षमता र सम्भावनाहरू लिएर विद्यालय आएका हुन्छन्। विद्यालय प्रवेशका लागि लिइने यस्ता परीक्षाहरूमा सबैलाई समान दृष्टिले हेरिने र सोही अनुरूपको प्रश्नपत्र तयार गरिने हुनाले बालबालिकामा भएको असीमित क्षमतालाई अवमूल्यन गरिएको हुन्छ। साथै बालबालिकाको समग्र व्यक्तित्व विकासका लागि आवश्यक सीपहरू, आत्मविश्वास, सहयोगी भावना, सिक्ने चाहना, व्यक्तिगत स्वतन्त्रता, सिर्जनशीलता जस्ता महत्त्वपूर्ण सीपहरूलाई यसरी लिइने परीक्षाले वेवास्ता गरिरहेको हुन्छ। विद्यालय प्रवेशमा बालबालिकाका लागि प्रारम्भिक पढाइ तथा लेखाइका सीप महत्त्वपूर्ण त हुन्छन् तर त्यो भन्दा अझ महत्त्वपूर्ण बालबालिकाको भावनात्मक सुरक्षा र चाहना हुन्छ। त्यसैगरी सबैभन्दा महत्त्वपूर्ण कुरा बालबालिकामा कुनै पनि प्रकारले पक्षपात भएको महसुस हुन दिनुहुँदैन। सबैलाई समान व्यवहार गर्नुपर्दछ। त्यसले विद्यालय शिक्षाको आधार तयार गर्दछ।

विद्यालयमा लिने प्रवेश परीक्षा त एउटा घटना (धेरैका लागि सामान्य क्रियाकलाप) भयो तर यस्ता घटनाले बाल मष्तिष्कमा दीर्घकालीन नकारात्मक असर पार्दछ। यसबाट बालबालिकामा पढाइ र परीक्षाप्रति नकारात्मक धारणाको विकास हुन्छ। यसले गर्दा उनीहरू क्रमशः विद्यालयको पढाइप्रति रुचि नदेखाउने, बीचमा कक्षा छोड्ने वा अति नै तनावग्रस्त भएर पढाइ तथा परीक्षामा सामेल हुने हुन्छन्। तसर्थ बालबालिकाको समग्र विकास र क्षमतालाई महत्त्व दिई उनीहरूलाई निरन्तर शिक्षामा प्रवेश गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

बालबालिकाले अवलोकन र अनुकरणबाट सिक्ने हुनाले बालबालिकाको हेरचाह, रेखदेख गर्ने व्यक्ति, परिवारका सदस्य, समुदायका व्यक्तिहरू र बालविकास केन्द्रका सहयोगी कार्यकर्ता एवम् शिक्षकहरूले आफूलाई राम्रो आचरण एवम् व्यवहार भएको व्यक्ति (role model) का रुपमा प्रस्तुत गर्नु पर्दछ। तसर्थ बालबालिकाको समग्र विकास र क्षमतालाई महत्व दिई उनीहरूलाई निरन्तर शिक्षामा प्रवेश गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ।

## २.८ बालबालिकाहरूको विकास र सिकाइमा सहयोग पुऱ्याउन वयस्क (अभिभावक, शिक्षक तथा सहजकर्ता) को महत्वपूर्ण भूमिका हुन्छ

बालबालिकाहरूको विकासमा वरिपरिको वातावरणले प्रभाव पारिरहेको हुन्छ। बालबालिकालाई समग्र रूपमा विकासको अवसर प्रदान गर्न वयस्कको प्रत्यक्ष सहयोग आवश्यक हुन्छ। तसर्थ वयस्कले बालबालिकाको सर्वाङ्गीण विकासको अवसर प्रदान गर्न विकास अनुकूलको वातावरण तयार गर्नुपर्दछ। बाल मनोवैज्ञानिकहरूबाट बालविकासलाई मूख्यतः पाँचओटा पक्षहरू (बौद्धिक, सामाजिक, संवेगात्मक, शारीरिक र भाषिक) मा विभाजन गरेको पाइन्छ। यी विकासका पक्षहरू एक अर्कामा अन्तरसम्बन्धित हुन्छन्। तसर्थ बालबालिकासँग रहने वयस्क (आमा, बुवा, अभिभावक, हेरालु धरालु, शिक्षक/सहजकर्ता वा अन्य कोही) ले प्रारम्भिक बालविकासका यी सम्पूर्ण पक्षमा ध्यान पुऱ्याई सर्वाङ्गीण विकासको वातावरण दिनुपर्दछ।



बालबालिकाहरूले वयस्कले गरेको व्यवहारबाट नक्कल गरेर, अवलोकन गरेर सिक्छन् तसर्थ बालबालिकालाई यस्ता क्रियाकलापहरूमा संलग्न गराउँदा वा नक्कल गर्न दिइएमा बालबालिकाहरूले आफैँमा नियन्त्रण गर्नसक्ने सीप सिक्नुका साथै जिम्मेवारीको सीप विकास गर्न सक्छन्। आमा, बुबा, आफन्त र सहजकर्तासँगको मायालु वातावरण, दरिलो सम्बन्ध नै बालबालिकाको मस्तिष्क विकासका लागि महत्वपूर्ण तत्व हो। बालबालिकाको मस्तिष्क विकास उसले पाउने अनुभव अनुरूप परिर्वतन हुँदै जान्छ।

प्रारम्भिक अवस्थामा बालबालिकाहरूको मस्तिष्क विकास तीब्र रूपमा हुनेहुनाले यस समयमा बालबालिकालाई दिइने खाना तथा खाजामा पर्याप्त पोषण तत्वको आवश्यकता पर्दछ। प्रारम्भिक उमेरमा बालबालिकामा पोषण तत्वको अभाव हुन पुग्यो भने त्यसले मस्तिष्क विकासमा प्रतिकूल प्रभाव पार्दछ। वैज्ञानिकहरूको भनाइअनुसार प्रारम्भिक अवस्थामा ५० देखि ७५ प्रतिशतसम्म शक्ति मस्तिष्क विकासमा खर्च हुन्छ।[20] यसको अर्थ जति कम पोषण तत्व हुन्छ त्यति मस्तिष्क विकास न्यून हुन्छ। तसर्थ अभिभावक तथा बालबालिकासँग प्रत्यक्ष कार्य गर्ने सबैले बालबालिकाको खानामा विशेष ध्यान पुऱ्याउनु पर्दछ। बालबालिकाका लागि खाना पनि एउटा महत्वपूर्ण व्यवहार हो जसको प्रभाव व्यक्तिको जीवनभरि पर्दछ।




२० युनिसेफ, २०१६

त्यसैले सकारात्मक र राम्रो अनुभवबाट नै मस्तिष्कलाई राम्रो बनाउन सकिन्छ। अभिभावक, शिक्षक तथा सहजकर्ताले बालबालिकालाई जतिसक्दो राम्रो अनुभवहरू दिन सक्यो त्यति नै उनीहरूको मस्तिष्क विकास हुन जान्छ ।

अभिभावक तथा शिक्षक, सहजकर्ताले बालबालिकालाई निम्नअनुसार सहयोग गर्न सक्दछन् ।

- सबै बालबालिकाहरूलाई भेदभावरहित मायालु वातावरणमा समान व्यवहार गरेर सिकाउने व्यवस्था गर्ने,
- बालबालिकाहरूको सिकाइ तथा खेल सामग्रीका अतिरिक्त आवश्यक सम्पूर्ण सामग्री व्यवस्थापन गर्ने,
- प्रत्येक बालबालिकाहरूको व्यक्तिगत मूल्याङ्कन फारम भरेर सिकाइ उपलब्धिको विषयमा अभिभावकहरूसँग छलफल गर्ने,
- बालविकासका विषयमा (स्वास्थ्य, पोषण, सरसफाइ) अभिभावक तथा शिक्षकसँग छलफल चलाउने,
- हरेक बालबालिकाहरूको आआफ्नो गुण र क्षमता हुन्छ । त्यसैले सबै बालबालिकाहरूले एकै प्रकारले सिक्न सक्दैनन् । यो कुरा अभिभावक तथा शिक्षक/सहजकर्ताले बुझी सोही अनुसार बालबालिकाको क्षमता पहिचान गरी व्यवहार गर्ने,
- बालबालिकाहरूसँग मिठो बोलिवचन, राम्रो व्यवहार र आदरार्थी शब्द प्रयोग गरी बोल्नु पर्छ । यसले गर्दा बालबालिकाहरूले पनि राम्रो व्यवहार सिक्दछन,
- बालबालिकाहरूले सोधेका प्रश्नहरूको उत्तर नझर्की दिने,
- बालबालिकालाई गाली गर्ने, कराउने, झर्कने जस्ता व्यवहार नगर्ने,
- बालबालिका रहने घर तथा केन्द्रको भित्री तथा बाहिरी वातावरण सुरक्षित राख्ने जसले गर्दा बालबालिकाहरूलाई शारीरिक दुर्घटनाबाट जोगाउन सकियोस्,
- बालबालिकाहरूको रेखदेख, खानपान तथा सरसफाइमा सहयोग पुऱ्याउने,
- बालबालिकाहरूलाई शारीरिक तथा मानसिक यातना नदिने,
- बालबालिकाहरूलाई दुर्व्यवहारबाट जोगाउन पहल गर्ने गराउने ।
- अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था गर्ने ।

**बालबालिकाको लुकेको क्षमता उजागर गर्न उत्प्रेरणा, हौसला र सहयोग गर्न आवश्यक हुन्छ ।**

**बालबालिकाले आफैं गरेर सिक्ने भएकोले उनीहरूलाई सिकाइका लागि बहुउपयोगी उपयुक्त सामग्रीहरू प्रदान गर्नुपर्दछ ।**

बालबालिकाको कामलाई प्रशंसा, हौसला, सहयोग र सकारात्मक सुझाव दिनु पर्दछ ।


- बालबालिकाहरूको विकास बहुआयामिक हुने भएकाले बालविकासका कार्यक्रमले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक (सर्वाङ्गीण) विकास गर्ने लक्ष्य राख्नुपर्दछ ।
- बालबालिकाहरूको विकासमा बैयक्तिक भिन्नता हुने भएकाले कुनै बालबालिकाले कुनै कुरा छिटै सिक्दछन् र कसैले केहीपछि मात्र सिक्दछन् ।
- मातृभाषाको प्रयोगले सिकाइ अर्थपूर्ण बनाउन र अन्य भाषाहरू पनि सिक्न मदत गर्दछ ।
- बालबालिकाहरूलाई उनीहरूको विकासका लागि चाहिने उत्प्रेरणा र सहयोग निश्चित उमेर र निश्चित समयमा हुनुपर्दछ ।
- विकास र सिकाइका लागि खेल विधि सबैभन्दा उत्तम विधि हो ।
- बालबालिकाको सिकाइ एवम् विकासका लागि राम्रो वातावरण र अन्तरक्रिया गर्ने अवसर प्रदान गर्नुपर्दछ ।
- प्रारम्भिक बालविकास कार्यक्रमले विद्यालय शिक्षाका लागि पनि पूर्वतयारी गर्नुपर्दछ ।

# परिच्छेद 3

# नेपालमा हाल उपलब्ध प्रारम्भिक बालविकाससम्बन्धी नीति तथा योजनाहरू

नेपाल एकात्मक स्वरूपको राज्य व्यवस्थाबाट सङ्घीय संरचनामा रूपान्तरण भएपछि प्रादेशिक तथा स्थानीय तहहरू आफ्नो क्षेत्रमा प्रारम्भिक बालविकास लगायत अन्य पक्षहरूको विकासका लागि आवश्यकताअनुसार नीति तथा योजना निर्माण गर्न र ती योजनाहरू कार्यान्वयन गर्न स्वतन्त्र भएका छन्। नेपालको संविधानले राज्य शक्तिको प्रयोग केन्द्रीय, प्रादेशिक र स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) मा प्रयोग हुने व्यवस्था गरेको छ। हालको अवस्थामा सरकारका यी तीनओटै तहहरू आ-आफ्ना क्षेत्रमा प्रारम्भिक बालविकास लगायत अन्य क्षेत्रको विकासका लागि आवश्यक नयाँ नीति, योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा रहेका छन्।

विद्यमान प्रारम्भिक बालविकाससम्बन्धी नेपाल सरकारको प्रतिबद्धता, योजना र नीतिहरू निम्नलिखित दस्तावेजहरूमा उल्लेख भएको पाइन्छ :




## ३.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ मा प्रारम्भिक बालविकासलाई सबै बालबालिकाहरूको मौलिक हककारूपमा उल्लेख गरिएको छ। यसैगरी संविधानको धारा ३१ मा शिक्षासम्बन्धी र धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकबारे उल्लेख गरिएको छ।

संविधानको धारा ३१ शिक्षा सम्बन्धी हक :

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।

**नेपालको संविधानको धारा ३९ मा प्रत्येक बालबालिकाको प्रारम्भिक बालविकास र सहभागिताको अधिकार प्रदान गरिएको छ।**

**नेपालको संविधानमा उल्लिखित यी प्रावधानहरूमा स्थानीय तह लगायत सरकारका सबै तहहरूले प्रारम्भिक बालविकासका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने अनिवार्य गरिएको छ।**

**बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम लागुगर्न आवश्यक हुन्छ।**

संविधानको धारा ३५ स्वास्थ्यसम्बन्धी हक :

(१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

(३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।


**एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनका लागि बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, पोषण एवम् सुरक्षासँग सम्बन्धित सबै सङ्घसंस्थाहरूको सहयोग एवम् संलग्नता सुनिश्चित गर्नु पर्दछ ।**

**स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रम नियमित रुपले सञ्चालन गर्न नगरपालिका तथा गाँउपालिकामा कम्तीमा एकजना बाल अधिकारीको व्यवस्था हुनु आवश्यक हुन्छ ।**

संविधानको धारा ३९ मा उल्लेख भएअनुसार-
प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ। (उपधारा २)

प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ। (उपधारा ३)

## ३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४




नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका- संसदले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु गरेको छ। यस ऐनमा प्रारम्भिक बाल शिक्षा तथा विकास सम्बन्धमा केही महत्त्वपूर्ण दफाहरू रहेका छन्।

स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी काम, कर्तव्य र अधिकारहरू गाँउपालिका तथा नगरपालिका र वडा समितिहरूमा विभाजन गरेको पाइन्छ।

### ३.२.१ गाँउपालिका तथा नगरपालिका तहमा

यस ऐनले गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षा र अभिभावक शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सम्बन्धित गाँउपालिका तथा नगरपालिकाहरूलाई प्रदान गरेको छ।

यस अन्तर्गत गाँउपालिका तथा नगरपालिकाहरूले निम्नलिखित अधिकारहरू बहन गर्नु पर्ने उल्लेख गरेको छ।

- मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन गर्ने,
- आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने र आधारभूत स्वास्थ्य प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन गर्ने,

- मातृ शिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन गर्ने र महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम नियन्त्रण र व्यवस्थापन गर्ने,
- सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्यसम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने,
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाँइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता गर्ने ।

यस ऐनमा गाँउपालिका, नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनैतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनाउनुपर्ने उल्लेख छन् ।


ऐनमा गाँउपालिका, नगरपालिकामा एउटा न्यायिक समिति रहने र उक्त समितिलाई नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको विवादको निरुपण गर्ने अधिकार पनि प्रदान गरेको छ ।

### ३.२.२ वडा तहमा

तल्लो तहमा वडा समितिहरूको निम्नलिखित काम, कर्तव्य र अधिकार तोकिएको छ :

- बाल उद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,
- खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- वडालाई बालमैत्री बनाउने,
- वडाभित्र आर्थिक तथा सामाजिक रूपले पछिपरेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,
- अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने ।

## ३.३ शिक्षा ऐन आठौं संशोधन




शिक्षा ऐन आठौं संशोधनले प्रारम्भिक बाल शिक्षालाई निम्न अनुसार परिभाषित र व्यवस्था गरेको छ।

(क)[२१] **'पूर्वप्राथमिक विद्यालय'** भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको [२२] प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनु पर्छ।

(ख)[२३] **'प्राथमिक शिक्षा'** भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ग)[२४] **'आधारभूतशिक्षा'** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

[२५](११त)[२६] **प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्ने :** नेपाल सरकारले[२७] गाउँपालिका वा नगरपालिकाको सहयोगमा खोलिएका[२८] प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

(११त१)[२९] **प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्था :** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।'

## ३.४ अनिवार्य तथा निशुल्क शिक्षाकोसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५

नेपाल सरकार, सङ्घीय संसदले अनिवार्य तथा निशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न यो ऐन लागु गरेको छ। यस ऐनमा प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

१. प्रारम्भिक बालविकास तथा शिक्षा भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नु भन्दा अगाडि दिइने एक वर्षको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनुपर्छ।

२. नेपालमा बसोबास गर्ने प्रत्येक नागरिकलाई ऐन वा प्रचलित कानुन बमोजिम मातृभाषामा प्रारम्भिक बालविकास तथा शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ।


३. स्थानीय तह मार्फत राज्यले चार वर्ष पुरा भएका सबै बालबालिकालाई कम्तिमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा सहित तेह्र वर्ष उमेर पुरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ।

---

२१ सातौं संशोधनद्वारा संशोधित।
२२ आठौं संशोधनद्वारा शब्द रूपान्तरित।
२३ चौथो संशोधनद्वारा संशोधित।
२४ आठौं संशोधनद्वारा संशोधित।
२५ सातौं संशोधनद्वारा थप।
२६ आठौं संशोधनद्वारा शब्द रूपान्तरित।
२७ आठौं संशोधनद्वारा संशोधित।
२८ आठौं संशोधनद्वारा संशोधित।
२९ आठौं संशोधनद्वारा थप।

४. स्थानीय तहले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्रचलित कानुन बमोजिम सञ्चालित स्वास्थ्य संस्थासँग सहकार्य गरी स्वास्थ्य परामर्श तथा उपचारसम्बन्धी आवश्यक प्रवन्ध मिलाउन सक्नेछ ।

५. मानव विकास सूचकाङ्कको दृष्टिकोणले तोकिएको सूचकाङ्क भन्दा तल परेका क्षेत्रका तोकिएका समुदाय वा आर्थिकरूपले विपन्न वा अपाङ्गता भएका नागरिकका परिवारका बालबालिकाहरूलाई पठनपनठनमा निरन्तरता दिनका लागि नेपाल सरकारले स्थानीय तह मार्फत तोकिए बमोजिम दिवाखाजा वा दिवाखाजा खर्च उपलब्ध गराउन सक्नेछ ।




## ३.५ चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६)

नेपाल सरकारको चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) ले प्रारम्भिक बालविकाससम्बन्धी उल्लेख गरेका महत्त्वपूर्ण नीति एवम् कार्यक्रमहरू निम्नअनुसार छन् ।


- शिक्षा नियमावलीको आठौं संशोधनले गरेको व्यवस्थाअनुसार चार वर्ष उमेर पुरागरेका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बाल शिक्षा प्रदान गर्न शिक्षाको संरचनामा प्रारम्भिक बाल शिक्षालाई समावेश गर्ने,
- पूर्वप्राथमिक कक्षा प्रारम्भिक बालविकाससँग सम्बन्धित सिकाइ सामग्रीहरूको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरी तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरुप बनाइने,
- चार वर्ष उमेरका सबै बालबालिकाको शिक्षाका लागि एकवर्षे प्रारम्भिक बाल शिक्षा र पूर्वप्राथमिक विद्यालयको नक्साङ्कनका आधारमा अत्यन्त दुर्गम बस्ती वा समुदाय र भौगोलिक विकटतालाई लक्षित गरी पुनर्वितरण र विस्तार गरिने,
- मानव विकास सूचाङ्कका आधारमा पछिपरेका क्षेत्र तथा गरिवी व्याप्त रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिने,
- प्रारम्भिक बाल शिक्षा कार्यक्रमको प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यक शैक्षिक सामग्रीहरू खरिद गर्न आर्थिक अनुदानको व्यवस्था गरिने छ ।

बालबालिकाहरूको स्वास्थ्य र पोषण सम्बन्धमा यस योजनाले केही महत्त्वपूर्ण कार्यक्रमहरू उल्लेख गरिएका छन् । ती निम्नानुसार छन् :

- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाइने,
- स्वास्थ्य तथा पोषणबारे व्यापक जनचेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिने,
- गुणस्तरीय एवम् स्वास्थ्यवर्द्धक खाद्यपदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिने,
- मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिने,
- तयारी खाद्यवस्तुका सम्बन्धमा बढाइचढाई विज्ञापन गर्ने कार्यलाई निरुत्साहित गरिने,
- 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइने,
- नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइने,
- प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि गरिने,

- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिने,
- बालबालिकाको जन्म दर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास कार्यक्रमलाई व्यवस्थित गरिने,
- गर्भावस्थाको समयदेखि आमा र शिशुको सुरक्षाका लागि स्वास्थ्य र पोषणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने,
- गर्भावस्थादेखि र जन्म पश्चात् बालबालिकाहरूको सुरक्षाका लागि खोप, भिटामिन ए र पोलियो लगायतका आधारभूत स्वास्थ्य सेवाहरू विस्तार गरिने,
- निःशुल्क स्वास्थ्य सेवाहरूको विस्तार र सेवाको गुणस्तर अभिवृद्धि गरिने,
- अनुशासनको नाममा समुदाय, परिवार र विद्यालयमा बालबालिकाहरू माथि गरिने शारीरिक एवम् मानसिक दण्ड सजायँलाई निरुत्साहित गरिने छ र सकारात्मक ढङ्गबाट अनुशासित हुने कुरालाई प्रोत्साहित गरिने,
- स्वास्थ्य सेवा बिभागको बालस्वास्थ्य महाशाखा हालको परिवार कल्याण महाशाखाले गर्दै आएका कार्यहरू विस्तार गरिने,
- राष्ट्रिय खोप कार्यक्रमको विस्तार गरिने,
- समुदायमा आधारित नबजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने, र
- राष्ट्रिय पोषण कार्यक्रमको सञ्चालन एवम् विस्तार गरिने छ ।

## ३.६ विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२३)





- यस योजनाले एक वर्षको प्रारम्भिक बाल शिक्षा तथा विकासलाई आधारभूत शिक्षाको एउटा
- अङ्गका रूपमा समावेश गरेको छ ।
- यस कार्यक्रमको प्रमुख लक्ष्य बालअधिकारको दृष्टिकोणबाट ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक, आध्यात्मिक र नैतिक क्षमताहरूको विकास गरी बालबालिकाहरूलाई विद्यालय शिक्षाका लागि पूर्वतयारी गर्नु हो ।
- यस योजनाले उपलब्ध स्रोतहरूको अधिकतम प्रयोग गर्नाका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरू आवश्यकताअनुसार स्थानान्तर गरेर कार्यक्रमको विस्तार गर्ने योजना बनाएको छ ।
- यसले बाल शिक्षा तथा विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरू/शिक्षिकाहरूको न्यूनतम योग्यता बढाउने र पेसागत उन्नति गर्ने योजना बनाएको छ ।
- अभिभावक शिक्षालाई एउटा मुख्य रणनीतिकारुपमा लिई समुदायको प्रारम्भिक बालविकास केन्द्र र बालबालिकाहरूको शिक्षामा संलग्नता बढाउने योजना छ ।
- एक वर्षको प्रारम्भिक बाल शिक्षा तथा विकास लगायत गुणस्तरीय आधारभूत शिक्षामा सबै बालबालिकाहरूको पहुँच पुर्‍याउने योजना छ ।
- यस योजनाले प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सञ्चालन गर्न कार्यनीतिहरू बनाएको छ ।

## ३.७ बहुक्षेत्रीय पोषण योजना

नेपालको विद्यमान पोषणको स्थितिमा सुधार ल्याउनका निम्ति राष्ट्रिय योजना आयोगको संयोजनमा बहुक्षेत्रीय पोषण योजना (एम.एस.एन.पि) कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमको मूल उद्देश्य स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी तथा सरसफाइ, स्थानीय सुशासन र महिला तथा बालबालिका र जनहितका क्षेत्रहरूबाट सम्भव हुने, प्रमाणमा आधारित पोषण लक्षित र सम्वेदनशील कार्यक्रम सञ्चालन गर्नु हो।

वहुक्षेत्रीय पोषण योजनाअनुसार स्वास्थ्य क्षेत्रबाट कार्यान्वयन गरिएका पोषणलक्षित (Nutrition Specific) कार्यक्रम र अन्य क्षेत्रहरूद्वारा कार्यान्वयन गरिएका पोषण सम्वेदनशील कार्यक्रमहरूबाट आमाहरूको गर्भधारण र बालबालबालिकाहरू गर्भमा हुँदादेखि २४ महिनासम्मको उमेरमा हुने पोषण आवश्यकतालाई सम्बोधन गर्दै न्यूनपोषणमा सुधार ल्याउनु यसको लक्ष्य रहेको छ। पोषणलक्षित कार्यक्रमले परिवार र समुदायमा देखा पर्ने न्यूनपोषणका तात्कालीन कारणहरूको सम्बोधन गर्दै उचित खाना सेवन, सङ्क्रमण/रोगहरूको व्यवस्थापन र रोकथामद्वारा मातृ, शिशु तथा बालबालिकाको पोषण अवस्थालाई सुधार गर्ने काम गर्छ। पोषण सम्वेदनशील कार्यक्रम अन्तर्गत उचित खानाको पहुँचमा सुधार, खानाको उपलब्धता, खाद्य सुरक्षा (पहुँच, उपलब्धता, उपयोग र स्थायित्व), सरसफाइ र सफा खानेपानीको पहुँच, व्यवहार परिवर्तन आदि पर्दछन्। यस योजनाले सरकारी क्षेत्रको क्षमतालाई सुदृढ गर्दै केन्द्र जिल्ला र सामुदायिक तहबाट हुने पोषण कार्यक्रमलाई समानुपातिक ढङ्गले अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

### बहुक्षेत्रीय पोषण अवधारणाको ढाँचा



यस कार्यक्रमले केन्द्रीयस्तरमा मार्गदर्शन र समन्वय गर्न राष्ट्रिय योजना आयोगमा उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति र राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिको गठन गरिएको छ भने प्रदेश तथा स्थानीयस्तरमा कार्यक्रमतर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन संस्थागत गर्न बहुक्षेत्रीय रुपरेखा (Architecture) को परिकल्पना गरिएको छ। पहिलो चरणको कार्यक्रमको सफलतापछि दोस्रो चरणमा कार्यक्रम सुरु गरिएको छ।

बहुक्षेत्रीय पोषण योजना दोस्रो (२०७५/७६ -२०७९/८०) प्रभावकारी कार्यान्वयनको लागि विभिन्न विषयगत मन्त्रालयहरू र विकास साझेदारहरूको सहभागितामा तर्जुमा गरिएको छ।

### बहुक्षेत्रीय पोषण योजनाको लक्ष्य

दीर्घ कुपोषण न्यूनीकरण गर्नेतर्फ मुलुकलाई अग्रसर गराउनु यस बहुक्षेत्रीय पोषण योजनाको दीर्घकालीन सोच हो। आगामी पाँच वर्षमा मातृ, शिशु तथा पोषणको स्थितिमा सुधार र तदनुसार मातृ, शिशु तथा बालबालिकाको कुपोषणलाई न्यून गरी आमाहरूको BMI र बालबालबालिकाहरूको पुड्कोपनमा एक तिहाइले कमी ल्याउने लक्ष्य रहेको छ।




बालबालिकाहरूको गर्भावस्थामा रहदाँदेखि नै स्वास्थ्य र पोषणको अवस्थामा सुधार गर्न बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सुनौलो हजार दिन कार्यक्रम सञ्चालन गरिएको छ। बालबालिकाहरूको शारीरिक तथा मानसिक विकासका लागि सुनौला १००० दिन अत्यन्त महत्त्वपूर्ण कार्यक्रमको रूपमा रहेको छ। सुनौलो १००० दिनभित्र गर्भवती अवस्था अर्थात् ९ महिना = ९ X ३० दिन = २७० दिन

शिशु तथा बाल्यकालीन अवस्था अर्थात् २ वर्षमुनिका बच्चा = २ X ३६५ दिन + २७० दिन

अर्थात् =२७० दिन + ७३० दिन = १,००० दिनलाई बुझ्नुपर्दछ।

यस समायावधि भित्र आमा र बच्चाको उचित स्याहार सुसार तथा हेरविचार गर्न सकेमा पुस्तौं पुस्ताको कुपोषण चक्रलाई रोक्न सकिनुका साथै स्वस्थ्य व्यक्ति तथा समाजको निर्माण गर्न मदत पुग्ने हुनाले यस कार्यक्रमलाई विशेष महत्त्वका साथ कार्यान्वयन गरिएको छ।

गर्भवती हुनुभन्दा अगाडिदेखि नै महिलाहरूको स्वास्थ्य स्थितिमा सुधार गर्नुपर्छ। यसका लागि महिलाको स्वास्थ्य समस्या, उनको आर्थिक तथा सामाजिक समस्या समाधानको लागि प्रयासहरू गरिनुपर्छ। पोषणका लागि १,००० दिन भन्नाले गर्भवती आमाको पोषण र शिशु तथा बालबालिका (२ वर्ष मुनिका) को पोषण दुवैलाई जनाउँदछ। तसर्थ पोषणका लागि १,००० दिन कुपोषणको चक्ररोक्न र बच्चाको शारीरिक र मानसिक वृद्धि र विकासका लागि महत्त्वपूर्ण छ। किनकि २ वर्ष भित्रमा बच्चाको दिमागको लगभग ८० प्रतिशत भागको विकास भइसक्दछ भन्ने विभिन्न अध्ययनहरूले औंल्याएका छन्। तसर्थ यस कार्यक्रमले मातृपोषण, आमामा देखिने समस्याहरू, बच्चामा देखिने समस्याहरू तथा न्यूनपोषण चक्रलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिन्छ।




## ३.८ नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी रणनीति पत्र, २०६१

नेपालमा प्रारम्भिक बालविकाससम्बन्धी रणनीतिपत्र - २०६१ ले देशमा प्रारम्भिक बालविकास कार्यक्रमको विस्तार एवम् गुणस्तरीय विकासका लागि विभिन्न योजनाहरू तर्जुमा गरेको छ ।

यस रणनीति पत्रले नेपालमा विभिन्न नामबाट सञ्चालित प्रारम्भिक बालविकाससम्बन्धी कार्यक्रमहरू जस्तैः नर्सरी, किन्डरगार्टेन, बालविकास केन्द्रहरू जुनसुकै नामबाट सञ्चालन भएको भए तापनि सबै कार्यक्रमहरूले बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै सेवाहरू प्रदान गर्नुपर्दछ भन्ने कुरा किटान गरेको छ । यसले गर्भावस्थादेखि ५ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि सञ्चालित कार्यक्रमहरू स्वास्थ्य, पोषण, सुरक्षा र बाल शिक्षासम्बन्धी सबै सेवाहरू उपलब्ध गराउनु पर्ने स्पष्ट उल्लेख गरेको छ ।

यसले विभिन्न तहमा बालबालिकासँग सम्बन्धित सेवा प्रदायकहरूको बीचमा आपसी स्रोत साधनहरूको परिचालन गर्न समन्वय गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्न र कार्यक्रमको दिगोपनाका लागि सम्बद्ध गैरसरकारी संस्था, सामुदायमा आधारित संस्थाहरू र स्थानीय सरोकारवालाहरूका बीचमा सहकार्य गर्नुपर्नेमा जोड दिएको छ ।

यस रणनीति पत्रमा सरकारबाट प्राप्त अनुदानका अतिरिक्त स्थानीय तहमै प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोतहरू परिचालन गर्ने जिम्मेवारी पनि दिइएको छ ।

यसै गरी केन्द्रीय तहमा प्रारम्भिक बालविकास कार्यक्रमहरूले सम्बन्धित सबै मन्त्रालयहरू र अन्य संस्थाहरूबाट सहयोग प्राप्त गर्ने छन् । यसका लागि शिक्षा मन्त्रालयमा एउटा प्रारम्भिक बालविकास परिषद् हुने र सो अन्तर्गत अन्य मन्त्रालयहरूसँग समन्वय गरिने उल्लेख छ ।

यसमा प्रारम्भिक बालविकासका लागि सबै क्षेत्रमा सहयोग गर्नुका साथै अति दुर्गम एवम् पिछडिएका समुदायमा प्रारम्भिक बालविकास सञ्चालनका लागि आवश्यक थप सहयोगहरू सरकारबाट उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ ।

यसले समुदायमा आधारित र विद्यालयमा आधारित दुवैथरिका प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गर्न जोड दिएको भए तापनि अन्य सबै किसिमका प्रारम्भिक बालविकास कार्यक्रमहरूको आवश्यकतामा पनि जोड दिएको छ ।

प्रारम्भिक बालविकास कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन र कार्यक्रमको मूल्याङकन गर्न पनि समुदायको संलग्नता हुनु पर्नेमा जोड दिएको छ ।

यसले प्रारम्भिक बालविकासमा अभिभावक एवम् परिवारको भूमिका महत्त्वपूर्ण हुने पनि उल्लेख गरिएको छ । यसका लागि अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्न र सोहीअनुसार अभिभावकहरूलाई बालविकास कार्यक्रमहरूमा संलग्न गर्नुका साथै यसबाट प्रारम्भिक बालविकास कार्यक्रमहरूलाई दिगो बनाउन सकिने उल्लेख छ ।

स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूको गुणस्तर र एकरूपता कायम गर्न पाठ्यक्रम स्रोत सामग्रीहरू एवम् पाठ्यक्रम दिग्दर्शनको निमार्ण गरिने उल्लेख छ ।

त्यस्तै, कार्यक्रमहरूको गुणस्तरीय एवम् प्रभावकारी रूपले सञ्चालनका लागि आवश्यक भौतिक एवम् मानवीय स्रोतहरूको विकास गर्न आवश्यक सहयोग उपलब्ध गराउने उल्लेख छ ।

निजी क्षेत्रका उद्यमीहरूलाई पनि प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन गर्न र सञ्चालन गर्नमा सहयोग पुर्‍याउन प्रोत्साहित गरेको छ ।

प्रारम्भिक बालविकासका लागि आवश्यक मानवीय स्रोतको विकासका लागि शिक्षा विभागले आफ्ना मातहतका एकाइहरू परिचालनका साथै विभिन्न विश्वविद्यालयहरू, अन्तर्राष्ट्रिय, राष्ट्रिय गैरसरकारी

संस्थाहरू र समुदायमा आधारित संस्थाहरूलाई संलग्न गराई तालिम, प्रबोधीकरण र सचेतना कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्थ्या गरेको छ ।

प्रारम्भिक बालविकास केन्द्रहरूका लागि आवश्यक पर्ने कक्षाकोठाको भित्री र बाहिरी सामग्रीहरू के र कस्ता गुणस्तरका हुनु पर्छ भन्ने पनि उल्लेख गरेको पाइन्छ ।

## ३.९ बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४

बालमैत्री स्थानीय शासन बालअधिकारसम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९ को अवधारणा, नेपालको संविधान, २०७२ मा भएको बालअधिकारसम्बन्धी व्यवस्था, नेपालको चौधौं आवधिक योजना (२०७३/७४–२०७५/०७६), बालबालिकासम्बन्धी ऐन, २०४८ तथा स्थानीय शासन ऐन, २०७४ ले बालबालिकाको पक्षमा नीतिगत एवं कानुनी प्रावधान राखी बालअधिकारको समग्र पक्षमा वकालत गरेका छन्। स्थानीय सरकारको रूपमा रहेका नगरपालिका, गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रूपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा समावेश गर्दै कार्यान्वयनमा लैजान बालमैत्री स्थानीय शासन उपयुक्त र प्रभावकारी हुने देखिन्छ।

विगतमा साविकका केही नगरपालिका र गाँउ विकास समितिहरूले नमुनाको रूपमा बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम सञ्चालन गरेका थिए। त्यस्ता कार्यक्रमहरू बीच एकरूपता ल्याउन, सामन्जस्य कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक ठानियो र स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकारसम्बन्धी सवाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकासको थालनी गर्न गराउनको लागि बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा ल्याइएको थियो। नयाँ संविधान अनुसार भएको राज्यको पुनर्संरचना, स्थानीय तहमा थपिएको थप जिम्मेवारी एवं प्रान्तीय सरकारको भूमिका लगायतका विषयलाई सम्बोधन गरी नयाँ रणनीति लिन आवश्यक भएकोले स्थानीय शासनः राष्ट्रिय रणनीति, २०७४ कार्यान्वयनमा ल्याइएको छ।

### बालमैत्री स्थानीय शासन रणनीतिको उद्देश्य

बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम सञ्चालनको रणनीति, कार्यनीति, समन्वय, उपलब्धि र अन्तिम नतिजा प्राप्तिमा एकरुपता ल्याउन सहयोग पुऱ्याउनु यस रणनीतिको उद्देश्य रहेको छ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले स्थानीय तहलाई देहायका विषयमा सहयोग पुऱ्याउँछ :

क) स्थानीय, प्रान्तीय र केन्द्रीय तहहरूबाट स्थानीय तहमा बालबालिकाको क्षेत्रमा सञ्चालन हुने बालबालिकासम्बन्धी योजना तथा कार्यक्रमलाई नतिजामुखी एवं प्रभावकारी बनाउने ।

ख) बालबालिकाको परिपक्वता र क्षमताको आधारमा स्थानीय शासन पद्धतिमा बालसहभागिता अभिवृद्धि गर्ने ।

ग) स्थानीय तह र सेवा प्रवाहसम्बन्धी संस्थाहरूलाई जवाफदेही र उत्तरदायी बनाउने ।

घ) बालअधिकारप्रति वयस्कहरूको सकारात्मक सोचको विकास र सहमतिको वातावरण सिर्जना गर्ने ।

ङ) स्थानीय तह र तिनका विषयगत शाखा, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार र स्थानीय समुदायको साधन र स्रोत बालबालिकाको क्षेत्रमा प्रवाहित गर्ने ।

च) बालबालिकाहरूमाथि हुने सबै प्रकारका हिंसा, शोषण र विभेदको अन्त्य गर्ने ।

# परिच्छेद ४ प्रारम्भिक बालविकास कार्यक्रमको सञ्चालनमा स्थानीय तहको भूमिका

नेपालमा विद्यमान नीति एवम् योजनाहरूमा उल्लेख भएअनुसार प्रारम्भिक बालविकाससम्बन्धी स्थानीय तहको भूमिकालाई निम्न पाँच पक्षहरूमा विभाजन गरेर हेर्न सकिन्छ।

१. **नीति निर्माण**

२. **योजना तर्जुमा**

३. **योजना कार्यान्वयन/कार्यक्रम सञ्चालन**

४. **अनुगमन**

५. **मूल्याङ्कन**

## ४.१. नीति निर्माण

नेपालको संविधान र अन्य कानुनहरूले प्रत्यायोजित गरेका अधिकारलाई आधार मानी स्थानीय निकायले प्रारम्भिक बालविकाससम्बन्धी नीतिहरू औपचारिक रूपमा नै निर्माण गर्नुपर्दछ। यस्तो नीति निर्माण गर्दा बालबालिकाहरूलाई केन्द्रमा राखेर उनीहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यका साथ नीति निर्माण गर्नुपर्दछ। नेपालले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरू जस्तैः दिगो विकास लक्ष्य प्राप्ति, बाल अधिकारसम्बन्धी महासन्धी र सबैका लागि शिक्षा एवम् बालमैत्री सिद्धान्तहरूलाई पनि ध्यानमा दिई नीति निर्माण गर्नुपर्दछ। नीति निर्माण गर्दा स्थानीय समुदायको आवश्यकता, क्षमता र संस्कृतिलाई पनि ध्यान दिनुपर्दछ। नीति निर्माण गर्दा प्रारम्भिक उमेरका बालबालिकासँग सम्बन्धित सबै सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय एवम् अन्य सबै सरोकारवालाहरूको राय सल्लाह लिनु आवश्यक हुन्छ। यसरी सबै सरोकारवालाहरूको सुझावबाट नीति निर्माण भएमा आगामी दिनहरूमा ती नीतिहरू कार्यान्वयन गर्न सहज हुन्छ।




## ४.२ योजना तर्जुमा

प्रारम्भिक बालविकाससम्बन्धी नीतिहरू कार्यान्वयनमा ल्याउन स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी आवश्यक योजना तर्जुमा गर्नुपर्दछ। योजना तर्जुमाको आधार स्थानीय तहमा निर्माण भएको नीति अनुसार हुनुपर्दछ। योजना वार्षिक, आवधिक वा दीर्घकालीन दुबै किसिमका




बनाउनु पर्दछ। वार्षिक योजना अल्पकालीन प्रकृतिको हुने भएकोले यस्ता योजनामा एक आर्थिक वर्षभित्र गरिने क्रियाकलाप समेट्नु पर्दछ भने दीर्घकालीन योजनामा तीन वा पाँच वर्षभित्र गरिने कार्यक्रमहरू समावेश गरिनु पर्दछ। योजना तर्जुमा गर्दा स्थानीय तहको वस्तुस्थिति र आवश्यकतालाई ध्यान दिई बनाउनु पर्दछ। योजना बनाउँदा स्थानीय क्षेत्रका सबै उमेर समूह (गर्भावस्था देखि ५ वर्ष) का बालबालिकाहरूको पूर्ण क्षमता विकास गर्न पाउने अवसरहरू प्रदान गर्ने उद्देश्यका साथ बनाउनुपर्दछ।

योजना तर्जुमा गर्दा हाल उपलब्ध प्रारम्भिक बालविकाससँग सम्बन्धित सेवाका कार्यक्रमहरू गाउँपालिका, नगरपालिकाको कुन वडा वा टोलमा सञ्चालित छन् सोका सम्बन्धमा जानकारी लिनुपर्दछ। यसका लागि सर्वप्रथम आवश्यक तथ्याङ्क सङ्कलन गर्नुपर्दछ। यस्ता आवश्यक तथ्याङ्कहरू सम्बन्धित स्थानीय तहको पार्श्वचित्रबाट पनि लिन सकिन्छ। योजना तर्जुमा गर्दा स्थानीय तहमा प्रारम्भिक बालविकाससँग सम्बन्धित सेवा प्रदायकहरू कुन कुन छन् सोसम्बन्धी पनि जानकारी लिनु आवश्यक हुन्छ। यसका साथै आफ्नो क्षेत्रमा के कस्ता आर्थिक स्रोत उपलब्ध छन् वा हुन सक्दछन्, के कस्ता मानवीय स्रोत एवम् अन्य भौतिक स्रोतहरू उपलब्ध छन्, सोको समेत लेखाजोखा गर्नुपर्दछ।

योजना तर्जुमाको क्रममा बालविकाससँग सम्बन्धित स्थानीय तह, बालविकाससँग सम्बन्धित कार्य गर्ने अन्य निकाय, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरू एवम् अन्य सबै सरोकारवालाहरूलाई सहभागी गराउनुपर्दछ।

यसरी सरोकारवालाहरूले जे जस्तो सेवा प्रदान गर्दै आएका छन् तिनलाई सोही क्षेत्रको सेवा प्रदान गर्ने जिम्मेवारी पनि दिनु उपयुक्त हुन्छ। जस्तैः स्थानीय तहमा उपलब्ध प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी छन् भन्ने उक्त प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा स्वास्थ्य कार्यकर्ताहरूको जिम्मेवारीमा त्यस भेगका सबै प्रारम्भिक उमेरका बालबालिका, यस उमेरका बालबालिका हुने बालविकास केन्द्रहरूका साथै कार्यक्रमहरूले समेटिएका सबै बालबालिकालाई आवश्यक स्वास्थ्य सेवा सम्बन्धित निकाय वा व्यक्तिहरूबाट प्रदान गरिने जिम्मेवारी सुनिश्चित गर्नुपर्दछ।

योजना तर्जुमा गर्दा कुन काम कुन समय अवधिभित्र सम्पन्न गरी सक्ने हो सोको पनि उल्लेख गर्नुपर्ने हुन्छ। यसरी समय अवधि तोकेर योजना तर्जुमा गर्दा कुन पक्ष, संस्था वा व्यक्तिको के के जिम्मेवारी हुनु पर्नेछ सोको उल्लेख गर्नुपर्ने हुन्छ। प्रारम्भिक बालविकासको विस्तृत योजना तर्जुमा गर्दा "स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशाला स्रोत सामग्री" मा उल्लेख भए अनुसार प्रक्रिया अपनाउनु पर्नेछ।[30]




30 सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७५

यसरी योजना बनाउँदा कुन कार्यक्रमका लागि के कति आर्थिक स्रोतको आवश्यकता पर्दछ, के कस्ता मानवीय स्रोत एवम् अन्य भौतिक स्रोतहरूको आवश्यकता पर्नेछ भन्ने उल्लेख गर्नुपर्नेछ। योजना बनाउँदा योजना कार्यान्वयन गर्न आवश्यक पर्ने रकम कुन स्रोतबाट व्यहोरिने हो सोको समेत उल्लेख गर्नुपर्दछ।

आर्थिक स्रोतसम्बन्धी योजना बनाउँदा सङ्घीय सरकारबाट र विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट उपलब्ध हुने र स्थानीय तहमा सङ्कलन गर्न सकिने राजश्व एवम् अन्य स्रोतहरूसमेत समावेश गरिनुपर्दछ।

आर्थिक स्रोतहरूको बाँडफाँड गर्दा पिछडिएका दुर्गम एवम् सीमान्तकृत बालबालिकाहरूको समुचित विकासलाई ध्यान दिनुपर्दछ।

मानवीय स्रोतका सम्बन्धमा त्यस क्षेत्रमा उपलब्ध प्रारम्भिक बालविकास कार्यक्रममा अति आवश्यक प्राविधिक स्रोत व्यक्तिहरू शिक्षा, स्वास्थ्य र पोषणसँग सम्बन्धित कार्यकर्ताहरू के कति सङ्ख्यामा छन्, योजना अनुसार कार्यक्रम सञ्चालन गर्न कति मानवीय स्रोतको आवश्यक पर्दछ र कुन कुन तहमा र कुन कुन क्षेत्रमा मानवीय स्रोतको कमी छ सोका सम्बन्धमा लेखाजोखा गर्नुपर्दछ।

यसरी नपुग मानवीय स्रोत आपूर्ति गर्नका लागि आवश्यकता अनुसार तालिम र दक्षता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुँदा यसलाई पनि योजनाभित्र पार्नुपर्दछ।

योजना अनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने भौतिक स्रोतहरू के के आवश्यकता पर्दछन् के कति नपुग छन् सोका सम्बन्धमा पनि ध्यान दिनुपर्नेछ। यसरी अन्य स्रोतहरू अन्तर्गत बालबालिकालाई सेवा प्रदान गर्ने स्वास्थ्य, पोषण तथा प्रारम्भिक बालविकास केन्द्रहरू के कति उपलब्ध छन् र कतिओटा थप केन्द्रहरूको आवश्यकता छ सो कुरा उल्लेख गर्नुपर्दछ। त्यस्तै बालविकास केन्द्र सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारहरू जस्तैः कक्षा कोठा, सिकाइक्षेत्र, शैक्षिक सामग्रीहरू, बालबालिकाको सिकाइ सामग्रीहरू, खेल सामग्रीहरू एवम् पोषण र स्वास्थ्यसम्बन्धी आवश्यक पर्ने सबै स्रोत साधनहरू उल्लेख गर्नुपर्दछ।

### स्थानीय तहको योजना तर्जुमा प्रक्रिया

| चरणहरू | समय सीमा |
|---|---|
| **चरण १. बजेटको पूर्वतयारी** | |
| • आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण सङ्घीय सरकारमा पेश गर्ने । | पौष मसान्त भित्र |
| • सङ्घ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने । | चैत्र मसान्त भित्र |
| **चरण २. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | बैशाख १० गते भित्र |
| **चरण ३. बस्ती तहका योजना छनौट** | बैशाख मसान्त भित्र |

| | |
|---|---|
| **चरण ४. वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण** | जेष्ठ १५ भित्र |
| **चरण ५. बजेट तथा कार्यक्रम तर्जुमा** | असार ५ भित्र |
| **चरण ६. गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | असार १० गते भित्र |
| **चरण ७. गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | |
| ● बजेट तथा कार्यक्रम प्रस्तुती | असार १० गते भित्र |
| ● बजेट तथा कार्यक्रम स्वीकृति | पेश भएको मितिले १५ दिन वा असार मसान्त भित्र |

*स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,२०७४*

### स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन

| | |
|---|---|
| (क) **अध्यक्ष वा प्रमुख** | **संयोजक** |
| (ख) **उपाध्यक्ष वा उपप्रमुख** | **सदस्य** |
| (ग) **कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसङ्ख्यकसमेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेका चार जना** | **सदस्य** |
| (घ) **प्रमुख प्रशासकीय अधिकृत** | **सदस्य- सचिव** |

***समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ ।***

*स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,२०७४*

गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न अध्यक्ष वा प्रमुखको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहेको छ। यसै समितिले बजेटको क्षेत्रगत सीमासमेत एकीन गर्ने हुँदा प्रारम्भिक बालविकासको लागि बजेट सीमा निर्धारण गर्नुपर्ने हुन्छ। यस विषयमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई यथेष्ट सूचना र जानकारी उपलब्ध गराउनुपर्ने हुन्छ।

**स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी नीति निर्माण गर्दा बालबालिकाहरूलाई केन्द्रमा राखी समुदायको आवश्यकता, क्षमता र संस्कृति समेतलाई ध्यानमा राखेर निर्माण गर्नुपर्दछ ।**

**योजना अल्पकालीन, दीर्घकालीन तथा आवधिक बनाउनु पर्दछ ।**

**योजना तर्जुमा गर्दा सबै ५ वर्षका बालबालिकाहरूलाई केन्द्रमा राखी उनीहरूको सर्वाङ्गीण विकास गर्ने लक्ष्यका साथ योजना बनाउनु पर्दछ ।**

**स्थानीय तहमा प्रारम्भिक बालविकाससँग सम्बन्धित सबै सरोकारवालाहरूको संलग्नतामा योजना तर्जुमा गर्नुपर्दछ ।**

## ४.३ योजना अनुरुपको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन प्रक्रिया

स्थानीय तहमा सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमहरूको कार्यान्वयन गर्दा ती कार्यक्रमहरूको समयसमयमा अनुगमन गर्ने र कार्यक्रमबाट बालबालिकाहरू, परिवार र समुदायमा के कस्तो प्रभाव पारेको छ भन्ने सम्बन्धमा वार्षिक रूपमा कार्यक्रमहरूको प्रभावकारिताको मूल्याङ्कन गर्नुपर्दछ ।

**कार्यक्रमहरू तर्जुमा गर्दा गर्भावस्थामा रहेको भ्रूण, गर्भवती आमा, जन्मदेखि दुई वर्ष र दुईदेखि पाँच वर्षका बालबालिकाहरूको चौतर्फी विकासका लागि उमेर समूह अनुरुप उपयुक्त कार्यक्रमहरू समावेश गरिनुपर्दछ ।**

कार्यक्रमको कार्यान्वयन गर्दा सञ्चालित कार्यक्रमहरू गर्भावस्थादेखि पाँच वर्ष उमेर समूहका सबै बालबालिकाहरूको सर्वाङ्गीण विकासलाई ध्यानमा राखेर लागु गर्नुपर्दछ।

कार्यक्रमहरू तर्जुमा गर्दा मुख्यतया निम्नलिखित कार्यक्रमहरू समावेश हुनुपर्दछ :

क) गर्भावस्थामा रहेको भ्रूण एवम् गर्भवती आमाका लागि आवश्यक कार्यक्रमहरू

ख) जन्मदेखि २४ महिना (दुई वर्ष) का बालबालिकाहरूका लागि कार्यक्रम र

गां) २५ महिनादेखि ६० महिना सम्म (तीनदेखि पाँच वर्ष) का बालबालिकाहरूका लागि कार्यक्रम

बालबालिकाको वृद्धि एवम् विकास गर्भावस्थादेखि नै द्रुत गतिमा भएको हुन्छ। गर्भाधारणको सुरुको एउटा सानो केराउको आकारको भ्रूण नौ महिनाको अवधिमा एउटा पूर्ण बालकका‍रूपमा विकास भएको हुन्छ। यस्तो तीव्र वृद्धि एवम् विकासको क्रम बालकको सुरुका वर्षहरूमा पनि कायम रहन्छ। अतः यस अवस्थाका बालबालिकाहरूको उचित वृद्धि एवम् विकासका लागि गर्भवती महिला, सुत्केरी आमा र पाँच वर्ष मुनिका बालबालिकाहरूको स्वास्थ्य, पोषण, र संवेगात्मक अवस्थाको विशेष ध्यान पुऱ्याउनका लागि प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ। गर्भवती महिलाले उचित पोषण नपाएको खण्डमा गर्भमा रहेको बच्चाको तौल कम हुनुका साथै उसको शारीरिक एवम् मानसिक विकासमा नकारात्मक असर परी पूर्ण क्षमताको विकासमा अवरोध हुनसक्दछ। त्यस्तै गरी गर्भवती महिलाले आवश्यक स्वास्थ्यसम्बन्धी सेवाहरू जस्तै : रोग प्रतिरोधात्मक खोपहरू नलिएमा वा कुनै रोग भएमा समयमै निदान नगरेको खण्डमा आमाको स्वास्थ्यका साथै गर्भको बच्चाको स्वास्थ्यमा पनि नकारात्मक असर पर्नसक्दछ। त्यसैगरी गर्भवती अवस्थामा आमाले मानसिक डर, चिन्ता, भयको अनुभूति र मानसिक तनाव व्यहोर्नु परेमा त्यसबाट गर्भमा रहेको बच्चालाई पनि प्रत्यक्ष असर पर्नजान्छ। यसले गर्दा त्यस्ता बालबालिकाहरूको वृद्धि र विकासमा नकारात्मक असर पुग्नगएको कतिपय अनुसन्धानहरूले देखाएका छन्। त्यसैले बालबालिकाहरूको उचित

> **प्रारम्भिक बालविकासका लागि सेवा प्रदायक संस्थाहरू मार्फत दिइने सम्बन्धित विषयगत सेवा बालविकास कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालनको सुनिश्चितता गर्नु पर्दछ ।**

विकासका लागि गर्भावस्थादेखि नै प्रारम्भिक बालविकास कार्यक्रमहरू लागु गर्नुपर्दछ। यसैगरी जन्मदेखि ३ वर्ष उमेर समूहका बालबालिकाहरू बढी संवेदनशील (नाजुक) किसिमका हुने र आफैँ स्वतन्त्र रूपले काम गर्न सक्षम भईनसक्ने हुनाले र यस उमेरका बालबालिकाहरूको खानपान र अन्य कार्यमा अभिभावकको बढी आवश्यकता पदर्छ। यस्ता बालबालिकालाई घर परिवारमै राखेर उनीहरूको अभिभावक एवम् सदस्यहरूको प्रत्यक्ष संलग्नतामा स्वास्थ्य, पोषण, उत्प्रेरणा र बालमैत्रीपूर्ण सिकाइ एवम् अन्तरक्रिया गर्ने अवसर प्रदान गर्नुपर्दछ। त्यसैले यस उमेर समूहका बालबालिकाहरूका लागि घर-परिवारमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

काममा जाने अभिभावकहरूलाई दृष्टिगत गरी यस उमेर समूहका बालबालिकाहरूका लागि दिवा बाल स्याहार वा प्रारम्भिक बाल शिक्षा तथा बालविकास केन्द्रहरू सञ्चालन गर्नुपर्दछ। यस्ता कार्यक्रमहरू मार्फत बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक एवम् बौद्धिक विकास गर्न स्वास्थ्य, पोषण, सुरक्षा र शिक्षासम्बन्धी कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालन गर्नुपर्दछ।

कार्यक्रमको व्यवस्थापन अर्को महत्त्वपूर्ण पक्ष हो। कार्यक्रम कसले सञ्चालन गर्ने, कसले व्यवस्थापन गर्ने, सञ्चालित कार्यक्रमको निरन्तरता र गुणस्तरीयता कसरी सुनिश्चित गर्ने भन्ने पक्षमा पनि ध्यान दिइनुपर्दछ। यसको लागि आवश्यक मानव तथा अन्य स्रोतको उचित व्यवस्थापन तथा परिचालन गरिनुपर्दछ। कार्यक्रम कार्यान्वयन गर्दा कसको भूमिका के हुने भन्ने कुरा पहिले नै स्पष्ट गरिएको हुनुपर्दछ।

उदाहरणका लागि स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवा प्रदायक संस्था (स्वास्थ्य चौकी) लाई नै त्यस समुदायमा रहेका सम्पूर्ण बालबालिकाहरूको स्वास्थ्यसम्बन्धी सबै सेवाहरू प्रदान गर्ने सुनिश्चित गर्नुपर्दछ ।

### कार्यक्रम वा क्रियाकलापहरूको उदाहरण :

स्थानीय तहमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ । सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा छनोट भएका आयोजनाहरू मध्ये स्रोतको उपलब्धताको आधारमा प्राथमिकतामा परेका आयोजनाहरू छनोट गर्नुपर्ने प्रावधान उक्त ऐन र योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले गरेको छ ।

#### बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन

| | |
|---|---|
| **(क) उपाध्यक्ष वा उपप्रमुख** | **संयोजक** |
| **(ख) विषयगत क्षेत्र हेर्ने गाऊँ वा नगर कार्यपालिकाका सदस्यहरू** | **सदस्य** |
| **(ग) प्रमुख प्रशासकीय अधिकृत** | **सदस्य** |
| **(घ) योजना महाशाखा/विभाग वा शाखा प्रमुख** | **सदस्य सचिव** |

*स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,२०७४*

## ४.४ अनुगमन

स्थानीय तहमा सञ्चालित सबै किसिमका प्रारम्भिक बालविकास कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय तहमै कार्यक्रमहरूको निरन्तर अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा कार्यक्रम कसरी सञ्चालन भएको छ, यसको प्रभावकारिता कस्तो छ, के कहाँ कमी कमजोरी छन् सो कुरा समयमै पत्ता लगाई सम्बन्धित सरोकारवालाहरूलाई आवश्यक सुधार एवम् परिमार्जन गर्न अनुगमन पश्चात् तुरुन्तै सुझाव दिनुपर्दछ।



अनुगमन गर्ने क्रममा पछिल्लो पटक अनुगमन गर्दा पहिलेको अनुगमनमा देखिएका कमी कमजोरी हटाउन दिइएका सुझावहरू कार्यान्वयन भए नभएको र पछिल्लो अनुगमनमा पाइएको वस्तुस्थितिप्रति ध्यान दिई कार्यक्रममा आवश्यक सुधारका लागि थप सुझावहरू सम्बन्धित सरोकारवालाहरूलाई दिनुपर्दछ। कार्यक्रमको निरन्तर अनुगमन तथा सहयोगका लागि एक जना जिम्मेवार व्यक्ति (focal person) तोक्न पनि सकिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम गाउँपालिका वा नगरपालिकाको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा सुपरिवेक्षण समितिबाट गाउँपालिका तथा नगरपालिकाको नियमित अनुगमन गर्नुपर्ने प्रावधान रहेको छ। उक्त समितिले प्रारम्भिक बालविकाससँग सम्बन्धित योजनाको नियमित अनुगमन गरी कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्नेहुन्छ।

**स्थानीय तहमा सञ्चालित सबै किसिमका प्रारम्भिक बालविकास कार्यक्रमहरूको नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ।**

**कार्यक्रमको अनुगमनमा सरोकारवाला सबै (व्यक्ति तथा संस्था) को प्रतिनिधित्व हुनुपर्दछ।**

**अघिल्लो अनुगमनका क्रममा पछिल्लो पटक अनुगमन गर्दा दिइएका सुझावहरू के कति कार्यान्वयन भए भएनन् भन्ने विषयमा पछिल्लो अनुगमनमा लेखाजोखा गर्नुपर्दछ।**

### अनुगमन तथा सुपरिवेक्षण समितिको गठन

| | |
|---|---|
| **उपाध्यक्ष वा उपप्रमुख** | **संयोजक** |
| **अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरू मध्येबाट दुई जना सदस्य** | **सदस्य** |
| **प्रमुख प्रशासकीय अधिकृत** | **सदस्य** |
| **प्रमुख, योजना विभाग/महाशाखा/शाखा र एकाई** | **सदस्य- सचिव** |


***उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।***

*स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,२०७४*

## ४.५ मूल्याङ्कन

प्रत्येक कार्यक्रम के कति प्रभावकारी रूपमा सञ्चालन भए र तिनले बालबालिकाहरूको स्वास्थ्य, पोषण र सिकाइमा के कति उपलब्धि हासिल गरे भन्ने सम्बन्धमा प्रत्येक साल कार्यक्रमको वार्षिक मूल्याङ्कन गर्नुपर्दछ । यसरी मूल्याङ्कन गर्दा कार्यक्रमको सञ्चालन एवम् व्यवस्थापन, कार्यक्रमका उपलब्धिहरूका साथै अभिभावक र स्थानीय समुदायमा के कस्तो प्रभाव पारेको छ सोबारे परिमाणात्मक एवम् गुणात्मक पक्षहरूको मूल्याङ्कन गर्नुपर्दछ । कार्यक्रम योजना अनुरूप सञ्चालन गरिएको थियो कि थिएन, लक्षित वर्ग, समय, स्रोत परिचालन र व्यवस्थापन पर्याप्त र उपयुक्त थियो कि थिएन आदि कुराहरू मूल्याङ्कन गर्नुपर्दछ ।








यस्तो खालको मूल्याङ्कन स्थानीय तहमा प्रत्येक शैक्षिक वर्षको अन्तमा गर्नुपर्दछ । मूल्याङ्कन गर्दा निम्न प्रक्रियाहरू अपनाउनु आवश्यक हुन्छ :

१. मूल्याङ्कन गर्दा प्रारम्भिक बालविकाससँग सम्बन्धित सबै सरोकारवालाहरूको संलग्नता सुनिश्चित गर्नुपर्दछ ।

२. मूल्याङ्कनबाट कार्यक्रमले निर्दिष्ट गरेको लक्ष्य एवम् उद्देश्यहरू के कति पुरा भए भएन सोको लेखाजोखा गर्नुपर्दछ ।

३. मूल्याङ्कनको विश्वसनियताका लागि आवश्यकता अनुसार कार्यक्रम सञ्चालनमा संलग्न नभएका बाह्य विशेषज्ञहरूबाट मूल्याङ्कन गराउनु उपयुक्त हुन्छ भने कतिपय अवस्थामा कार्यक्रम सञ्चालनमा प्रत्यक्ष संलग्न सरोकारवालाहरूबाट पनि कार्यक्रमको स्वमूल्याङ्कन गरिनुपर्दछ ।

४. मूल्याङ्कनले प्रारम्भिक बालविकास कार्यक्रमको परिमाणात्मक एवम् गुणात्मक पक्षहरूलाई समेट्नुपर्दछ ।

५. मूल्याङ्कनबाट प्राप्त नतिजाहरूको स्थानीय सरोकारवालाहरूले विश्लेषण गरी उल्लेख गरिएका कमी कमजोरीहरूमा सुधार ल्याउनुपर्दछ भने मूल्याङ्कनले देखाएका सबल पक्षहरूको सुदृढीकरण एवम् विस्तार गरिनुपर्दछ।

६. मूल्याङ्कनबाट प्राप्त नतिजाहरूको आधारमा आगामी वर्षको कार्यक्रम तर्जुमा गर्दा आवश्यकता अनुसार परिमार्जन एवम् सुधार गरिनुपर्दछ।

**आगामी वर्षको कार्यक्रम तर्जुमा गर्दा मूल्याङ्कनबाट प्राप्त नतिजाहरूको आधारमा कार्यक्रमको आवश्यकता अनुसार परिमार्जन एवम् सुधार गरिनुपर्दछ।**

स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाबाट कार्यान्वयन भएका योजनाहरूको तेस्रो पक्ष मूल्यांकन गर्न सकिने प्रावधान राखेको छ। प्रारम्भिक बाल विकाससँग सम्बन्धित योजनाहरूको तेस्रो पक्षबाट मूल्यांकन गर्न सकेमा यसको नतिजा सरोकारवालाहरू सबैलाई जानकारी गराउन, विनियोजित बजेटको पुष्ट्याई गर्न तथा थप कार्यक्रमहरू तर्जुमा गर्न सहयोग पुग्ने देखिन्छ।

**प्रारम्भिक बालविकासका लागि सञ्चालित कार्यक्रमले निर्दीष्ट गरेको लक्ष्य हासिल भए नभएको प्रत्येक वर्षको अन्त्यमा मूल्याङ्कन गरिनुपर्दछ।**

**मूल्याङ्कन गराउँदा कार्यक्रममा प्रत्यक्ष संलग्न भएका सरोकारवालाहरूबाट (आन्तरिक) र साथै कार्यक्रममा संलग्न नभएका बाह्य विशेषज्ञबाट (स्वतन्त्र) गराउनुपर्दछ।**

परिच्छेद
५

# स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयन

माथि परिच्छेद १ मा उल्लेख गरिए जस्तै प्रारम्भिक बालविकासको लक्ष्य भनेको गर्भावस्थादेखि ५ वर्ष उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु हो। बालबालिकाको निश्चित उमेरमा उनीहरूको विकासात्मक व्यवहार र आवश्यकताहरू फरक फरक हुन्छन्। तसर्थ बालबालिकाको विकासात्मक आवश्यकतालाई ध्यानमा राखी उनीहरूलाई सोहीअनुरूप सहयोग पुऱ्याउनु पर्दछ। स्थानीय निकायले आफ्नो क्षेत्रका सबै बालबालिकाहरूलाई समेट्ने गरी बालबालिकाको उमेरको आधारमा आवश्यक पर्ने वातावरणलाई ध्यानमा राखेर प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। यी विभिन्न उमेर समूहका बालबालिकाहरूका लागि सञ्चालन गर्न सकिने उमेर अनुरुपका प्रारम्भिक बालविकासका कार्यक्रमहरू र ती कार्यक्रमहरू सञ्चालन गर्दा ध्यान दिनुपर्ने विषयहरू तल उल्लेख गरिएका छन्।


## ५.१. उमेर अनुरूपका प्रारम्भिक बालविकासका कार्यक्रमहरू

मुख्यतया बालबालिकाहरूलाई प्रदान गरिने सेवाको आधारमा प्रारम्भिक बालविकासका कार्यक्रमहरूलाई तीन समूहमा विभाजन गर्न सकिन्छ। ती हुन् : (१) गर्भावस्था, (२) जन्मदेखि २४ महिना (जन्मदेखि २ वर्ष), र (३) २५ देखि ६० महिना (२ वर्षदेखि ५ वर्ष)। तर कुनै कुनै कार्यक्रमहरू सबै उमेर समूहका बालबालिकाहरूका लागि उत्तिकै सान्दर्भिक एवम् आवश्यक हुन्छन्। यी विभिन्न उमेर समूहका बालबालिकाहरूका लागि सञ्चालन गर्नपर्ने वा गर्नसकिने कार्यक्रमहरूका बारे तल चर्चा गरिन्छ।

### ५.१.१ गर्भावस्थाको समयमा

बालबालिकाको विकास गर्भावस्थादेखि नै हुने भएकाले उनीहरूको आवश्यकता अनुसारको विकासको वातावरण प्रदान गर्नुपर्दछ। गर्भावस्थामा बालबालिकाको विकासको लागि गर्भवती आमाको स्वास्थ्य, पोषण, शारीरिक तथा मनोसामाजिक अवस्थाको विशेष ख्याल गर्नुपर्दछ। गर्भवती आमाको शारीरिक तथा मानसिक स्वास्थ्यसँग गर्भमा रहेको शिशुको स्वास्थ्यको प्रत्यक्ष सम्बन्ध रहने हुनाले गर्भवती आमालाई विशेष हेरचाह र खानाको व्यवस्था हुनुपर्दछ। समय समयमा स्वास्थ्य परीक्षण गर्नुपर्दछ। गर्भवतीले खाने खाना सन्तुलित, सफा र स्वास्थ्यकर हुनुपर्दछ। आमाले पाउने सकारात्मक वातावरणले गर्भमा रहेको बच्चाको विकासमा सकारात्मक प्रभाव पार्दछ। तसर्थ गर्भवती महिलालाई कार्यबोझमा कमी गरी तनाव हुनबाट जोगाउनु पर्दछ।







**गर्भावस्थामा आमाको स्वास्थ्य, पोषण, शारीरिक तथा मनोसामाजिक अवस्थामा शिशुको विकास निर्भर हुने हुनाले गर्भवती आमाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ । यसका लागि सुनौला हजार दिन एउटा महत्त्वपूर्ण कार्यक्रम हो ।**

गर्भावस्थामा गर्भवती आमा र बच्चाको विशेष ध्यान पुऱ्याइएन भने बालबालिकाको विकासमा विभिन्न किसिमका समस्या र बाधा आउन सक्दछन् । यस्ता समस्या र विकासमा हुने बाधाले बालबालिकालाई अपाङ्ग समेत बनाउन सक्दछ। तसर्थ गर्भवती महिलाको आवश्यकतालाई ध्यान दिई स्वास्थ्य, पोषण, उत्प्रेरणा र बालबालिकाको स्याहार तथा विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। तसर्थ यस समयमा गर्भवती महिलाको नियमित स्वास्थ्य जाँचको व्यवस्था (कम्तिमा ४ पटक), पोषण, बाल स्याहार तथा उत्प्रेरणासम्बन्धी विशेष जानकारी दिने कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

यस अवस्थामा शिशु आमाको गर्भमा नै हुने भएको तर आमाको स्वास्थ्य, पोषण, शारीरिक तथा मनोसामाजिक अवस्थामा शिशुको विकास निर्भर हुनेहुनाले गर्भवती आमाका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ। यसका लागि सुनौला हजार दिन एउटा महत्त्वपूर्ण कार्यक्रम हो।

### ५.१.२ जन्मदेखि २४ महिना (जन्मदेखि २ वर्षसम्मको) उमेरमा

उमेर अनुसार बालबालिकाको आवश्यकता फरक हुनेहुनाले जन्मदेखि २४ महिना उमेरमा बालबालिकालाई डर, त्रास, खतराबाट सुरक्षित गर्ने, पोषणयुक्त खाना खुवाउने, स्वास्थ्य स्याहारसुसार, खोप (१५ महिना मुनिको बालबालिकालाई ११ प्रकारका खोप दिइन्छ। खोपसम्बन्धी विस्तृत जानकारीका लागि अनुसूची २ हेर्नु होला), सरसफाइ तथा उत्प्रेरणावर्धक क्रियाकलापहरू गराउनु पर्दछ। तसर्थ यो उमेरका बालबालिकाको लागि घरमा आधारित परिवार केन्द्रित कार्यक्रमहरूको बढी आवश्यकता पर्दछ। तथापि २ वर्षको उमेरदेखि बालबालिकालाई केन्द्रमा आधारित कार्यक्रमहरूमा सहभागी गराउन सकिन्छ। बालबालिकालाई केन्द्रमा राख्दा उनीहरूको स्वास्थ्य, सुरक्षा र पोषणयुक्त खानाको व्यवस्थापन सुनिश्चित गरिएको हुनुपर्दछ।

यस उमेरका बालबालिकालाई डर, त्रासबाट सुरक्षित राखी, चेतना शक्ति विकास हुने खेल र खेलौनासँग खेल्ने, बुझ्ने भाषामा दोहोरो कुरा गर्ने, बच्चाले बोलेको कुरामा ध्यान दिने तथा गीत संगित सुनाउने क्रियाकलापहरू गर्नुपर्दछ। यस उमेरका बालबालिकाहरू ठूलाले गरेका कामको नक्कल गर्ने, के भन्न खोजेको हो बुझ्ने, कथा सुन्न मन पराउने, नयाँ काम, खेल अन्वेषण गर्ने, हिड्ने, भऱ्याङ्ग चढ्ने, आफ्नो सामान चिन्ने, नयाँ साथी बनाउन खोज्ने, सानो सानो समस्या सुल्झाउन खोज्ने, नक्कल गरी खेल्न मन पराउने, केही काम पुरा गर्न सकेमा मखख हुने, आत्मगौरव ठान्ने स्वभावका हुन्छन्।





बालबालिकाको यस उमेरमा नयाँ सीप सिक्ने, काम सिक्ने र भाषाको छिटो छिटो विकास हुन्छ। यो उमेरका बालबालिका सजिलैसँग हत्केला, औँला सञ्चालन गर्नसक्ने, राम्रोसँग दौडने, चढ्ने, हामफाल्ने, आफैँले जे काम पनि गर्न खोज्ने, किन, कसरी, कहाँ जस्ता धेरै प्रश्नहरू गर्ने जिज्ञासु हुन्छन्।

यसैले बालबालिकालाई उल्लिखित अवस्थाको साथै शरीर सञ्चालन, भाषा बोल्ने सीप, सोच्ने सीप विकास गर्न र आत्मनिर्भर बनाउन विभिन्न किसिमका खेल खेल्नदिने, नयाँ कुरा सिक्न, र समस्या समाधान गर्न र नयाँ कुराको अन्वेषण गर्नदिने गर्नुपर्दछ। साथीसँग खेल्नदिने, आफैँले नियन्त्रण गर्ने खेल खेल्नदिने, स्वास्थ्य, स्याहार, सरसफाइ गर्ने जस्ता सीप विकास गर्ने क्रियाकलापहरू गराउनु पर्दछ। बालुवा, डोरी, रिङ्ग, पजल आदि खेल्नदिने, अभिनय गर्ने खेल खेल्नदिने, रङ्ग भर्ने, च्यात्ने, टाँस्ने जस्ता खेल खेलाउने गर्नुपर्दछ।

यस उमेरका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि घरमा आधारित कार्यक्रम, अभिभावक शिक्षा तथा दिवा शिशु विकास तथा स्याहार केन्द्रहरू पनि सञ्चालन गर्न सकिन्छ।

**बालबालिकाहरूलाई सबै ११ प्रकारका खोपहरू १५ महिनाको उमेरसम्ममा दिइ सक्नुपर्दछ।**

**यस उमेरका सबै बालबालिकाहरूको तौल तथा वृद्धि अनुगमन मासिक रूपमा गर्नुपर्दछ।**

**यस उमेरका बालबालिकाहरूलाई सुरक्षित राख्न घर वरिपरि, समुदाय र बालविकास केन्द्रमा पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्दछ।**

**यो उमेर समूहमा बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक तथा मस्तिष्क विकास तीव्र गतिमा हुने भएकोले उनीहरूको सर्वाङ्गीण विकासलाई ध्यानमा राखी उपयुक्त प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरिनुपर्दछ।**

### ५.१.३ २५ देखि ६० महिना (२ देखि ५ वर्ष) सम्मको उमेरमा

यस उमेरमा बालबालिकाहरू आफै काम गर्न खोज्ने, धेरै कुरा गर्ने, धेरै बोल्ने, आफ्नो मनको भाव व्यक्त गर्नखोज्ने हुन्छन्। उनीहरूको भाषिक सीप विकास गर्न यो उमेरमा धेरै कुरा गर्ने, उनीहरूको प्रश्नको जवाफ दिने गर्नुपर्दछ। बालबालिकाहरू ठूलाले गर्ने काम गर्न खोज्ने, शारीरिक सीप सिक्न खोज्ने, साथीसँग खेल्न चाहने, मिलेर खेल्ने तर आफ्नो वस्तु, सामान, खाना अरुलाई दिन नचाहने हुन्छन्। उनीहरूको सामाजिक सीप विकास गर्न खेल खेलाउने, समस्या समाधान गर्न







दिने गर्नुपर्दछ। उनीहरूको कुरा ध्यानपूर्वक सुन्ने, कथा भन्ने, अनुभव बताउन दिने, समूहमा खेल्न दिने, गन्ती गर्न दिने, प्रार्थना, ध्यान गर्न दिने, सम्झेर भन्न लगाउने, सोच्नु पर्ने खेलहरू खेलाउने गर्नाले बालबालिकाको सिर्जनात्मक क्षमता बढ्छ।[३१]

बालबालिका आफ्नै सामाजिक सांस्कृतिक परिवेशमा हुर्किने हुनाले प्रारम्भिक बालविकासको अवसर दिन बालबालिका जहाँ हुन्छन् त्यही नै प्रारम्भिक बालविकास सेवाको व्यवस्था गरिनुपर्दछ। यसको लागि भूगोल, क्षमता, जात, धर्म, आर्थिक अवस्था आदि कुनै पनि कुराले असर गर्नुहुँदैन। तसर्थ प्रत्येक बालबालिकाको सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न विभिन्न वैकल्पिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ।

यदि घरमा हेरालु वा अभिभावक हुन्छन् भने अभिभावक शिक्षा वा घरमा आधारित कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यदि परिवारका सदस्यलाई दैनिक रोजगारी वा काममा बालबालिकालाई एक्लै छोडेर जानुपर्ने अवस्था छ भने यस्ता बालबालिकाको लागि दिवा शिशु स्याहार केन्द्र तथा प्रारम्भिक बालविकास केन्द्रको व्यवस्था गर्नुपर्दछ। यस्ता शिशु स्याहार केन्द्र तथा बालविकास केन्द्रहरू सरकारी संस्थाहरूमा, अस्पतालमा, कलकारखाना चल्ने ठाउँमा वा नजिक, औद्यौगिक क्षेत्रमा, कलेजमा, विधालयमा व्यापार वा बजार क्षेत्रमा वा समुदायको बीचमा सबैलाई पायक पर्ने ठाउँमा हुनुपर्दछ।

## ५.२. घरमा आधारित कार्यक्रमहरू

प्रारम्भिक बालविकासमा अभिभावकको भूमिका अति नै महत्त्वपूर्ण हुन्छ। बालबालिकाको स्वास्थ्य, पोषण, खानपीन तथा सिकाइमा अभिभावक नै जिम्मेवार हुन्छन्। अभिभावकहरूले नै बालबालिकालाई घरमा उचित स्याहार सुसार तथा विकासको वातावरण तयार गर्नुपर्दछ। घरमा आधारित कार्यक्रम अभिभावकहरूलाई सहयोग गर्ने उद्देश्यले तयार र सञ्चालन गरिन्छ। यस कार्यक्रमले अभिभावक, आमा बुबा तथा अन्य स्याहारकर्ताहरूलाई बालबालिकाको सर्वाङ्गीण विकासका लागि गर्नुपर्ने विविध क्रियाकलापहरूको जानकारी दिने र सोसम्बन्धी ज्ञान र सीप प्रदान गर्न सहयोग गर्दछ। यस्ता कार्यक्रमले दैनिक घरेलु वातावरणमा बालबालिकालाई उत्प्रेरणा, हौसला दिदैं अन्तरक्रियाकामाध्यमबाट बालबालिकासँग क्रियाकलाप गर्न सहयोग गरिन्छ। यस कार्यक्रमको

---

३१ Papalia, Olds & Feldman, 2006

लक्षित समूहमा गर्भावस्थादेखि ५ वर्षसम्मका बालबालिकाहरू र उनीहरूका अभिभावकहरू (आमा, बुबा, हजुरबा, हजुरआमा, हेरालु, धरालु) हुनेछन्। घरमा आधारित कार्यक्रमबाट बालबालिकालाई आफु हुर्केको, खेलेको वातावरणमा नै चौतर्फी विकासका अवसरका लागि सकारात्मक वातावरण तयार गर्नसकिन्छ।

**सञ्चालन प्रक्रियाः योजना, सञ्चालन र अनुगमन**

घरमा आधारित कार्यक्रम विभिन्न तरिकाले र विभिन्न चरणमा सञ्चालन गर्न सकिन्छ :

क) अभिभावकहरूले पालो गरेर घरमा नै बालबालिका हेर्ने व्यवस्था मिलाउने,

ख) घरमा कार्य व्यस्तताका बाबजुद पनि कसरी बालबालिकालाई विकासका अवसर दिने भन्ने विषयमा छलफल तथा घर परिवारसँग अन्तरक्रिया गरेर,

ग) घरमा हुने आमा, बुबा, हजुरआमा, हजुरबुबा वा अन्य कोही हेरालु धरालुहरूलाई समूह बनाई बालबालिकालाई विकासको अवसर दिने विषयमा नियमित छलफल गराएर।

सामूहिक छलफल सबैको सहमतिमा मासिक वा पाक्षिक गर्न सकिन्छ। यसका लागि ५ वर्ष मुनिका बालबालिका भएका आमा, बुबा अथवा परिवारका अन्य सदस्यहरूलाई समूहमा आबद्ध गराउनुपर्ने हुन्छ। यी समूहसँग कुनै एउटा विषयमा केन्द्रित रही छलफल तथा अनुभवहरू आदान प्रदान गर्ने गर्नुपर्दछ। छलफल सहजीकरणका लागि एकजना तालिमप्राप्त सहजकर्ताको आवश्यकता पर्दछ।

सहजकर्ता अभिभावकहरू मध्येबाट पनि छान्न सकिन्छ वा स्वास्थ्य स्वयमसेविका वा स्थानीय समुदायका कसैलाई तालिम दिन सकिन्छ वा बाहिरबाट पनि लिन सकिन्छ। घरपरिवारको अवस्था, अभिभावकको कार्यशैली र बालबालिकाको विकासका लागि आवश्यक वातावरण जस्ता विषयमा नियमित र निरन्तर छलफल गर्दा अभिभावकहरूको बालबालिकाप्रति गरिने राम्रा अभ्यासहरूलाई प्रोत्साहन दिनुपर्दछ। साथै अभिभावकलाई आफ्नो घरायसी कार्य व्यस्तताको बावजुद पनि कसरी अन्तरक्रियाको माध्यमबाट आफुसँगै राखेर बालबालिकालाई सहभागी गराउँदै उनीहरूको विकास र सिकाइमा सहयोग पुऱ्याउन सकिन्छ भनेर छलफल गर्दै सहभागी अभिभावकहरूलाई थप ज्ञान र सीपहरू सिकाउनु पर्दछ।

यसका साथै व्यक्तिगत रूपमा घरभेट कार्यक्रम मार्फत् पनि घर परिवार र अभिभावकहरूसँग बालबालिकाको विकास र सिकाइको लागि छलफल, अन्तरक्रिया र सहयोग गर्नसकिन्छ। साथै घरभेट कार्यक्रमलाई समूहमा छलफलको निरन्तरताको रूपमा पनि लिन सकिन्छ। घरभेटमा जाँदा बालबालिकाको घरको अवस्था, सरसफाइ, खानपीन, पोषणको अवस्था र परिवारसँग हुने अन्तरक्रियाका सम्बन्धमा जानकारी हुनेछ। साथै परिवारका अन्य सदस्यहरूसँग पनि छलफल र कुराकानी गरी बालबालिकाप्रति गरिएका राम्रा अभ्यासहरूलाई प्रोत्साहन दिन तथा नयाँ सीपहरू सिकाउन सकिन्छ। छलफलमा सिकाए बमोजिम गर्न नमिलेको वा नसकेको अवस्थामा पनि परिवारका सदस्यहरूलाई एक ठाउँमा राखी कुराकानीका माध्यमबाट कसरी उपयुक्त वातावरण बनाउने विषयका साथै प्रारम्भिक बालविकासको लागि आवश्यक जानकारीहरू दिन सकिन्छ।

यस कार्यक्रमको लागि छलफलको अवधि र समय निर्धारण सहभागी अभिभावकहरूबाट नै गर्नु उपयुक्त हुन्छ। सामान्यतया यसका लागि २ देखि ३ घण्टाको समय उपयुक्त हुन्छ। प्रत्येक छलफल पछि अनिवार्य घरभेट गरिएमा कार्यक्रम प्रभावकारी हुन्छ।

यसै गरी आमाहरूले पालैपालो गरेर घरमा नै बालबालिकालाई हेर्न पनि सक्दछन्। सात जना आमाहरूले प्रत्येक दिनको पालो लगाई एक दिन एक जना आमाको घरमा सबै बालबालिकालाई भेला गराई हेरबिचार गर्न सकिन्छ। यसका लागि बालबालिकालाई खेलाउने सामग्री र खाजाको व्यवस्था गर्नुपर्ने हुन्छ। यसरी बालबालिकाहरू भेला गर्दा आफ्नो घरमा नै राखेर हेर्न सकिन्छ अथवा सार्वजनिक ठाउँ वा अलग कोठा भए सोको प्रयोग गर्न सकिन्छ।

**घरमा आधारित कार्यक्रमले अभिभावक, आमाबुबा तथा अन्य स्याहारकर्ताहरूलाई बालबालिकाको सर्वाङ्गीण विकासका लागि गर्नु पर्ने विविध क्रियाकलापहरूको जानकारी दिने र सो सम्बन्धी ज्ञान र सीप प्रदान गर्न सहयोग गर्दछ।**

**घरमा आधारित कार्यक्रमबाट बालबालिकालाई आफु हुर्केको, खेलेको वातावरणमा नै चौतर्फी विकासको अवसरको लागि सकारात्मक वातावरण तयार गर्न सकिन्छ।**

**यस उमेरका सबै बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि पोषण, स्वास्थ्य, उत्प्रेरणा र सुरक्षाको एकीकृत सेवा प्रदान गर्नुपर्दछ।**

**यस उमेरका बालबालिकाहरू रहने घर तथा दिवा शिशु स्याहार केन्द्र, बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालयहरूमा बाल मैत्री वातावरण कायम गर्नुपर्दछ।**

**बालबालिकाको शरीरको वृद्धिका लागि जसरी खाना, स्वास्थ्य, स्याहार, सुरक्षा आवश्यक पर्छ उनीहरूको मन, मस्तिष्कको वृद्धि तथा विकास गर्नलाई अन्तरक्रिया, खेल, खेलौना, खोज र अन्वेषण गर्ने अवसरको आवश्यकता पर्दछ।**

**बालबालिकालाई स्याहारसुसार र पोषिलो खानाका साथै मायाँ, प्रेम र हौसलाको पनि आवश्यकता पर्दछ।**

**बालबालिका आफ्नै सामाजिक, सांस्कृतिक परिवेशमा हुर्कन्छन्।**

## ५.३ केन्द्रमा आधारित कार्यक्रमहरू

विभिन्न उमेर समूहका बालबालिकाहरूलाई घरभन्दा अलग केन्द्रहरूमा छोडेर कति आमा बुवा काममा जाने हुन्छन्। घरमा हेर्ने मान्छे नभएको अवस्थामा बालबालिकालाई सुरक्षित राख्न तथा आवश्यक पोषण तथा स्याहारसुसार, उत्प्रेरणा र उपयुक्त बातावरणको अवसर दिने काम यस्ता केन्द्रहरूले गरेका हुन्छन्। यस्ता केन्द्रहरूमा दिवा शिशु स्याहार केन्द्र, प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक विद्यालयहरू पर्दछन्। अभिभावकको आवश्यकताका आधारमा ६ महिनादेखि ५ वर्ष सम्मका बालबालिकाहरूलाई यस्ता केन्द्रमा राख्ने गरेको पाइन्छ।

**घरमा हेर्ने मान्छे नभएको अवस्थामा बालबालिकालाई सुरक्षित राख्न तथा आवश्यक पोषण तथा स्याहारसुसार र उत्प्रेरणाको अवसर दिन दिवा शिशु स्याहार केन्द्र, प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक विद्यालयहरू सञ्चालन गर्नुपर्दछ।**

- दिवा शिशु स्याहार केन्द्र
- प्रारम्भिक बालविकास केन्द्र
- विद्यालयमा सञ्चालित: नर्सरी, केजी, मन्टेश्वरी र पूर्वप्राथमिक कक्षाहरू

### ५.३.१ दिवा शिशु स्याहार केन्द्र

बालबालिकालाई दिउँसोको समयमा कुनै निश्चित स्थानमा राखी हेरचाह, स्याहारसुसार तथा अन्तरक्रियात्मक र विकासात्मक क्रियाकलाप गरिने कार्यक्रमलाई शिशु स्याहार केन्द्र भन्ने गरिन्छ। यस्ता केन्द्रमा अभिभावकको अनुपस्थितिमा ३ वर्ष भन्दा मुनिका बालबालिकाहरूलाई एउटा शिक्षक वा सहयोगी कार्यकर्ताले दिनमा २ देखि ४ घन्टासम्म हेरचाह, सामाजिक अन्तरक्रिया र खेल आदि क्रियाकलापमा संलग्न गराइन्छ। अभिभावकहरूको अनुकूलताको आधारमा यस्ता केन्द्रको समय निर्धारण गरिन्छ। दिवा शिशु स्याहार केन्द्रमा बालबालिकालाई उमेर अनुसारको सामाजिक व्यवहार, भाषिक विकास र स्वावलम्वी हुने सीपहरू सिकाइन्छ।

#### सञ्चालन प्रक्रियाः योजना, सञ्चालन र अनुगमन

दिवा शिशु स्याहार केन्द्र सञ्चालनका लागि सबैका लागि पायक पर्ने गरी कुनै निश्चित स्थानको व्यवस्था गर्नुपर्दछ। बालबालिकाको  सङ्ख्या र आवश्यकताको आधारमा यस्ता दिवा शिशु स्याहार केन्द्रहरू सञ्चालन गर्नुपर्दछ। यस्ता केन्द्रको लागि भौतिक पूर्वाधारहरू उपयुक्त हुन जरुरी छ। जस्तो कि कोठा ठूलो, फराकिलो, दोहोरो हावा छिर्ने, उज्यालो र न्यानो हुनुपर्दछ। यसै गरी दिउँसो खाजा खुवाउन भान्साको व्यवस्था हुनुपर्दछ। यस्ता केन्द्रमा ३ वर्षभन्दा साना बालबालिकाहरू राखिने भएकाले सुत्ने व्यवस्था पनि हुनुपर्दछ। साथै बाहिर तथा भित्र खेल्ने पर्याप्त खेल सामग्रीहरूको व्यवस्था गर्नुपर्दछ।

दिवा शिशु स्याहार केन्द्रमा तालिम प्राप्त सहजकर्ता/शिक्षकको व्यवस्था गर्नुपर्दछ। यहाँ ससाना बालबालिकाहरू हुने भएकाले उनीहरूको विशेष ध्यान र हेरविचार गर्नपर्ने भएकोले थप सहयोगीको आवश्यकता पर्दछ र सोको पनि व्यवस्था गर्नुपर्दछ।

### ५.३.२ प्रारम्भिक बालविकास केन्द्र

साधारण अर्थमा बालबालिकाहरूको विकास तथा सिकाइलाई सहज बनाउने उद्देश्यले निश्चित ठाउँको व्यवस्था गरी सञ्चालन गरिएको कार्यक्रमलाई प्रारम्भिक बालविकास केन्द्र भन्न सकिन्छ। तीनदेखि पाँच वर्ष उमेरका बालबालिकाहरूको समग्र विकास गर्ने उद्देश्यले यस्तो केन्द्र सञ्चालन गरिन्छ। यहाँ बालबालिकाहरूको विकासात्मक अवस्था र उमेरका आधारमा विद्यालय भर्ना हुनु अघि शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक तथा भाषिक विकास गर्ने उपयुक्त अवसर तथा वातावरण उपलब्ध गराइन्छ।

बालविकास केन्द्रको वातावरण केही औपचारिक र केही अनौपचारिक हुन्छ। बालविकास केन्द्रमा तालिम प्राप्त गरेको अनुभवी शिक्षक (सहयोगी कार्यकर्ता) बाट दैनिक कक्षा सञ्चालन/सहजीकरण गरिन्छ। यहाँ सिकाइका मनोरञ्जनात्मक विधिहरू जस्तै : खेल, कथा, छलफल, अन्तरक्रिया र प्रत्यक्ष अनुभवका माध्यमबाट उनीहरूको चौतर्फी विकास गराई विद्यालय जानका लागि तयारी गरिन्छ।

शिक्षा विभाग, शिक्षा मन्त्रालयदारा लागु गरिएको प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड अनुरूप सञ्चालन भएको हुनुपर्दछ। यससम्बन्धी शिक्षा विभाग, शिक्षा मन्त्रालयबाट प्रकाशित प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०७५ मा उल्लेखित मापदण्डहरू अनुसूची १मा दिइएको छ।

हाल नेपालका सामुदायिक र संस्थागत विधालयहरूमा विभिन्न नामले प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा छन् :

### समुदायमा आधारित बालविकास केन्द्र

समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रको स्थापना, सञ्चालन, व्यवस्थापन र अनुगमनमा अभिभावक, स्थानीय समुदायका बुद्धिजीवी तथा समाजसेवीको नेतृत्वमा गरिन्छ। यस्ता केन्द्रमा ३ वर्ष देखिका बालबालिकाहरू आउने गर्दछन् र ६० महिना पुगेपछि विद्यालयको १ कक्षामा भर्ना हुन्छन्।

### विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्र वा बालकक्षा

विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्र वा बाल कक्षा विद्यालय परिसर भित्र सञ्चालन गरिएको पाइन्छ। यो एक वर्षे कार्यक्रम हो। यहाँ ४८ महिनाका बालबालिकाहरू भर्ना हुन्छन्।

### प्रारम्भिक बालविकास केन्द्रको महत्त्व




हरेक बालबालिकाको प्रारम्भिक बालविकास उमेरमा उचित वातावरणमा सिक्न र विकास गर्न पाउने नैसर्गिक अधिकार हुन्छ। यस अधिकारको सुनिश्चितताको लागि प्रारम्भिक बालविकास केन्द्र नै उपयुक्त स्थान हो। यहाँ बालबालिकाले बिना भेदभाव बाल बचाउ, संरक्षण, सहभागिता तथा विकासको उचित अवसर उपभोग गर्न पाउँछन्। प्रारम्भिक बालविकास केन्द्रमा स्थानीय व्यक्ति तथा समुदायको पहलबाट आफ्नो समुदायका बालबालिकाहरूको स्याहार तथा शिक्षामा योगदान हुन्छ। यसबाट केन्द्रको दिगोपन हुनुको साथै समुदायमा लोकतान्त्रिक अभ्यासको पनि सुरुवात हुन्छ।

प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाहरूको स्वभाव, क्षमता तथा आवश्यकतालाई महत्त्व दिएर उनीहरूमा अन्तर्निहित क्षमताको विकास गर्ने भएकाले यसको महत्त्व अझ बढी हुन्छ। यो उमेर आफैमा मानव जीवनको जग निर्माण हुने उमेर भएको हुनाले यस्ता केन्द्रमा बालबालिकाको विकास र सिकाइका आवश्यकतालाई विशेष ध्यान दिई शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक तथा भाषिक विकासका महत्त्वपूर्ण पक्षहरू समेटिन्छन्। ३ देखि ५ वर्षको उमेरसम्म बालबालिकाहरूको वृद्धि तथा विकास द्रुत गतिमा हुने सत्यलाई दृष्टिगत गरी प्रारम्भिक बालविकास केन्द्रमा शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक तथा बौद्धिक विकास सन्तुलित रुपमा गर्न विविध प्रक्रिया र विधिको प्रयोग गरिन्छ। बालबालिका विद्यालय जानुभन्दा पहिले आवश्यक पर्ने सीपहरू जस्तै : असल बानी व्यवहार, शारीरिक सञ्चालनका सीप तथा क्षमता, साथी समूह र नयाँ परिवेशमा समायोजन हुने सीप, आत्मविश्वास, पूर्व पढाइ तथा लेखन सीप, बोलाइ तथा भाषिक सीप र नयाँ नयाँ ज्ञान प्राप्त गर्ने पहिलो स्थान प्रारम्भिक बालविकास केन्द्र हो। यस अर्थमा प्रारम्भिक बालविकास केन्द्रको महत्त्व सान्दर्भिक छ। प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई छोडेपछि अभिभावक (आमा बुबा) लाई आय आर्जन, घरेलु कार्य र तालिम वा साना बालबालिकाको हेरचाहको लागि पर्याप्त समय उपलब्ध हुन सक्दछ।

प्रारम्भिक बालविकास केन्द्र एउटा पृथक पहिचान, उद्देश्य, प्रक्रिया, प्रविधिबाट निर्देशित बहुपक्षीय कार्यक्रम हो। यसका प्रमुख विशेषता निम्न छन् :

- समावेशी स्थानीय व्यवस्थापनबाट सञ्चालित
- सरकारी, गैरसरकारी सङ्घ संस्थाहरूको संयुक्त पहल र सरोकार भएको
- खेल विधिबाट सिकाइ हुने
- परिमाणात्मक प्रगतिभन्दा गुणात्मक प्रगति केन्द्रित
- एकीकृत सिकाइ विधि
- सर्वाङ्गीण विकासको आधारमा विद्यालयको लागि तयारी
- स्थानीय विषयवस्तुको छनोट र एकीकृत सिकाइ
- विषयवस्तुलाई बालबालिकाको वातावरणमा आधारित लोक संस्कृति र स्थानीय परिवेशसँग समायोजन गर्न सकिने

### सञ्चालन प्रक्रियाः योजना, सञ्चालन र अनुगमन

समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रको स्थापना, सञ्चालन, व्यवस्थापन र अनुगमन सोही समुदायका बुद्धिजीवी तथा समाजसेवीको नेतृत्वमा गरिन्छ। विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरू विद्यालय व्यवस्थापनको जिम्मेवारीमा चल्दछन्।

**प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाको लागि सिकाइका मनोरञ्जनात्मक विधिहरू (जस्तै : खेल, कथा, छलफल, अन्तरक्रिया र प्रत्यक्ष अनुभव) को माध्यमबाट उनीहरूको चौतर्फी विकास गराई विद्यालय जानका लागि तयारी गरिन्छ।**

**समुदायमा आधारित बालविकास केन्द्रमा समुदायको सहभागिता र अपनत्व बढी हुने हुनाले यस्ता बालविकास केन्द्रहरु बढी प्रभावकारी हुनुका साथै दिगोरूपमा सञ्चालन हुन सक्छन्।**

**प्रारम्भिक बालविकास केन्द्रले बालबालिकालाई विद्यालय जानुभन्दा पहिले आवश्यक पर्ने सीपहरू (जस्तै : असल बानी व्यवहार, शारीरिक सञ्चालनका सीप तथा क्षमता, साथी समूह र नयाँ परिवेशमा समायोजन हुने सीप, आत्मविश्वास, पूर्व पढाइ तथा लेखन सीप, बोलाइ तथा भाषिक सीप) प्राप्त गर्ने अवसर प्रदानगर्दछ।**

### ५.३.३ विद्यालयमा सञ्चाालितः नर्सरी, केजी, मन्टेश्वरी र पूर्वप्राथमिक कक्षाहरू

स्थानीय तहको सरकारले सामुदायिक तथा संस्थागत विधालयहरूद्वारा सञ्चालन गरिने यस्ता कार्यक्रमहरूको मापदण्ड कायम गर्ने, मूल्याङ्कन र नियमन गर्ने गर्नुपर्दछ ।

- **नर्सरी कक्षा**

यो २४ देखि ४८ महिनाका बालबालिकाहरूका लागि सञ्चालन गरिन्छ। यस कार्यक्रममा बालबालिकाहरूको स्याहारका साथै खेल्ने र सामाजिक व्यवहारहरू सिक्ने अवसर प्रदान गरिन्छ। यस कार्यक्रमले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्ने लक्ष्य राख्दछ। किन्डरगार्टेन कक्षा सुरु गर्नुभन्दा अघि नर्सरी कक्षा सुरु गर्ने प्रचलन रहिआएको छ।[३२]

- **किन्डरगार्टेन कक्षा/स्कुल**

यसको शाब्दिक अर्थ बालबालिकाहरूको बगैंचा हो। यस कार्यक्रममा ४८ देखि ७२ महिना (४ देखि ६ वर्ष) का बालबालिकाहरूलाई समावेश गरिन्छ। यस कार्यक्रममा बालबालिकाहरूमा औपचारिक सिकाइ नभई खेल एवम् अनुकरण गर्ने क्रियाकलापहरू जसलाई स्वयम् स्वतस्फुर्त क्रियाकलाप भन्ने गरिन्छ, यसबाट बालबालिकाले राम्ररी सिक्दछ भन्ने विश्वास गरिन्छ। यसले बालबालिकाहरूको संवेग तथा आत्मिक कुरालाई जोड दिन्छ। यसले बालबालिकालाई खेल तथा स्वतन्त्र क्रियाकलापहरूबाट आफैँ सिक्न प्रोत्साहित गर्दछ। यसमा बालबालिकाको खेललाई उनीहरूको सिक्ने र सामाजिक एकता कायम गर्ने एवम् आविष्कार गर्ने प्रक्रियाका रूपमा लिइन्छ। विभिन्न थरी खेल सामग्रीहरूको प्रयोगका साथै गीत र संगीतको प्रयोगबाट बालबालिकाहरूलाई सिक्न उत्प्रेरित गर्नुपर्ने कुरामा यसले विशेष जोड दिन्छ। साथै यसमा शिक्षकले बालबालिकाहरूलाई खेल तथा व्यक्तिगत एवम् सामाजिक क्रियाकलापमा संलग्न हुन प्रोत्साहित गर्छ।

- **मन्टेश्वरी स्कुल**

मन्टेश्वरी विधिमा बालबालिकाहरूको स्पर्श र गतिसम्बन्धी क्रियाकलापमा जोड दिइन्छ। यसले बालबालिकाहरूको बौद्धिक क्षमताहरूको विकासका लागि ज्ञानेन्द्रियहरूको प्रयोग (हेर्ने, सुन्ने, स्वाद लिने, सुघ्ने, छुने) र चलायमान हुनु पर्ने कुरामा जोड दिन्छ। यस अनुसार बालबालिकाहरूको सिकाइ सहयोगात्मक र राम्ररी बनाइएको वातावरणमा प्रभावकारी हुन्छ भन्ने मान्यता छ। मन्टेश्वरी शिक्षाले मानवीय मनोभावलाई महत्त्व दिनुका साथै बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक पक्षहरूको सर्वाङ्गीण विकासलाई जोड दिन्छ। मन्टेश्वरी शिक्षाले बहुउमेर समूहका बालबालिकालाई सामाजिक सिकाइ र स्वतन्त्र एवम् निर्देशित क्रियाकलापहरू गर्ने अवसरहरू दिन्छ। यस विधिअनुसार साना बालबालिकाहरूले ठूलाबाट सिक्छन् भने ठूला बालबालिकाले सानालाई सिकाउँदा आफुले सिकेका कुराहरू अझ गहिरो गरी सिक्ने हुन्छन्।

- **पूर्वप्राथमिक कक्षा/विद्यालय**

यसले विद्यालय भर्ना हुनुभन्दा अघि प्रदान गरिने सिकाइलाई जनाउँदछ। सामान्यतया, यो ३६ देखि ६० महिना (३ देखि ५ वर्ष) उमेरका बालबालिकाहरूका लागि सञ्चालन गरिन्छ। यसमा गरिने क्रियाकलापहरू नर्सरी र किन्डरगार्टेनका जस्तै क्रियाकलापमा आधारित हुने गर्दछन्। यसमा बालबालिकाहरूलाई खेल तथा विभिन्न क्रियाकलापहरूका माध्यमबाट अक्षर र अङ्कहरूको ज्ञान एवम् लेखाइ र प्रारम्भिक सामाजिक शिक्षाका सीपहरू समावेश गरिन्छ। यसको लक्ष्य भनेको प्रारम्भिक सिकाइ एवम् सामाजिक सीपहरूको विकास गराई बालबालिकाहरूलाई औपचारिक शिक्षाको लागि तयारी गर्नु हो।

३२ Catherine Holland, (ND)

## ५.४ अभिभावक शिक्षा (सबै उमेर समूहका बालबालिकाको लागि)

प्रत्येक बालबालिका अलग स्वभावका हुन्छन्। उनीहरूको विकासको क्रम पनि फरक फरक हुन्छ। बालबालिकाको विकास गर्भदेखि र सिकाइ जन्मपछि हुने भएकाले गर्भदेखि नै बालबालिकालाई विशेष ध्यान पुऱ्याउन जरुरी हुन्छ। उनीहरूले पाउने माया, ममता, स्याहारसुसार तथा उत्प्रेरणा र पोषणयुक्त खानाले जीवनको जग बलियो बनाउन सहयोग पुऱ्याउँछ। यसका लागि अभिभावकको भूमिका महत्त्वपूर्ण हुने गर्दछ। बालबालिकाको सर्वाङ्गीण विकासको लागि परिवार तथा उनीहरू हुर्कने वातावरणले ठूलो भूमिका खेल्दछ। सबै अभिभावक (आमा, बुबा) आफ्ना छोराछोरीलाई असल, सक्षम र सबल बनाउन प्रयासरत रहेका हुन्छन्। बालबालिकाको स्वास्थ्य र शिक्षाका लागि उनीहरू चिन्तित रहेका हुन्छन्। एउटा स्वस्थ्य, सक्षम र सबल बालक देशको कर्णधार हुने भएकाले बालबालिकाको स्याहारसुसार, खोप, स्वास्थ्य र पोषणप्रति सचेत रहनु अपरिहार्य छ। यति हुँदाहुँदै पनि दैनिक जीवनयापनका लागि गर्नुपर्ने विविध क्रियाकलापहरूमा अभिभावकहरू व्यस्त रहँदा बालबालिकाको चौतर्फी विकासका लागि आवश्यक अवसर प्रदान गर्न नसकिएको अवस्था रहेको छ। तसर्थ अभिभावक शिक्षाको माध्यमबाट बालबालिकालाई गर्भावस्थादेखि नै उत्प्रेरणामूलक वातावरण प्रदान गर्न सकिएमा भविष्यमा बालबालिकामाथि गरिने खर्चमा कमी आई परिवारको उत्पादकत्वमा वृद्धि हुन्छ।

### अभिभावक शिक्षा कार्यक्रमबाट फाइदाहरू:

अभिभावक शिक्षा कार्यक्रम सञ्चालनबाट बालबालिका, तिनका घर परिवारलाई मात्र होइन समुदाय तथा समग्र राष्ट्रलाई नै विभिन्न फाइदा पुग्ने हुन्छ। अभिभावक शिक्षाले,




- बालबालिकाको स्याहारसुसार, खोप, स्वास्थ्य र पोषणमा सघाउ पुऱ्याई बालबालिकाको चौतर्फी विकासका लागि आवश्यक अवसर प्रदान गर्ने वातावरण तयार गर्नेछ।
- गर्भावस्थादेखि नै पाउने उत्प्रेरणामूलक वातावरणले बालबालिकाको जीवनको जग बलियो बनाउन मदत गर्छ। आमाबुबासँगको कुराकानी तथा सामिप्यताले बालबालिकाको पूर्ण क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ।
- बालबालिकाको बौद्धिक, भाषिक, शारीरिक, सामाजिक तथा संवेगात्मक विकास हुनुका साथै विद्यालयको लागि पूर्वतयारी र जीवन कै बलियो आधारशीला निर्माण हुन्छ।
- अभिभावकले खेल्ने महत्त्वपूर्ण भूमिकाबाट बालबालिकाले पाउने माया, ममता, स्याहारसुसार तथा उत्प्रेरणा र पोषणयुक्त खानाले जीवनको जग बलियो बनाउन सहयोग पुऱ्याउँछ।
- अभिभावक शिक्षा कार्यक्रमले बालबालिका हुर्काउने तरिका मात्र सिकाउने होइन कि आफ्नो

दैनिक व्यस्तता, अभाव र तनावमा रहेका अभिभावहरूलाई उपलब्ध स्रोत परिचालन, व्यवस्थापन तथा तनाव व्यवस्थापनमा समेत सहयोग पुऱ्याई घरपरिवारको वातावरणलाई सकारात्मक बनाउन मदत गर्दछ ।

## अभिभावक शिक्षाका उद्देश्यहरू

क) अभिभावकहरूमा प्रारम्भिक बाल्यावस्थाका निम्ति आवश्यक खाना, स्वास्थ्य, सरसफाइ, उत्प्रेरणा, कुराकानी, खेल, खेलौना, स्याहार सुसार, सुरक्षा, संरक्षणसम्बन्धी ज्ञान, सीप अभिवृद्धि गर्ने ।

ख) अभिभावकहरूमा प्रारम्भिक बाल्यावस्थाका बालबालिकामा सिकाइ क्षमता विकास गर्ने र ज्ञान सीपमा अभिवृद्धि गर्ने ।

ग) प्रारम्भिक बाल्यावस्थामा गरिने नकारात्मक व्यवहार, भेदभाव, दुर्व्यबहारबाट संरक्षण गर्न आवश्यक ज्ञान, सीप, व्यवहार, चालचलन प्रवर्धन गर्ने ।

घ) बालबालिकाहरूलाई बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा पठाउनु अगाडिको पूर्वतयारीसम्बन्धी ज्ञान, सीप अभिवृद्धि गर्ने ।

## सञ्चालन प्रक्रियाः योजना, सञ्चालन र अनुगमन

अभिभावक शिक्षा कार्यक्रम सञ्चालन विभिन्न स्थान र प्रक्रियामा गर्न सकिन्छ :

अभिभावक शिक्षामा पाँच वर्षसम्मका बालबालिकाहरूको पालन पोषण, स्याहार, सुसार, बालविकास र बाल आवश्यकताहरू, बालबालिकाले सिक्ने तरिका, स्वास्थ्य, सरसफाइ, सुरक्षा, अभिभावकले बालबालिकाहरूलाई के के गर्नु पर्छ, के के गर्नु हुँदैन, स्कुलमा, नर्सरी, केजी, बालविकास केन्द्रमा कतिसम्म सिकाउने, अभिभावकहरूको जिम्मेवारी, कक्षा एकमा भर्ना गर्नुभन्दा अगाडि बालबालिकालाई के केमा तयार गर्ने, जस्ता विभिन्न विषयमा थप ज्ञान, सीपका सम्बन्धमा छलफल गरी बालबालिका हुर्काउन आत्मविश्वास बढाउन सहयोग पुऱ्याउँछ। यसका लागि तलका प्रक्रियाहरू अपनाउन सकिन्छ :

क) अभिभावक समूह भेला र छलफल

ख) घरभेट र छलफल

ग) रेडियो कार्यक्रम

घ) नियमित पत्रपत्रिकामा लेख रचना प्रकाशन र वितरण र छलफल

ङ) सडक नाटक

च) पोष्टर, सूचनापाटी, भित्ते पत्रिका प्रकाशन आदि ।

सर्वप्रथम समुदायमा ५ वर्ष मुनिका बालबालिकाहरू कति छन् सोको तथ्याङ्क सङ्कलन गर्नुपर्दछ। त्यसपश्चात, अभिभावकहरूलाई के कस्ता कार्यक्रमको आवश्यकता छ सोको लेखाजोखा गरी कार्यक्रमको खाका तयार गर्नुपर्दछ। कार्यक्रम सञ्चालनको क्रममा आमाबुबाहरूको समूह बनाई वा अन्य कुनै पनि तरिकाले मासिक रूपमा नियमित छलफल, अन्तरक्रिया वा सूचना जानकारी

**बालबालिकाहरूको विकास मुख्यतया अभिभावकहरूको ज्ञान, सीप र व्यवहारमा निर्भर रहने हुनाले अभिभावक शिक्षा कार्यक्रमलाई बालविकासको अभिन्न अङ्गको रूपमा सञ्चालन गर्नुपर्दछ ।**

सम्प्रेषण गराउन पनि सकिन्छ। यसका लागि माथि भनिए जस्तो ५ वर्ष मुनिका बालबालिका भएका आमा, बुबा तथा परिवारका अन्य सदस्यहरूलाई विशेष सहभागी गराउनुपर्ने हुन्छ। यस्ता समूहसँग निश्चित समय निर्धारण गरी कुनै एउटा विषयमा केन्द्रित रही छलफल तथा अनुभवहरू आदान प्रदान गरिनेछ। यसबाट अभिभावकहरूको बालबालिकाप्रति गरिने राम्रा अभ्यासहरूलाई प्रोत्साहन दिइनेछ। यसरी समूहमा बसेर छलफल गर्न नमिलेको अवस्थामा पनि वा साथसाथै अन्य प्रक्रियाहरूबाट परिवारका सदस्यहरूलाई एक ठाउँमा राखी कुराकानीका माध्यमबाट प्रारम्भिक बालविकासका लागि आवश्यक जानकारीहरू दिन सकिन्छ।

यस कार्यक्रमका लागि छलफलको अवधि र समय निर्धारण सहभागी अभिभावकहरूको अनुकूलता, कार्यक्रमको ढाँचा र कार्यक्रम सञ्चालनको प्रक्रिया अनुसार निर्धारित हुन्छ। सामान्यतया एक पटकमा आधा घन्टादेखि ३ घण्टा सम्मको समय उपयुक्त हुन्छ।

### कार्यक्रम सञ्चालन विधि

यस कार्यक्रमले अभिभावकहरूको ज्ञान, सीप, धारणा र व्यवहारमा परिवर्तन गर्ने उद्देश्य लिएकाले बढीभन्दा बढी अभिभावकहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। यसका लागि विभिन्न स्थान तथा समुदायमा विविध तरिका अपनाउन सकिन्छ।

**अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई यथेष्ट माया र भरोसा दिएर क्रमशः आत्मविश्वास, सहयोग र मेलमिलापको वातावरण सिर्जना गरी उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउनु पर्दछ ।**

**आमाबुबा, आफन्त र सहजकर्तासँगको मायालु वातावरण र दरिलो सम्बन्ध नै बालबालिकाको मस्तिष्क विकासका लागि महत्त्वपूर्ण तत्त्व हो ।**

**प्रारम्भिक उमेरको तनावले बालविकासमा नकारात्मक असर पार्छ ।**

## ५.५ प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने विषयहरू

स्थानीय निकायले माथि उल्लिखित प्रारम्भिक बालविकासका विविध कार्यक्रमहरू सञ्चालन गर्दा निम्न विषयहरूमा ध्यान दिनु पर्दछ :

- प्रारम्भिक बालविकाससम्बन्धी सेवाहरू गुणस्तरीय हुनुपर्ने
- समुदायमा आधारित कार्यक्रम हुनुपर्ने

- सरोकारवालाहरू सबैको सहभागिता सुनिश्चित हुनुपर्ने
- दिगोपनाका लागि सुरुदेखि नै आवश्यक पहल हुनुपर्ने

### प्रारम्भिक बालविकाससम्बन्धी सेवाहरू गुणस्तरीय हुनुपर्ने

प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत बालबालिकाहरूलाई प्रदान गरिने स्वास्थ्य, पोषण, सुरक्षा तथा सिकाइसम्बन्धी विषयवस्तुहरू एउटा निश्चित्त मापदण्ड र गुणस्तरीय हुनु अति आवश्यक हुन्छ। यदि बालबालिकाहरूलाई प्रदान गरिने सेवाहरू निश्चित मापदण्डका नभएमा ती सेवाहरूबाट बालबालिकाहरू जति लाभान्वित हुनुपर्ने हो सो हुनसक्दैन। कतिपय अध्ययनहरूले बालविकास कार्यक्रमहरू मार्फत प्रदान गरिने सेवा निश्चित मापदण्ड एवम् गुणस्तरीय नभएका कारणले बालबालिकाहरूको विकास एवम् प्रगतिमा नकारात्मक प्रभावसमेत परेको देखाएका छन्। यिनै पक्षहरूलाई ध्यान दिई नेपालमा सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमहरूमा न्यूनतम गुणस्तर कायम गर्नु आवश्यक हुन्छ। हाल सञ्चालित सबै कार्यक्रमहरूको गुणस्तर कायम गर्न निर्धारीत मापदण्ड निर्माण नभएको र भएका मापदण्डहरू पनि लागु हुन नसकेका कारण कार्यक्रमको प्रभावकारितामा प्रत्यक्ष असर परेको पाइएको छ।

प्रारम्भिक बालविकास कार्यक्रम बहुपक्षीय कार्यक्रम भएकाले यसरी तयार गरिने मापदण्डहरू पनि एकीकृत र बहुपक्षीय हुन जरुरी छ। यद्यपि नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागले निम्न तीनओटा दस्तावेजहरू तयार पारी बालविकास केन्द्रका लागि लागु गरिएका छन्।

१) नेपालमा सञ्चालित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमहरू अन्तर्गत प्रदान गरिने सेवाहरूमा गुणस्तर निर्धारण गर्न प्रारम्भिक बालविकास केन्द्रहरूको न्यूनतम मापदण्ड, २०७५ (Minimum Standards of ECD centers)

२) प्रारम्भिक सिकाइ तथा विकासको मापदण्ड (Early Learning and Developing Standards)

३) प्रारम्भिक बालशिक्षा पाठ्यक्रम, २०७४

स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रको व्यवस्था गर्दा माथि उल्लेख गरेका तीनओटै दस्तावेजहरूको अध्ययन गरी तिनमा उल्लेखित मुख्य विषयवस्तुहरूलाई आधार मानी तोकिएका सूचकहरूको आधारमा कार्यक्रम तर्जुमा, कार्यान्वयन, सञ्चालन, अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ।

अन्य उमेर समूहका बालबालिकाका लागि सञ्चालन गरिने मापदण्डहरू स्थानीय स्तरमा नै तयार गरी लागु गर्न सकिन्छ।

**स्थानीय निकायले प्रारम्भिक बालविकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा निम्न बिषयहरूमा ध्यान दिनुपर्दछ :**

- **प्रारम्भिक बालविकाससम्बन्धी सेवाहरू गुणस्तरीय हुनुपर्ने**
- **समुदायमा आधारित कार्यक्रम हुनुपर्ने**
- **सरोकारवालाहरू सबैको सहभागिता सुनिश्चित हुनुपर्ने**
- **दिगोपनाका लागि सुरुदेखि नै आवश्यक पहल हुनुपर्ने**

**प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्दा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूबाट निर्दिष्ट न्यूनतम मापदण्ड एवम् गुणस्तर कायम गर्नुपर्दछ ।**

**ध्यान दिनुपर्ने मुख्य बुँदाहरू :**

(१) **गुणस्तरीय बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाले ३ देखि ५ वर्ष उमेरका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुग्दछ,**

(२) **न्यूनतम मापदण्डले कार्यक्रममा एकरूपता ल्याउँछ,**

(३) **प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड बालबालिकाको विकास र सिकाइलाई प्रभावकारी बनाउने माध्यम हो,**

(४) **पाठ्यक्रममा आधारित सिकाइले मात्र बालबालिकाको सिकाइ र विकासलाई व्यवस्थित तथा गुणस्तरीय बनाउन सकिन्छ ।**

**न्यूनतम मापदण्ड अनुसार प्रारम्भिक बालविकास केन्द्रको उद्देश्य :**

- **बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक तथा बौद्धिक विकास गर्ने,**
- **बालबालिकामा स्वास्थ्य, पोषण तथा सरसफाइको स्थिति सुदृढ गर्ने,**
- **बालबालिकाहरूको सिर्जनात्मक सीप अभिवृद्धि गर्ने,**
- **बालबालिकाहरूलाई विद्यालयका लागि पूर्वाधार तयारी गर्ने ।**

### समुदायमा आधारित कार्यक्रम हुनुपर्ने

प्रारम्भिक बालविकास कार्यक्रमको प्रत्यक्ष सरोकार राख्ने पक्ष समुदाय नै हो । प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा सञ्चालनले समुदायलाई प्रत्यक्ष असर/प्रभाव पारेको हुन्छ । प्रारम्भिक बालविकास कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका रहेको हुन्छ। यस्ता कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायले कार्यक्रमको योजना तर्जुमा गर्दा सहभागी भएर स्थानीय आवश्यकताहरू, संस्कृति एवम् सम्पदाको सुरक्षा तथा प्रवर्धनका लागि आवश्यक सुझावहरू दिन सक्दछन्। त्यसैगरी, कार्यक्रमको कार्यान्वयनमा स्थानीय समुदायमा उपलब्ध बालबालिकाहरूसँगसम्बन्धी सेवाहरूको पहुँच जस्तै : प्रारम्भिक बालविकास केन्द्रको स्थापनाका लागि जग्गा, भवन र अन्य भौतिक पूर्वाधारहरू उपलब्ध गराउने, प्रारम्भिक बालविकास केन्द्र/कार्यक्रमहरूको अनुगमन गर्ने र कार्यक्रम तथा केन्द्रहरू कसरी सञ्चालन भइरहेको छ सोसम्बन्धमा अनुगमन गर्न सक्दछन् । अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा स्थानीय समुदायले नै कार्यक्रमको परिमार्जन एवम् विकासका लागि स्थानीय निकायमा छलफल गर्ने, सुझावहरू दिने र नेतृत्व लिएर कार्यान्वयन गर्न सक्दछन्।

**समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रमा स्थानीय समुदायको संलग्नता हुनुका साथै केन्द्रको स्वामित्वसमेत स्थानीय समुदायमा हुने भएकाले कार्यक्रमको दिगोपन सुनिश्चित हुन्छ ।**

समुदायमा आधारित बालविकास केन्द्रहरू तीनदेखि पाँच वर्षका बालबालिकाहरूका लागि स्थापना गरिन्छन् । यस्ता केन्द्रहरू धेरैजसो घरपरिवारलाई पायक पर्ने गरी (घरबाट बढीमा १० मीनेटको दूरीमा) समुदायमै स्थापना गरिन्छ। यस्ता केन्द्रहरू एउटा व्यवस्थापन समिति अन्तरगत समुदाय कै व्यक्तिहरूद्वारा सञ्चालन गरिन्छन् । समुदायमा आधारित बालविकास केन्द्र भन्नाले समुदायले नै व्यवस्था गरेको समुदायकै बालबालिकाहरूको हितका लागि समुदायमा नै सञ्चालन गरेको केन्द्र जनाउँदछ।

समुदायमा बालबालिकाका लागि केन्द्रका साथसाथै स्थानीय आवश्यकता अनुसार अन्य बालविकास कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। यस्ता कार्यक्रमहरूले स्थानीय भाषा, संस्कृति, सम्पदाको जर्गेना एवम् प्रवर्धन गर्न र कार्यक्रमलाई दिगो बनाइराख्न सहयोग पुग्दछ।

समुदायको सहभागिता सुनिश्चित गर्न कार्यक्रमको योजना तर्जुमा गर्ने बेलादेखि नै समुदायका व्यक्तिहरूको संलग्नता सुनिश्चित गर्नुपर्दछ । कार्यक्रम सञ्चालनमा पनि समुदायको परामर्श एवम् संलग्नता सुनिश्चित गर्नुपर्दछ । त्यसैगरी, कार्यक्रमको निरन्तर अनुगमनमा पनि स्थानीय समुदायको संलग्नता हुनुपर्दछ ।

**प्रारम्भिक बालविकास कार्यक्रममा स्थानीय समुदायको सहभागिता महत्त्वपूर्ण हुन्छ । यसले स्थानीय आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्न, स्थानीय भाषा, संस्कृति, सम्पदाको जर्गेना एवम् प्रवर्धन गर्न र कार्यक्रमलाई दिगो बनाइराख्न सहयोग पुग्दछ ।**

## सरोकारवालाहरू सबैको सहभागिता सुनिश्चित हुनुपर्ने

स्थानीय तहमा प्रारम्भिक बालविकास कार्यक्रमहरू सञ्चालन गर्दा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै सरोकारवालाहरूलाई सहभागी गराउनु पर्दछ। यसका लागि माथि उल्लेखित ३ उमेर समूहमध्ये जुनसुकै उमेर समूहका लागि सञ्चालन गरिने कार्यक्रम भए तापनि सोसँग सम्बन्धित सरोकारवालाहरू जस्तैः अभिभावक, शिक्षक, सहयोगी कार्यकर्ता, स्वास्थ्य सेवाप्रदायक (चिकित्सक, अनमि, स्टाफ नर्स, अहेव, स्वास्थ्य स्वयंसेविका), र स्थानीय वडाका पदाधिकारीहरू एवम् समाजसेवीहरूलाई कार्यक्रममा सहभागी गराउनु पर्दछ। यसरी स्थानीय सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्न कार्यक्रम सञ्चालन गर्नुभन्दा अघि नै कार्यक्रम तर्जुमा गर्दाको समयदेखि नै विविध पक्षका सरोकारवालाहरूलाई संलग्न गराउनु पर्दछ। सरोकारवालाहरूलाई संलग्न गराउँदा उनीहरूको कार्य क्षेत्र, विषयवस्तु र दक्षताको आधारमा कसले के जिम्मेवारी बहन गर्नुपर्दछ भन्ने कुराको निश्चित गर्नुपर्दछ। उदाहरणका लागि दक्ष स्वास्थ्य कार्यकर्ताहरूबाट नै गर्भवती महिला र बालबालिकाहरूको स्वास्थ्य परीक्षण र आवश्यक स्वास्थ्यसम्बन्धी सेवाहरू नियमित रुपमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ। सबैखाले सरोकारवालाहरूको कार्यक्रममा सहभागिता सुनिश्चित गर्न सकेको खण्डमा कार्यक्रम बढी प्रभावकारी हुनुका साथै स्थानीय तहमा हुने दोहोरो कार्यक्रम र खर्चमा कमी ल्याई आर्थिक लगानीको दृष्टिकोणबाट पनि कार्यक्रमको खर्च कटौती गर्न सकिन्छ। स्थानीय तहमा प्रारम्भिक बालविकाससम्बन्धी सेवाप्रदायकहरू सरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र निजी क्षेत्रबाट सञ्चालन गरिने प्रारम्भिक बालविकाससँग सम्बन्धित सबै कार्यक्रमहरू नियमन गर्न पनि यसले सहयोग गर्दछ।

### दिगोपनाका लागि सुरुदेखि नै आवश्यक पहल हुनुपर्ने

माथि उल्लेखित उमेर समूहका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालन गरिने जुनसुकै प्रारम्भिक बालविकास कार्यक्रमले कार्यक्रमलाई दिगो बनाइ राख्नु आवश्यक हुन्छ। कार्यक्रमको दिगोपनाका लागि सर्वप्रथम त कार्यक्रमले लक्षित गरेका समूह (अभिभावक र विभिन्न उमेर समूहका बालबालिकाहरू) मा सकारात्मक प्रभाव पारेको हुनुपर्दछ। कार्यक्रमको दिगोपनाका लागि स्थानीय तहमा लागु गरिएका प्रारम्भिक बालविकाससम्बन्धी नीति र योजना बमोजिम कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ। कार्यक्रमको दिगोपनाका लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने मानवीय स्रोत, भौतिक पूर्वाधार र आर्थिक स्थिति पनि बलियो हुनु आवश्यक हुन्छ। त्यसैले कुनै पनि प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्नु पूर्व यससम्बन्धी के कस्ता नीति नियमहरू छन्, के कस्ता दक्ष जनशक्तिको आवश्यकता पर्दछ, के कति भौतिक पूर्वाधारहरू आवश्यक छन् र कार्यक्रमको लागत के कति पर्दछ र कुनकुन स्रोतबाट आर्थिक सहयोग उपलब्ध हुनसक्दछ सो सम्बन्धी राम्रो लेखाजोखा गर्नुपर्दछ।

आवधिक रुपमा कार्यक्रमको औपचारिक मूल्याङ्कन गरेर कार्यक्रमबाट लक्षित समूहमा के कति सुधार ल्याउन सकेको छ र के कस्ता समस्याहरू छन् भन्ने कुरा पनि पत्ता लगाउनु पर्दछ। यस किसिमको मूल्याङ्कनले पनि कार्यक्रमलाई दिगो बनाउन सहयोग पुग्दछ।

कार्यक्रमलाई दिगो बनाउन स्थानीय तहमा सम्भावित सबै आर्थिक स्रोतहरूबाट सहयोग सङ्कलन गर्ने र प्रारम्भिक बालविकास कार्यक्रमका लागि स्थानीय तहमै अक्षय कोषको स्थापना गर्नु पनि एउटा राम्रो कदम हुनसक्दछ। कार्यक्रमलाई दिगो बनाउन यी सबै सम्भावित उपायहरू सुरुदेखि नै अपनाउनु आवश्यक हुन्छ।

# परिच्छेद ६ अनुसूची

## अनुसूची १ : प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको न्यूनतम मापदण्ड

नेपालमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर तथा एकरूपता कायम गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा **प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५** लागु गरिएको छ । यसमा भौतिक पूर्वाधार स्वास्थ्य, सरसफाइ, पोषण र सुरक्षा, केन्द्र सञ्चालन व्यवस्थापन, केन्द्रमा न्यूनतम हुनुपर्ने सामग्री, बाहिरी वातावरण, मानवीय स्रोत साधन, गुणस्तरीय केन्द्रका लागि आवश्यक वातावरण र प्रशासनिक व्यवस्था अन्तर्गतका मापदण्डहरू निम्नानुसार उल्लेख गरिएका छन् ।

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| **भौतिक पूर्वाधार** | **घर कटेरो वा कोठा** | • बालविकास केन्द्र /पूर्वप्राथमिक कक्षा बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पहुँचमा हुनुपर्ने छ ।<br>• बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको कोठा साइज निम्नानुसार हुनुपर्ने छ ।<br>पहाड र हिमाल: २६ फिट, X १६ फिट X ८ फिट<br>तराई: लम्बाइ २६ फिट X १६ फिट X १० फिट<br>केन्द्र/कक्षा वा कोठा उज्यालो प्रकाश आउने, हावा आवतजावत हुनसक्ने, स्थानीय वातावरण अनुकूल कम्तीमा ४ ओटा झ्याल तथा एउटा ढोका भएको ताला लगाउन मिल्ने हुनुपर्ने छ ।<br>• कक्षाकोठामा बालबालिकाको स्वास्थ्यलाई अनुकूल तापक्रम जाडोमा घाम आउने गर्मीमा हावा पस्ने कोठा हुनुपर्ने छ ।<br>• कोठाको क्षेत्रफल उपस्थित बालबालिकालाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुपर्ने छ ।<br>• बालविकास केन्द्र वा पूर्वप्राथमिक कक्षा खुल्ला इनार, पोखरी, भीर र खोलाबाट सुरक्षित स्थानमा स्थापना भएको हुनुपर्ने छ ।<br>• विद्यालयको हाताभित्र बालविकास केन्द्र अथवा पूर्वप्राथमिक कक्षा सञ्चालन गर्नुपर्ने भएमा विद्यालयले बाल विकास केन्द्रको लागि छुट्टै भवन वा कोठा उपलब्ध गराउनु पर्नेछ ।<br>• यदि विद्यालय दुई तले भएमा बालविकास केन्द्रका लागि भुई तल्लामा कोठा उपलब्ध गराउनु पर्नेछ ।<br>• बालविकास केन्द्रका लागि विद्यालयमा अलग्गै खेल्ने ठाउँ तथा बालबालिका सुहाउँदो शौचालयको व्यवस्था गर्नुपर्ने छ ।<br>• बाल विकास केन्द्र/कोठामा जानका लागि अपाङ्गता मैत्री पूर्वाधार बनाउनुपर्ने छ । | कम्तीमा प्रति बालबालिकाको लागि २.०० वर्गमिटर क्षेत्रफलको कोठा |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | **कक्षा र कोठाको वातावरण व्यवस्था** | **कक्षा कोठा :**<br>● कम्तीमा ५ जनाको ५ ओटा सानो-सानो समूह र २० देखि २५ जना बालबालिकाको ठूलो समूहलाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न, नाँच्न, घेरामा बसेर छलफल गर्न उपयुक्त ठाउँ हुनुपर्ने छ। सबै खाले क्षमता भएका बालबालिकाको लागि कोठा सफा, सुरक्षित, आकर्षित र सजिलै हिँड्डुल गर्न सकिने हुनुपर्ने छ।<br>● उमेरअनुसार शैक्षिक खेल सामग्री बालबालिकाको पहुँच हुने गरी सिकाई क्षेत्र अनुरूप रूपले ऱ्याकमा राखिएको हुनुपर्ने छ।<br>● प्रत्येक सिकाइ क्षेत्रका लागि सामान राख्ने छुट्टाछुट्टै ऱ्याकको व्यवस्था गर्ने साथै बच्चाको व्यक्तिगत सामान राख्न छुट्टै ऱ्याकको व्यवस्था हुनुपर्ने छ।<br>● बाल शिक्षकको लागि सामग्री सुरक्षित गर्न छुट्टै दराजको व्यवस्था गर्नुपर्ने छ।<br>● विषयवस्तुअनुसारको सिकाइ सामग्रीहरू ऱ्याकमा सजाएर राखिएको हुनुपर्ने छ। अन्य सामाग्रीहरू सुरक्षित रूपमा राखिनुपर्ने छ। कक्षा सञ्चालन गर्दा विषयवस्तुअनुसार आवश्यक सामग्रीहरू स्थानीयस्तरमा उपलब्ध हुनसक्ने डालो, नाङ्लो जस्ता सामग्रीमा राख्ने र आवश्यक्ता अनुसार झिकेर प्रयोग गर्नुपर्ने छ।<br>● बालबालिकाले तयार पारेका सामग्रीहरू सबैले देख्नेगरी बालबालिकाको आँखाको लेभलमा भित्तामा टाँस्नुपर्ने छ। पाटीको साइज कम्तीमा ३ फिट लम्बाइ र १.५ फिट उचाइको हुनुपर्ने छ। पाटी कुनैपनि किसिमको स्थानीय सामग्री प्रयोग गरी बनाउन सकिनेछ।<br>● सहजकर्ताले सिकाइको लागि प्रयोग गर्ने पोष्टर या चित्र राख्नका लागि बच्चाको आँखाको उचाइमा रहने गरी एउटा ४ फिट लम्बाइ र ३ फिट उचाइको नरमपाटीको व्यवस्था हुनुपर्ने छ।<br>● कक्षाकोठामा व्यवस्थित रूपले बालबालिकालाई खेल्न बाटामा ढोका बाहिर पानी र माटोका व्यवस्था गरी खेल्न दिएको हुनुपर्ने छ।<br>● कक्षा कोठाको भित्र वा बाहिर पट्टी बाटामा वा ५ इन्च उचाइको घेरा बनाएर बालुवा राख्ने व्यवस्था गर्नुपर्ने छ। छेउमा हात धुन साबन पानीको व्यवस्था गर्नुपर्ने छ।<br>● कक्षाकोठाको चारैतिर बालबालिकाले लेख्न मिल्ने उचाइमा कालोपाटीको व्यवस्था हुनुपर्ने छ।<br>● कक्षाकोठाभित्र भित्तामा विषयवस्तुमा आधारित पोष्टर टाँसिएको हुनुपर्ने छ।<br>● कक्षाकोठा रमाइलो बनाउन विभिन्न खेल्ने सामग्रीका साथै मौसम, बार, अनि दिनहरूको चार्ट तथा घडी र अन्य सामग्रीहरू बालबालिकाले देख्ने गरी राख्नुपर्ने छ। | आवश्यकता अनुसारको आधुनिक सूचना, प्रविधि तथा मनोरञ्जनयुक्त साधनसहिको कक्षाकोठा<br><br>४ फिट लम्बाइ र २ फिट उचाइको २ वटा पाटी |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | **बसाइको व्यवस्था** | • अन्य सामग्रीहरू बालबालिकाले देख्ने गरी राख्नुपर्ने छ ।<br>• स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू जस्तोः साना साना ढुङ्गा, कपडाको टुक्रा, छेस्का, बीउबिजन, मौसमअनुसारका बोटबिरुवा, स्थानीय स्तरमा उपलब्ध खेलौना संकलन गर्ने र उपयुक्त सिकाइ क्षेत्रमा व्यवस्थित गरी राखिएको हुनुपर्नेछ ।<br>• बालबालिकाले प्रयोग गर्ने सामग्री उनीहरू आफैले झिक्न र राख्न सक्ने गरी व्यवस्था गरिएको हुनुपर्ने छ<br>• बालबालिकालाई भुँईको चिसो र फोहोरले असर नपर्ने गरी बसाइको लागि गुन्द्री/नरम चकटी/ पार्केटिङ सहितको फल्याकको व्यवस्था गरिएको हुनुपर्ने छ ।<br>• कोठाको क्षेत्रफल लम्बाइ १८ फिट र चौडाइ १६ फिटभन्दाबढी भएमा मात्र ५ जनाको निम्ति एउटा होचो टेबल र प्रत्येक बालबालिकालाई १।१ ओटा स-साना भुँईबाट ८ इन्च उचाइमा रहने गरी हलुका कुर्चीको व्यवस्था गर्नुपर्ने छ ।<br>• यदि कुर्सी टेबलको व्यवस्था गरिएको भए सो आवश्यकता अनुसार सजिलैसँग सार्न मिल्ने हुनुपर्ने छ ।<br>• बसाइ व्यवस्था सानो समूहको क्रियाकलापलाई मिल्दो हुनुपर्ने छ ।<br>• क्रियाकलाप अनुसार सानो तथा ठूलो समूहमा बस्न र समूह विभाजन गर्न मिल्ने बसाइ व्यवस्था हुनुपर्ने छ ।<br>• बालबालिकाहरू एकअर्कासम्म सहजै पुग्न मिल्ने र हिड्डुल गर्न मिल्ने गरी बस्ने व्यवस्था गरिएको हुनुपर्ने छ । | सिकाइ क्षेत्र अनुसारको ६ वटा टेवल र ८ इन्च उचाइको कुर्सी |
| | **सिकाइ क्षेत्रको व्यवस्था** | केन्द्रको कोठाभित्र बालबालिकाले आफैं खेल्दै सिक्ने वातावरण बनाउन निम्न सिकाइ क्षेत्रको व्यवस्था गरिएको हुनुपर्ने छ :<br>– भाषा सिकाइ क्षेत्र- जसमा बालकथा, बच्चाहरूलाई चित्रात्मक तथा अङ्क तथा अक्षरको ज्ञान हुने पुस्तिकाहरू, फलाटिन बोर्ड, विभिन्न चराचुरुङ्गी पशुपङ्क्षी, मानिसको मूर्ति<br>– गणित सिकाइ क्षेत्र- अङ्क अंकित पजल, रङ्गीन डोमिनो, स्थानीय स्तरमा उपलब्ध हुने बियाँ, काठ तथा ढुङ्गाका सानासाना टुक्रा<br>– अभिनय क्षेत्र- जसमा पुतली, भाँडाकुटी, सामानहरू<br>– सिर्जनात्मक सिकाइ क्षेत्र - ब्लक, पजल, चित्र बनाउने, काट्ने, आकृतिहरू बनाउने, रङ्ग, ब्रुस, आकार साइज मिलाउने, छुट्याउने, विभिन्न रङ्गको कागज, माटो, बालुवा, पानीको व्यवस्था गरिएको । | आरामको लागि हेरालुसहितको छुट्टै आरामगृह वा कोठाको व्यवस्था<br><br>सिकाइ क्षेत्रमा घुमी घुमी क्रियाकलाप गर्न सकिने गरी पर्याप्त स्थान |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | – स्वावलम्बन सिकाइ क्षेत्र- जसमा तुना बान्ने, इजार बान्ने, उन्ने-बुन्ने सामग्री, फस्नर लगाउने, हुक लगाउने, टाँक लगाउने सामग्रीहरू ।<br>– विज्ञान सिकाइ क्षेत्र- जसमा तराजु, स्केल, माटो, बालुवाजस्ता बालबालिकाहरूले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था ।<br>– बाल विकास केन्द्रमा पुस्तकालय क्षेत्र राख्नुपर्ने र सो क्षेत्रमा उमेरअनुसारका चित्र, कथा, कविताका पुस्तक, स्थानीयस्तरमा अभिभावक तथा शिक्षक र विद्यार्थीको सहभागितामा निर्माण भएका सामग्रीहरू राखिएको । | |
| | **बाल शिक्षकले गर्नुपर्ने आवश्यक व्यवस्था** | • बाल शिक्षकले दैनिक कार्यतालिका, पोष्टर साइजमा बनाएर भित्तामा टाँसेको हुनुपर्ने छ । विषयवस्तु अनुरूपका गीत, कथा, चित्रहरू बालबालिकाले देख्ने गरी टाँसेको हुनुपर्छ ।<br>• पाठ्यक्रम, शिक्षण सहयोगी पुस्तिका बाल कथा र उमेर सुहाउँदो उपयोगी पुस्तकहरूको व्यवस्था गर्नुपर्ने छ ।<br>• प्रत्येक महिना बालबालिकाको तौल तथा उचाइको नाप लिई अभिलेख राख्ने । उचाइ नाप्न बच्चालाई भित्तामा उभ्याई इञ्चटेपको प्रयोग गरी नाप्ने व्यवस्था हुनुपर्ने छ ।<br>• अभिभावकलाई आफ्नो बालबालिकालाई अनिवार्य रूपमा खाजा घरबाटै पठाउन जानकारी गराउनुपर्ने छ ।<br>• बालबालिकाले ल्याएको खाजा समयमा तताएर खुवाउने व्यवस्था गरेको हुनुपर्ने छ । | बार अनुसारको खाजा तालिका बनाइ अभिभावकलाई सोहीअनुसार ल्याउन लगाएको हुनुपर्ने छ । |
| **स्वास्थ्य सरसफाइ पोषण र सुरक्षा** | **स्वास्थ्य सरसफाइ** | • स्थानीय स्वास्थ्यकर्मीलाई केन्द्रमा बोलाइ बालबालिकाको स्वास्थ्य परीक्षण वर्षमा दुईपटक गर्ने (त्यसमध्ये एकपटक भर्नाको समयमा, अर्कोपटक बीचतिर) गराउने र बालबालिकाको स्वास्थ्य स्थितिको अभिलेख राख्नुपर्ने छ ।<br>• प्राथमिक उपचारको बाकसको व्यवस्था हुनुपर्ने छ ।<br>• जसमा साधारण चोटपटक लाग्दा प्रयोग गर्ने औषधिहरू जस्तैः डिटोल, कपास, ब्याण्डेज, टेप, बेटाडिन उक्त बाकसमा राखिनु पर्ने । मुखबाट खाने कुनै पनि औषधि सो प्राथमिक उपचार बाकसमा राखिनु हुँदैन ।<br>• स्वास्थ्य चौकीबाट उपलब्ध गराइने नियमित स्वास्थ्य सेवा सुनिश्चित गर्नुपर्ने छ ।<br>• प्रत्येक बालविकास केन्द्रमा दैनिक रूपमा दुई प्रकारको सरसफाइ कार्यको व्यवस्था हुनुपर्ने छ ।<br>(१) वातावरणीय सरसफाइ : केन्द्र वा कक्षा वरिपरि बालबालिकाको सिकाइलाई जोड्दै कक्षा कोठा वरिपरि दैनिक सरसफाइ गरिनुपर्ने । | दीर्घरोग भएका बालबालिकाको उपचारको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्न पहल गराउने । |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | (२) व्यक्तिगत सरसफाइ : प्रत्येक बालबालिकाको व्यक्तिगत सरसफाइ (मुख धुने, कपाल कोर्ने, दाँत माझ्ने, नङ काट्ने, हात धुने, सफा लुगा, जुत्ता लगाउने आदि आवश्यक कार्य) गराउने कार्य हुनुपर्ने छ ।<br>● स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरेर नियमित खोप दिने तथा आवश्यक भिटामिन दिने व्यवस्था भएको हुनुपर्ने छ ।<br>● समय समयमा बालबालिकालाई लाग्ने सरुवा रोग सम्बन्धी जानकारी अभिभावकहरूलाई दिइएको हुनुपर्ने छ । | |
| | **धारा पानी र शौचालयको व्यवस्था** | ● प्रत्येक बालबालिकाका लागि पुग्दो सफा, शुद्ध र सुरक्षित पिउने पानी तथा सरसफाईको लागि थप आवश्यक पानीको व्यवस्था गरेको हुनुपर्ने छ ।<br>● तोकिएको मापदण्डअनुसार बालबालिका सुहाउँदो शौचालयको व्यवस्था गरिनुपर्ने छ ।<br>● शौचालय चिप्लो, अध्यारो, थुनिने, डरलाग्दो, अग्लो, लड्ने र खतरापूर्ण, फोहोर, किरा जीवजन्तु लुक्ने किसिमको नभएको हुनुपर्ने ।<br>● शौचालयमा मग, बाल्टिन, पानी र साबुनको व्यवस्था हुनुपर्ने छ ।<br>● शौचालयको प्रयोगपछि मिचिमिची हात धुने कुराको सुनिश्चितता गर्नुपर्ने छ । | साबुनसहितको पर्याप्त चीसो तातो पानी प्राप्त हुने धारा, उपयुक्त शौचालयको व्यवस्था भएको हुनुपर्ने छ । |
| | **पोषण** | ● बालबालिकालाई खुवाउने खाना खाजा स्थानीय स्तरमा उपलब्ध हुने गरी अभिभावक सचेतीकरण गराई सन्तुलित आहार पठाउन प्रेरित गराउनुपर्ने छ ।<br>● बालविकास केन्द्रमा प्रवेश गरेका बालबालिकालाई २ वा २.५ घन्टापछि खाना खाजा खुवाउने व्यवस्था मिलाउनुपर्ने छ ।<br>● कम्तीमा पनि बालविकास केन्द्रमा दिनमा चार पटक बालबालिकालाई पानी पियाउने व्यवस्था गर्नुपर्ने छ । सन्तुलित आहार तालिका निर्माण गरी टाँस गर्ने । | बालबालिकाहरूको पोषण अवस्थाको स्वास्थ्य कार्यकर्ताबाट पाक्षिक रूपमा जाँच गरिएको हुनुपर्ने छ । |
| | सुरक्षा | ● बालविकास केन्द्रभित्र वा बाहिर बालबालिकाको शारीरिक तथा मानसिक हानीनोक्सानी हुनसक्ने कुराहरूबाट (जस्तै : सिसा, किला, काट्ने औजारहरू, विषालु औषधिहरू) टाढा राख्नुपर्ने छ ।<br>● बालविकास केन्द्र आउँदा जाँदा अभिभावकले पुऱ्याउन तथा लैजान प्रोत्साहन गर्ने गरेको हुनुपर्ने छ ।<br>● बालबालिकाहरूलाई आफन्त वा आफन्तको सिफारिस भएको व्यक्तिसँग मात्र घर पठाउने र ल्याउने व्यवस्था भएको हुनुपर्ने छ । | बालविकास केन्द्र परिसरको अवस्था निगरानी गर्ने गरी सिसिटिभिको व्यवस्था भएको हुनुपर्ने छ । |
| केन्द्रमा हुनुपर्ने न्यूनतम | सिकाइ क्षेत्र अनुसारको सामग्रीहरू क. भाषा | स्वाबलम्बनका सीप, बौद्धिक, सामाजिक, संवेगात्मक, भाषिक, शारीरिक विकाससँग सम्बन्धित खेलौनाहरू बालविकास केन्द्रमा हुनुपर्ने छ । बालबालिकाहरूलाई क्रियाकलापमा संलग्न गराउन वास्तविक सामग्रीहरू झल्काउने स–साना निम्न | प्रत्येक कुनामा बालबाालिकाको एक समूह (५ जना) |

| क्षेत्र | उप–क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| सामग्री | ख. गणित<br>ग. अभिनय<br>घ. सृजनात्मक<br>ङ. स्वालम्वन सीप<br>च. विज्ञान<br>छ. निर्माण<br>ज. शारीरिक<br>झ. सञ्चालनका<br>ञ. खेल सामग्री<br>ट. अभिलेख पुस्तिका | खेलौनाहरूको व्यवस्था गरेको हुनुपर्ने छ । यस्ता सामग्रीहरू सिकाइ क्षेत्रअनुसार मिलाएर राखिएको हुनुपर्ने छ । केन्द्रमा हुनुपर्ने न्यूनतम सामग्रीहरू जस्तो :-<br>● पुतली, ब्लक, मान्छे, पशु, घर, चरा, स्वस्थ्य चौकी,<br>● विद्यालय आदिको मोडुल पप्सहरू १।१ सेट ।<br>● घडी १ वटा<br>● मौसम चार्ट १ वटा<br>● बार चार्ट १ वटा<br>● नेम कार्ड २५ वटा<br>● २.५ X ५ इञ्चको विषयवस्तु अनुसार डोमिनो कम्तीमा १२ सेट -शरीर, परिवार, चराचुरुङ्गी, बोटबिरुवा, कीराफटेङ्ग्रा, फूल, भाँडावर्तन, जनावर, लुगाफाटा, बाजागाजा, सागसब्जी, माछा आदि)<br>● निम्न साइजका काठका टुक्रामा तल लेखिएका कुरा समावेश हुनुपर्ने छ ।<br>— ४.५ इञ्च साइजको अक्षर बोर्ड<br>— ६ ह ८ इञ्च फ्ल्यास कार्ड विषयवस्तु अनुसारको<br>— प्रत्येक विषयमा ५ ओटा पजल कम्तिमा १२ पिसको पजल १२ किसिमको विषयवस्तुसँग मिल्दो<br>● भान्छाका सामानहरू (चलनअनुसार प्रयोग हुने भाँडावर्तन, डाडु, पन्यू, चम्चा, गिलास, आदि)<br>कपडाका अन्य सामग्रीहरू<br>● ८ इञ्चको नेपालको झण्डा १ ओटा<br>● ४ रङ्गको कपडाको फित्ता ८ ओटा<br>● हाते रिङ ४ ओटा<br>● कपडाको बिनबाग ४ ओटा (विभिन्न साइजका)<br>● पुतली कम्तिमा २ जोडी<br>● लम्बाइ १६ X २४ इञ्च फलाटिन बोर्ड १ ओटा<br>● २५ ओटा पकेट भएको चार्ट १ सेट<br>● १२ देखि १८ इञ्चसम्मको रबर बल २ ओटा<br>● पपेट १ जोडी<br>● पुतली परिवार १ सेट<br>● झुण्डाउन मिल्ने ३.५X २.५ इञ्चको नाम कार्ड २५ ओटा पुस्तक/पुस्तकाहरू<br>● चित्रकथा किताव – दुई दर्जना<br>● बाल गीतको किताव– १<br>● छनछन आवाज आउने खेलौनाबाजा १ ओटा<br>● विभिन्न आवाजको जोडा मिलाउने वस्तुहरू ४ जोडाको सेट<br>● चेन लाउने जस्ता क्रियाकलाप गराउने मोडल बोर्ड १।१ सेट ।<br>● तराजु, स्केल, माटो, बालुवाजस्ता बच्चाले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गर्ने । | प्रत्येकले प्रयोग गर्न वा खेल्न पुग्ने सामग्री वा एकै प्रकारका सामग्री समूहका (५जना) प्रत्येकलाई पुग्ने गरी<br>● स्थानीय सामग्रीलाई प्रयोग गरी बालबालिकालाई उपयुक्त र आकर्षक हुने किसिमका खेलौना/ सामग्री<br>● बालबालिकाहरूलाई तौल लिने र नाप लिने सामग्रीहरू<br>● विभिन्न स्थानीय बाजागाजाहरू<br>● विभिन्न व्यवसायसँग सम्बन्धित नमूना उपकरण सामग्रीहरू<br>● विभिन्न स्थानीय परिवेश अनुसारका भेषभूषा र गरगहनाका नमूनाहरू |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | • ऐना १ ओटा<br>• स्थानीय ठोस वस्तुहरू, विषयवस्तुअनुसार संकलन गर्ने र सिकाइमा प्रयोग गर्ने ।<br>• स्थानीय स्तरमा खेलौनाको रूपमा प्रयोग गर्न सकिने सामग्रीहरू जस्तै :<br>— बाँसका टुक्राहरू<br>— विभिन्न आकार र प्रकारका ढुङ्गाहरू<br>— मकैको खोया<br>— विभिन्न किसिमका वियाहरू<br>— कपडाका टुक्राहरू<br>— काठका टुक्राहरू<br>— नरिवलको खपडा<br>— लप्सी/रिट्ठाका बियाँ<br>— सल्लाको फल, बाँस, निगालो आदि ।<br>पुस्तक/पुस्तिकाहरू<br>— ३ नम्बरको भर्ना पुस्तिका - १<br>— बैठक पुस्तिका - १<br>— हाजिरी रजिस्टर - १<br>— लेखा पुस्तिका - १<br>— स्वास्थ्य पुस्तिका - १<br>• हरेक बालबालिकाको निम्ति १-१ ओटा व्यक्तिगत फाइल<br>• २४ गेज अर्थात १८X१२ को १ ओटा पूर्वलेखन अभ्यास पुस्तिका प्रत्येक बालबालिकालाई १-१ ओटा<br>• जुत्ता पालिस गर्ने ब्रसहरू, कोट ब्रस<br>• आधुनिक प्रविधिका सामग्रीहरू (उपयोग भइसकेका) | |
| **बाहिरी वातावरण** | **बाहिरी खेलका सामग्रीहरू** | • बालबालिकालाई खेल्न उपयुक्त खेल सामग्रीहरूको व्यवस्था भएको-जस्तैः चिप्लेटी, टायरको टनेल, ढिकिच्याउ, पिङ्, भऱ्याङ, बलहरू, स्किपिङ, जिगस<br>• बाहिरी सिकाइ क्षेत्र, जस्तै बालुवा, पानीको व्यवस्था भएको । | शीतलका लागि चौरमा रूख र राम्रोका लागि फूलबारी बगैंचाको व्यवस्था भएको ।<br><br>चौरलाई बालबालिकालाई चोटपटक नहुने गरी सुरक्षित रूपमा घेराबार गरिएको ।<br><br>स्थानीय सिकाइका लागि अध्ययन, अवलोकन भ्रमण विषयवस्तुमा आधारित भएर सञ्चालन गरिएको । |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| **केन्द्र सञ्चालन व्यवस्थापन समिति** | | • ७ देखि १३ जनाको एक समावेशी व्यवस्थापन समिति गठन गरी केन्द्र सञ्चालन गरिएको हुनुपर्ने । विद्यालय व्यवस्थापन समितिको हकमा उपसमितिको व्यवस्था भएको हुनुपर्ने ।<br>• सो सञ्चालन समितिले नियमित रूपमा केन्द्र सञ्चालन गर्न सहयोग पुऱ्याएको हुनुपर्ने ।<br>• समिति बैठक महिनाको एकपटक अनिवार्य रूपमा सञ्चालन भएको हुनुपर्ने ।<br>• अभिभावकसँग संयुक्त बैठक चौमासिक रूपमा सञ्चालन गरेको हुनुपर्ने ।<br>• बालविकास केन्द्र शनिवार तथा स्थानीय बिदाको दिन बाहेक दिनको ४:३० घण्टा, हप्तामा ६ दिन नियमित सञ्चालन भएको हुनुपर्ने ।<br>• बालबिकास केन्द्रलाई दिगो र गुणात्मक बनाउन तीनवर्षे बालविकास केन्द्र सुधार योजना बनाएको हुनुपर्ने ।<br>• केन्द्रमा अभिभावक शिक्षा कार्यक्रमको व्यवस्थापन भएको हुनुपर्ने । ४ वर्ष पूरा भएको तर ५ वर्ष पुरा नभएका बालबालिकाहरू केन्द्रमा समावेश गरिएको हुनुपर्ने । | केन्द्र व्यवस्थापन समितिले १५ दिनमा एकचोटि केन्द्रको कक्षा सञ्चालन तथा व्यवस्थापनबारे अनुगमन गरेको ।<br><br>हरेक वर्ष केन्द्र सुधार योजना परिमार्जन गरिएको ।<br><br>अभिभावक शिक्षाको प्रभावकारिता केन्द्र व्यवस्थापन समितिले अनुगमन गरेको । |
| **मानवीय स्रोत साधन** | **बाल( शिक्षक/ सहजकर्ताको योग्यता, गुण र व्यवहार, सीप** | • बालशिक्षक/सहजकर्ताको व्यवस्था र कार्य<br>– बालशिक्षक/सहजकर्ता कम्तीमा शिक्षा बिषयमा १२ कक्षा उत्तीर्ण भएको हुनुपर्ने ।<br>– बालविकास शिक्षक नियुक्ति गर्दा स्थानीय तथा सम्बन्धित ठाउँको भाषा बोल्न सक्ने विवाहित सकभर २० देखि ३५ वर्षका महिलालाई प्राथमिकता दिने, प्रारम्भिक बालविकास विषय लिएर कक्षा १२ उत्तीर्ण गरेको उम्मेदवारलाई विशेष प्राथमिकता दिने ।<br>– बालशिक्षकले कम्तीमा ९० घन्टाको आधारभूत व्यवहारिक तालिम प्राप्त गरेको हुनुपर्ने ।<br>– प्रत्येक बालबालिकालाई समानरूपले माया र राम्रो व्यवहार गर्ने ।<br>– प्रत्येक केन्द्रको निम्ति १ जना बालशिक्षकको व्यवस्था गर्ने ।<br>– प्रत्येक बालबालिकाको आवश्यकता अनुरूप सहयोगको लागि तत्पर हुनुपर्ने ।<br>– सहजकर्ताले बालबालिकालाई सुरक्षित महसुस गराउन सक्नुपर्ने ।<br>– बालबालिकालाई मायालु तवरले र नम्र रूपले अन्तर्क्रिया गर्ने ।<br>– सबै प्रकारका बालबालिकाहरूलाई सौहार्दतापूर्वक स्वागत गर्ने र तिनीहरूको आवश्यकता, रुचि र क्षमतालाई ध्यानमा राखी क्रियाकलापमा संलग्न गराउने ।<br>– नियमित रूपमा (कम्तिमा हरेक वर्षमा शैक्षिक सत्र शुरुवात हुनुअघि) अभिभावकलाई अनिवार्य अभिमुखीकरण गरेको हुनुपर्ने ।<br>– आफ्नो कर्तव्यप्रति नियमित हुनुपर्ने ।<br>– सिकाइ कुनाको प्रयोग गर्ने गराउने सीप भएको हुनुपर्ने ।<br>– ICT सम्बन्धी आधारभूत ज्ञान तथा सीप हनुपर्ने ।<br>– आचारसंहिताको पूर्ण पालना गरेको हुनुपर्ने ।<br>– केन्द्रमा आउने वित्तिकै बालबालिकाको स्वास्थ्यको साधारण निरीक्षण गनुपर्ने छ ।<br>– बालबालिकाहरू बढी सक्रिय हुने क्रियाकलापमा जोड दिनुपर्ने छ ।<br>– सहयोगी कार्यकताले क्रियाकलाप सञ्चालनपूर्व त्यसका लागि आवश्यक तयारी गर्नुपर्ने छ ।<br>– बालशिक्षक/सहजकर्ताले आवश्यकताअनुसार पाठ्यक्रमका उद्देश्य मिल्दो सिक्ने वातावरण र क्रियाकलाप गराउनुपर्ने छ । | • बालशिक्षक वा सहजकर्ता सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने ।<br>• सहजकर्ताले आफ्नो ज्ञान सीपका लागि फुर्सदका समय (बालबालिका सुतेको समय) को प्रयोग गर्ने ।<br>• नजिकका सहजकर्ता, स्रोत व्यक्तिहरू समय-समयमा भेला भई आपसी छलफल र अन्तरक्रिया गर्ने ।<br>• एक महिनाको आधारभूत तालिमप्राप्त गरेको हुनुपर्ने ।<br>• सहजकर्ता बालबालिकाको घर जाने र अभिभावकसँग अन्तर्क्रिया गर्ने । |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | — पाठ्यक्रमका उद्देश्य मिल्दो सिक्ने वातावरण र क्रियाकलाप गराउनुपर्ने छ ।<br>— केन्द्र अथवा पूर्वप्राथमिक कक्षामा प्रयोग हुने सामग्रीहरूको उचित प्रयोग, भण्डारण र समय समयमा अध्यावधिक गर्ने व्यवस्था तथा संरक्षण गर्ने कार्य गर्नुपर्ने छ ।<br>— बालबालिकाको लागि सहज हुने गरी उनीहरूको आँखाको सिधा पर्ने गरी उनीहरूको उचाइमा रहेर आकर्षक रूपले अन्तरक्रिया गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।<br>— बालबालिकाका विशेष क्रियाकलापहरूलाई अभिलेख राख्न बालबालिकाका प्रत्येक क्रियाकलापहरूमा अवलोकन गर्नुपर्ने छ ।<br>— समुदायमा प्रचलित कथा, गीत र स्थानीय परिप्रेक्षमा प्राप्त स्रोतहरूसँग बालबालिकालाई परिचित गराउनुपर्ने छ । | |
| | **बालशिक्षक/ सहजकर्ताको काम** | बालशिक्षकले निम्नानुसारका कार्य गर्नुपर्ने छ ।<br>• समुदाय तथा अभिभावकसँग उचित समन्वय गर्नसक्ने हुनुपर्ने,<br>• दैनिक कार्ययोजना तयार गरी सोअनुसार केन्द्र सञ्चालन गर्ने,<br>• बालबालिकालाई आवश्यक पुस्तिका, खेलौना उपलब्ध गराइ प्रयोग गराउने,<br>• स्थानीय सामग्रीको प्रयोग गरी बालबालिकाको सर्वाङ्गीण विकासका लागि सहयोग पुर्‍याउने ।<br>• समय-समयमा अभिभावकलाई केन्द्रमा ल्याई बालबालिकाको सिकाइमा छलफल र अन्तरक्रिया गर्ने गराउने ।<br>• प्रत्येक वर्ष नयाँ बालबालिकाका अभिभावकलाई बालबिकासबारे कम्तीमा एकदिने परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने,<br>• कक्षा एकमा जान तयारी भएका बालबालिकालाई कक्षामा लैजाने र परिचित गराउने,<br>• बालशिक्षक/सहजकर्ताले केन्द्रको बालबालिकालाई त्रैमासिक वा चौमासिक रूपमा विद्यालय भ्रमण गराउने,<br>• घर जानुअघि हरेक बालबालिकाले आफूले दिनभरि के सिकें भनी मूल्याङ्कन गराउने<br>• त्रैमासिक रूपमा बालबालिकाको प्रगति मूल्याङ्कन अभिभावक समक्ष प्रस्तुत गर्ने<br>• केन्द्रको प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार पारी सम्बन्धित निकाय वा अधिकारीसमक्ष पेस गर्ने । | • दैनिक मूल्याङ्कनको अभिलेख राख्ने ।<br>• बालविकास केन्द्रबाट गएका बालबालिकाहरूको पछिल्लो प्रगति अवस्थाको अध्ययन र विश्लेषण गर्ने ।<br>• बालबालिकाहरूका सम्बन्धमा अभिभावकलाई परामर्श दिने |
| | **सहयोगी तथा आयाको व्यवस्था** | • प्र.अ. वा व्यवस्थापन समितिबाट केन्द्रको प्रगति प्रतिवेदन प्रमाणित गराई स्थानीय तहमा पेश गर्नुपर्ने,<br>• सञ्चालित सबै केन्द्रहरूको छुट्टाछुट्टै प्रगति प्रतिवेदनहरूको फाइल खडा गर्नुपर्ने,<br>• बालविकास केन्द्रको केन्द्र विवरण पुस्तिकाको व्यवस्था गर्नुपर्ने ।<br>• हरेक बालबालिकाहरूको व्यक्तिगत विवरण बनाएर सुरक्षित<br>• रूपमा राख्ने ।<br>• बालबालिकाहरूलाई केन्द्रबाट कक्षा एकमा भर्ना हुनुअघि बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको प्रमाणपत्र सहितको बिदाइ कार्यक्रम आयोजना गर्नुपर्ने ।<br>• विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा विद्यालयका सहयोगी वा अलग आयाको व्यवस्था गरेर र समुदायमा सञ्चालित बालविकास केन्द्रमा आयाको व्यवस्था गरी बालबालिकाहरूको खाजा व्यवस्था, सुरक्षा, हेरविचार र आवतजावत तथा अतिरिक्त क्रियाकलाप व्यवस्थापनमा सहयोग गर्ने गराउने । | |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | **अभिभावक र समुदायले गर्ने सहयोग** | • अभिभावकले बालबालिकाका लागि खाजा, रुमाल, ऐना, नङकटर र काइँयोको व्यवस्था गर्ने,<br>• बालविकास केन्द्रमा कम्तीमा वर्षको चारपटक अनिवार्य उपस्थित भई सहजकर्तासँग बालबालिकाको विकास र सिकाइका बारेमा सोधपुछ कुराकानी गर्ने, (सम्भव भए मासिक)<br>• बालबालिकाको रुचि अनुसार व्यवहार गर्ने,<br>• बालविकास केन्द्रको उचित व्यवस्थापन, सुधार तथा विकासमा सहभागी बन्ने,<br>• बालविकास केन्द्रमा गएर बालबालिकाहरूलाई कथा र परम्परागत प्रचलनहरूकासम्बन्धमा रोचक ढङ्गले सुनाउने,<br>• अभिभावकहरूले केन्द्रको लागि आवश्यक सामग्रीको व्यवस्था गर्न सहयोग गर्ने,<br>• केन्द्र व्यवस्थापन समिति गठन गर्ने,<br>• समितिका सदस्यहरूले बालविकास केन्द्र व्यवस्थापनसम्बन्धी तालिम लिएको हुनुपर्ने,<br>• प्रारम्भिक बालविकास व्यवस्थापन समिति आफैले केन्द्र सञ्चालन भएनभएको अनुगमनको जिम्मा लिनुपर्ने,<br>• पूर्वप्राथमिक कक्षाका विद्यालय प्रमुखले प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनसम्बन्धी अभिमुखीकरण तालिम लिएको हुनुपर्ने छ, | • केन्द्रको विभिन्न सिकाइ क्रियाकलापमा समुदायको र अभिभावकको संलग्नता हुनुपर्ने,<br>• बालबालिकालाई उनीहरूको रुचि र क्षमतालाई मध्यनजर राखी घरका कामकाजमा सहभागी बनाउन प्रोत्साहन दिने र वातावरणबाट सिक्ने मौका दिन वातावरणमा घुम्न खेल्न दिने । |
| | **बालबालिकाको उमेर, सङ्ख्या, सिकाइ** | • एक वर्षे बालविकास केन्द्रमा भर्ना हुने बालबालिकाको उमेर ४ वर्ष पूरा भएको हुनुपर्ने,<br>• एउटा केन्द्रमा बढीमा २५ बालबालिका मात्र राखिएको हुनपर्ने,<br>• बालबालिकाहरू एकआपसमा वा समूह-समूहमा खेलेर, कुरा गरेर र मनोरञ्जन गर्दै सिक्दैगरेको हुनुपर्ने,<br>• बालबालिकाले बिभिन्न क्रियाकलाप र खेल आफैंले छानेर सिक्दै गरेको हुनुपर्ने,<br>• सामग्रीहरू खेलिसकेपछि र चलाइसकेपछि ठीक ठाउँमा राख्ने काममा बालबालिका नै संलग्न भएको हुनुपर्ने,<br>• बालबालिकाको विभिन्न रुचि र प्रयासलाई सहयोग गर्नुपर्ने,<br>• बालबालिकाहरूलाई केन्द्रमा साथीहरूबाट सुरक्षित अनुभव गराउने,<br>• केन्द्र खुलेको दिनबाट बच्चाहरूको औसत हाजिरी ७०% हुनुपर्ने । | • प्रतिकेन्द्र २० जनामात्र बालबालिकाहरू रहनुपर्ने, |
| **गुणस्तरीय केन्द्रका लागि आवश्यक वातावरण** | | • बालबालिकाको सङ्ख्या अनुरूप खेलौना र अन्य सिकाइ<br>• सामग्री पर्याप्त उपलब्ध गराएको हुनुपर्ने,<br>• केन्द्रमा अभिभावकका लागि सूचना पाटीको व्यवस्था गरिएको हुनुपर्ने । साथै केन्द्रको लागि अभिभावकबाट आएका सुझाव राख्ने व्यवस्था पनि गरिएको हुनुपर्ने,<br>• केन्द्रमा पाठ्यक्रमअनुसार बालबालिकाहरूको सर्वाङ्गीण विकास र सिकाइ क्रियाकलापलाई सहयोग पुग्ने गरी क्रियाकलापहरूको सञ्चालन गर्नुपर्ने,<br>• वालविकास केन्द्रमा संचालित महत्त्वपूर्ण गतिविधिहरू सूचना पाटीमा टाँस गर्नुपर्ने,<br>• वालवालिकाको प्रतिभालाई प्रदर्शनी वा पुस्तकालयमा व्यवस्थापन गर्नुपर्ने,<br>• ठूला (माथिल्ला कक्षाका) बालबालिकाले आफ्ना भाइ बहिनीलाई खेलौना बनाउने, खेलाउने र सिकाउने वातावरण हुनुपर्ने, | • बालविकास सम्बन्धी जानकार व्यक्तिको व्यवस्था र सो जानकार व्यक्ति र अभिभावकबीच बालविकासका लागि आवश्यकता सम्बन्धी अन्तरक्रिया हुनुपर्ने,<br>• व्यवहारिक विषयवस्तुको सिकाइमा प्रभावकारिता ल्याउन आवश्यकताअनुसा र अभिभावकबाटै सिकाइ क्रियाकलाप संचालन गर्ने वातावरण व्यवस्थापन गर्नुपर्ने । |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | • अभिभावक शिक्षा कार्यक्रमको व्यस्थापन तथा कार्यान्वयन गरी अभिभावक तथा समुदायका व्यक्तिहरूद्वारा केन्द्रको अनुगमन, निरीक्षण र भेटघाट गर्ने मिलाउनु पर्ने,<br>• प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिलाई बालविकास केन्द्र संचालन तथा व्यवस्थापनसम्वन्धी अभिमुखीकरण गरी प्रारम्भिक बालविकास समितिले बालविकास केन्द्रको अनुगमन तथा बालविकासको सम्बन्धमा चासो राखिनुपर्ने,<br>• बालविकासका लागि आवश्यक सहयोगमा समुदायलाई जानकारी र समुदायलाई सहयोग प्राप्त गर्ने वातावरण हुनुपर्ने,<br>• केन्द्र प्रारम्भिक बालविकास केन्द्रको पाठ्यक्रममा तोकिए वमोजिम केन्द्र खुलेको (बार्षिक कम्तीमा २२० दिन खुलेको) हुनुपर्ने । | • बालविकासमा बालबालिकाको स्तर, तथा बालबालिकासम्बन्धी मुद्दा र समस्यासम्बन्धी जानकारी हुनुपर्ने, केन्द्रमा (माथिल्ला कक्षाका) ठूला बालबालिकाहरू साना बालबालिकाको स्याहार, संरक्षण तथा सुरक्षामा संलग्न हुनुपर्ने ।<br>• शिक्षा हेर्ने स्थानीय एकाइ तथा स्थानीय तहका जनप्रतिनिधिहरू समेतबाट समयसमयमा बाल विकास केन्द्रको अनुगमन गर्नुपर्ने । |
| | **निरीक्षक, सुपरिवेक्षक तथा शिक्षा अधिकृतको भूमिका** | • निरीक्षकले प्रत्येक महिनामा आफ्नो क्षेत्रभित्रको बालविकास केन्द्रको निरीक्षण गरी कम्तीमा (निर्धारित सूचक प्रयोग गरी) प्रतिमहिना ४ वटा बालबिकास केन्द्रको सिकाइ र व्यवस्थापनको अनुगमन र सुपरीवेक्षण गरी लिखित रूपमा पृष्ठपोषण दिनुपर्ने ।<br>• स्थानीय तहमा शिक्षा हेर्ने प्रमुखले महिनामा कम्तीमा तीनओटा बालबिकास केन्द्रको (जनप्रतिनिधिसहित) अनुगमन तथा भ्रमण गर्नुपर्ने ।<br>• स्रोत केन्द्र वा स्थानीय तहमा सञ्चालित बालविकास केन्द्रको सम्पूर्ण विवरण र तथ्यांक अध्यावधिक गराई राख्ने । | विज्ञ तथा सुपरिवेक्षकले दूरभाषको माध्यमबाट पनि बेलाबखत विकासात्मक तथा सिकाइ क्रियाकलापमा सहयोग पुऱ्याउनुपर्ने । |
| **प्रशासनिक व्यवस्था** | **शैक्षिक तथा अन्य सामग्रीहरू:** | • केन्द्रको आय-व्ययको अभिलेख, बालबालिका भर्ना भएको, हाजिर भएको र छोडेको रेकर्ड व्यवस्थित हुनुपर्ने,<br>• केन्द्रले विभिन्न निकायबाट प्राप्त अनुदान तथा अन्य सहयोगको अभिलेख राख्ने,<br>• प्रारम्भिक बालविकास केन्द्रको गतिविधिको सामाजिक परीक्षण गरिएको हुनुपर्ने,<br>• बालबालिकालाई आवश्यक मात्रामा समयसमयमा गरिएको स्वास्थ्य परीक्षण, दिइएको खोप तथा अन्य सेवाको विषयमा अभिलेख राखिनुपर्ने,<br>• अपाङ्गता वा अन्य कुनै प्रकारको असहजपन देखिएका बालबालिकाहरूको अभिलेख राख्नुपर्ने,<br>• बालशिक्षक/सहजकर्ता केन्द्रमा उपस्थित भएको दैनिक पुस्तिका, आगन्तुक अभिलेख र निरीक्षण तथा सुपरीवेक्षण पुस्तिकासमेत केन्द्रमा रहनुपर्ने,<br>• प्रारम्भिक बालविकाससम्बन्धी जानकारी प्राथमिक विद्यालय नजिकैको स्थानीय तहको शिक्षा शाखा (जिल्ला शिक्षा कार्यालय) र स्रोतव्यक्तिलाई दिनुपर्ने,<br>• केन्द्रमा खपत हुने र नहुने सामग्रीहरूको उपलब्धता सम्बन्धमा स्पष्ट अभिलेख राख्नुपर्ने ।<br>केन्द्रमा हुनुपर्ने खपत नहुने सामग्रीहरू (उदाहरणका लागि)<br>सहजकर्ता पाठ्यक्रम–१, दराज–१, गुन्द्री आवश्यकता अनुसार, बाल्टिन –१,<br>गिलास –३, मग–२, जग–१, नेलकटर–५, कैंची–१०,<br>पंचिङ्ग मेसिन–१, स्टापलर–१, स्केल –२, ऐना–१, ब्ल्याकवोड –१, टिन बाकस, बालबालिकाका लागि क्रियाकलाप रेकर्ड फाईल-२५, कम्प्युटर, प्रिन्टर | • केन्द्रमा उपलब्ध सामग्री तथा सहयोगको विवरण केन्द्र परिशरमा सबैले देख्ने गरी टाँस गरिएको हुनुपर्ने |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | खपत हुने सामग्रीहरू जस्तै :<br>● कार्वन पेपर १ जिस्ता ,<br>● प्लेन पेपर ५ जिस्ता, साइन पेन ५ रङ्गका, रजिष्टरहरू<br>● (हाजिरी, मिटिङ माइनुट, जिन्सी, हिसाब किताब,<br>● फाइल), बच्चाको व्यक्तिगत फाइल, नाम कार्ड,<br>● कपडाको पकेट चार्ट, पि.टि. खेलाउने डोरी, फोटोकपी कागज | ● बालविकास केन्द्रको वर्गीकरण हुने |
| | **अभिलेख** | ● बालविकास केन्द्रको रेकर्ड, रजिष्टरलाई दुरुस्त राखी आवश्यक परेकाबेला सम्बन्धित व्यक्तिलाई प्रस्तुत गर्न सकिने व्यवस्था भएको हुनुपर्ने छ ।<br>● केन्द्रमा प्राप्त सहयोग र केन्द्रमा खर्च हुने विवरणको अभिलेख सबैले देख्ने गरी राख्ने व्यवस्था मिलाएको हुनुपर्ने छ ।<br>● पाठ्यक्रम र स्रोत पुस्तिका प्रयोग गरी केन्द्रको दैनिक कार्यतालिका सञ्चालन गर्नुपर्ने छ ।<br>● हरेक बालबालिकाहरूको व्यक्तिगत फायल स्थापना गरी उनीहरूको विकास प्रक्रिया र सिकाइ प्रगतिको अभिलेख राख्ने, व्यवस्था मिलाउनुपर्ने छ ।<br>● केन्द्रमा भर्ना गर्दा नेपाली बालबालिकाहरूका हकमा जन्म दर्ता प्रमाणपत्र लिई फाइलिङ गर्ने, र अन्य विदेशी बालबालिका भएमा कुनै जन्म प्रमाण लिई भर्ना गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।<br>● केन्द्रको हिसाब किताब दुरुस्त राखिएको हुनुपर्ने छ ।<br>● बैठकको निर्णय लेखिएको रजिष्टर हिफाजतसाथ राखिएको हुनुपर्ने छ ।<br>● विभिन्न संघसस्थासंग लेखापढी गरिएको फाइल दुरुस्त राख्नुपर्ने छ ।<br>● केन्द्र सञ्चालन अनुमति स्वीकृति सबैले देख्ने गरी राख्नुपर्ने छ । | |

*स्रोत : शिक्षा विभाग, शिक्षा मन्त्रालय (२०७५)*

## अनुसूची २ : प्रारम्भिक बाल उमेर समूहमा दिइनुपर्ने खोपहरू

शिशुहरू १५ महिनाको उमेर पुग्दासम्म जम्मा ११ ओटा रोगहरू (क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस बि, हेमोफिलस इन्फ्लूएन्जा बी, पोलियो, दादुरा, रुबेला, न्यूमोकोकस र जापानिज इन्सेफलाइटिस्) बाट बच्न निम्न खोपहरू लगाउनुपर्दछ ।

| क्र.स | खोप | खोप दिने उमेर समूह | रोगबाट बच्न |
|---|---|---|---|
| १ | बि.सि.जि | जन्मने बित्तिकै | क्षयरोगबाट बच्न |
| २ | रोटा | ६ हप्ता र १० हप्तामा | रोटा भाइरसबाट हुने झाडा पखालाबाट बच्न |
| ३ | पोलियो | ६ हप्ता, १० हप्ता र १४ हप्तामा | पोलियो रोगबाट बच्न |
| ४ | एफ.आई.पि.भि | ६ हप्ता र १४ हप्तामा | पोलियो रोगबाट बच्न |
| ५ | पि.सि.भि | ६ हप्ता, १० हप्ता र ९ महिनामा | निमोनियाबाट बच्न |
| ६ | डि.पि.टी | ६ हप्ता, १० हप्ता र १४ हप्ता | भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकारबाट बच्न |
| ७ | हेप.बि - हिब | ६ हप्ता, १० हप्ता र १४ हप्ता | हेपाटाइटिस बिबाट बच्न |
| ८ | दादुरा- रुबेला | ९ महिनामा र १५ महिनामा | दादुरा- रुबेलाबाट बच्न |
| ९ | जापानिज इन्सेफलाइटिस | १२ महिनामा | जापानिज इन्सेफलाइटिसबाट बच्न |
| १० | टि.डि | गर्भावस्थामा २ पटक दिने | धनुष्टंकारबाट बच्न |
| ११ | इन्फ्लुएन्जा - पेन्टा | ६ हप्ता, १० हप्ता र ९ महिना | न्यूमोनिया र रुघाखोकीबाट बच्न |

*स्रोत : युनिसेफ, २०७५*

परिच्छेद
८
# सन्दर्भ सामग्रीहरूको सूची

Ball, J. (2010). *Enhancing learning of children from diverse language backgrounds: Mother tongue-based bilingual or multilingual education in early childhood and early primary school years.* Victoria, Canada: Early Childhood Development Intercultural Partnerships, University of Victoria.

Barnett, W. S., & Nores, M. (2012). Investing in Early Childhood Education: A Global Perspective. *National Institute for Early Education Research.* ERIC.

Brotherson, S. (2009). *Understanding Brain Development in Young Children.* Bright Beginnings, NDSU Extension Service, North Dokata State University.

Bruner Jerome, Cole Michael Smith, Karmilooff- Annette. (2001). *The infant's World.* USA: McGraw Hill.

Catherine Holland, (ND). What's the difference between a nursery school and preschool?) *(https://www.noodle.com/questions/quKA3/whats-the-difference-between-a-nursery-school-and-preschool.*

Center on the Developing Child, Harvard University. (ND). *Five numbers to remember about early childhood development.* Available at http://developingchild.harvard.edu/resources/.

Dekaban, A., S. (1978). *Changes in brain weights during the span of human life: relation of brain weights to body heights and body weights.* Annals of Neurology, 4(4): 345-56.

Department of Education and Skills. (2011). *Literacy and numeracy for learning and life: The National Strategy to Improve Literacy and Numeracy among Children and Young People.* Dublin: Author.

Evan, J.L., Myers, R.G. & Ilfeld, E.M. (2000). *Early childhood counts: A programming guide on early childhood care for development.* Washington D.C.: The Worls Bank.

GoN (2015). *The Constitution of Nepal (September 2015).* Kathmandu: Government of Nepal. Available at: http://www.mofa.gov.np/the-constitution-of-nepal.

GoN (2016). *Eighth Amendment to the Education Act (1971).* June 2016. Kathmandu: Government of Nepal.

Green, E.L. (2014). Early literacy. Pearson Allyn Bacon: Prentice Hall.

Heckman, J. (2000). *Four Big Benefits of Investing in Early Childhood Development.* Available at www.heckmanequation.org.

HMGN (1999). *Local Self-Governance Act, 2055 (1999)*. An Act Made to Provide for Local Self- Governance. Kathmandu: His Majesty's Government of Nepal.

Hurlock, E. B. (1978). *Child growth and development.* New Delhi: Tata McGraw-Hill Publishing Company Ld.

Jukes, M. (2007). *Early childhood health, nutrition and education.* Background paper for EFA Monitoring Report. Paris: UNESCO.

MoE (2016). *School Sector Development Plan, Nepal, 2016–2023.* Kathmandu: Ministry of Education, Government of Nepal.

Myers, R.G. (1990). *Programming for early child development and health: The value of combining nutritional and psycho-social intervening and some ways to do it.*

*(UNESCO/UNICEF Co-operative programme, Digest No.30.)* Paris: UNESCO and UNICEF

Myers, R.G. (1992). *The twelve who survive. Strengthening programmes of early childhood development in the third world.* New York: Routledge.

NPC (2016). *Fourteenth Development Plan, Government of Nepal. (Three Year Plan 2016–19).* Kathmandu: National Planning Commission.

Pandey, A. (2012). *Language building blocks: Essential linguists for early childhood educators.* New York: Teachers College Press.

Papalia, D.E., Olds, S.W. & Feldman, R.D. (2006). *A child's world infancy through adolescence*. Boston: McGraw Hill.

Samaras, A. P. (2002). *Self-study for teacher educators: Crafting a pedagogy for educational change.* New York, NY: Peter Lang Publishing.

Shrestha, K., Bajracharya, H. R. & Aryal, P.N., (2008). *Early childhood policy review in Nepal.* UNESCO, Nepal

Taguma, M., Litjens, I., & Makowiecki, K. (2012). *Quality Matters in Early Childhood Education and Care: Finland.* OECD Publishing. 2, rue Andre Pascal, F-75775 Paris Cedex 16, France.

The consultative group on Early Childhood Care and Development (2013). *The importance of early childhood development to education. Prepared for the global meeting of the thematic consultation on education Post -2015 Development Agenda.* Dakar, March 18-19, 2013.

UNESCO. (2008). Early Childhood Policy Review in Nepal. Kathmandu: Author.

United Nations. (1989). *United Nations convention on the rights of the child.* New York: Author.

Winter, P. (2010). *Engaging families in the early childhood development story. A national project conducted on behalf of Ministerial Council for Education, Early Childhood Development and Youth Affairs.* Australia: Education Services Australia.

Young, M. (2002). *Early childhood development to human development: An investment for the future.* New York: World Bank.

युनिसेफ, (२०७५) । *अभिभावक शिक्षा सहजकर्ताको लागि सन्दर्भ* सामग्री (शिक्षा विभाग, युनिसेफ नेपाल र सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको सहकार्यमा तयार गरिएको) : ललितपुर : युनिसेफ नेपाल ।

युनिसेफ, (२०१६) । *उन्नत मस्तिष्कको निर्माण: प्रारम्भिक बालविकाका नयाँ आयामहरू* । ललितपुर : युनिसेफ नेपाल ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (२०७४) । *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* । काठमाण्डौं । *Available at www.lawcommission.gov.np.*

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (२०७५) । *स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकासका लागि योजना तर्जुमा कार्यशाला स्रोत सामग्री* । काठमाण्डौं: संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ), नेपाल र सेतो गुराँस राष्ट्रिय बाल विकास सेवा, ललितपुर ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (२०७४) । *स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४* । काठमाडौं : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

सङ्घीय संसद सचिवालय । (२०७५) । *अनिवार्य तथा निशुल्क शिक्षाकोसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५* । काठमाडौः सङ्घीय संसद सचिवालय ।

शिक्षा विभाग, शिक्षा मन्त्रालय, (२०७५) । *प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, (प्रथम संशोधन, २०७५)* । सानोठिमी, भक्तपुरः शिक्षा विभाग ।

संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ, नेपाल)
फोनः ९७७-०१- ५५२३२००
इमेलः kathmandu@unicef.org

प्रारम्भिक बालविकास समाज नेपाल
फोनः ०१ - ५५३९८८२
इमेलः aecdn4@gmail.com
वेभसाइटः www.aecd-n.org